साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क १ ✪ ९ माघ २०८०, मङ्गलबार ✪ 23 Jan., 2024, Tuesday ✪ मूल्य रू. १०।-

## नेक्रामसङ्घको मुखपत्र 'केटीहरू' बुलेटिन सार्वजनिकीकरण

काभ्रे । नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिको मुखपत्र 'केटीहरू' बुलेटिन अङ्क १६ को सार्वजनिकीकरण नेपाल मजदुर किसान पार्टीका सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले माघ ५ गते पनौतीमा गर्नुभयो ।

कार्यक्रममा सांसद सुवालले भन्नुभयो, "दलमाथि प्रतिबन्ध लागेको निर्दलीय पञ्चायती कालमा कामदारवर्गका महिलालाई राजनीतिकरूपले शिक्षित, सचेत र सङ्गठित बनाउन 'केटीहरू' प्रकाशन गरिएको हो । 'केटीहरू' को यो प्रकाशन कामदार वर्गका महिलाहरूबिच परिचित भइसकेको छ ।"

नेपालको छिमेकी मित्र देश चीनको नीति कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नरहेको स्पष्ट पार्दै सांसद सुवालले भन्नुभयो, "चीनसँग नेपालको सीमा विवाद नेकाका प्रम बीपी कोइरालाकै पालामा समाधान गरिएको हो । नेपालमा चीनको सेना तैनाथी पनि छैन । भारतले नेपालको भूमि इलामको पशुपति नगरदेखि सप्तरीको तिलाठी र लालापट्टि, नवलपरासीको सुस्ता, कञ्चनपुरदेखि दार्चुलासम्म मिचेको छ । नेपाली भूमि कालापानीमा भारतीय सेना तैनाथ गरिएको ७२ वर्ष भयो । नेपाल र भारतबिचको सीमा नक्सा नेपालको भूमि भारतमा पर्ने गरी बनाइयो । यसकारण चीन र भारतको चेपुवामा परेको भन्नु गलत हो । केही समयअघि भारतले अमेरिकासमेतलाई आयोजक बनाई हिन्द-प्रशान्त क्षेत्रका सैन्य अधिकारीहरूको बैठक राख्यो । भारतको विशाखापटनम्मा अमेरिकी सेना तैनाथ छ ।"

नेपाल अहिले भारतीय एकाधिकार पुँजीअन्तर्गत राखेको र भारतले नेपाललाई पारवहन अधिकार नदिएकोमा उहाँले विरोध गर्नुभयो ।

सांसद सुवालले भन्नुभयो, "राजनीतिक नेता र कार्यकर्ता जनताको आँखाको नानीजस्तै हुन् । शासक दलहरूले कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, मुगु कर्णाली, तिला-१, तिला-२, फुकोट कर्णालीलगायत नदीनाला र जलविद्युत् भारतलाई दिए । ती दलका कार्यकर्ताहरू आफ्ना नेताहरूले नेपालको हितविपरीत भारतसँग सन्धि-सम्झौता गरेको र भारतीय नेतासँग शिर ठाडो गरी नेपालको हितमा कुरा गर्न नसकेको भनी विरोध गर्छन् र पनि त्यही नेताहरूकै नेतृत्वमा पार्टीमा बस्छन् । यो ठीक होइन ।"

बाँकी पृष्ठ १२ मा

# पुँजीवादी सत्तामा भाग लिनु गरिब जनताको अहितमा शोषकवर्गको प्रतिनिधिहरूसँग लिएको 'घुस' हो

### नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा पार्टीको धारणाबारे केन्द्रित रहेर पार्टी अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** सँग 'श्रमिक' साप्ताहिकका प्रतिनिधिले लिएको अन्तर्वार्ता

## अन्तर्वार्ता

**● अध्यक्षज्यू, नेपाल मजदुर किसान पार्टी स्थापनाको ५० वर्षमा प्रवेश गऱ्यो । यस महत्त्वपूर्ण अवसरमा पार्टी कार्यकर्ता, समर्थक, शुभचिन्तक, सहयोगी तथा मित्रहरूलाई के सन्देश दिनुहुन्छ ?**

नेपाल मजदुर किसान पार्टीका सम्पूर्ण कार्यकर्ता, समर्थक, शुभचिन्तक, सहयोगी र मित्रहरूलाई नेमकिपाको स्थापनाका ५० औँ वर्षको अवसरमा साथीहरूले हाम्रो पार्टीका सबै आन्दोलन, सङ्घर्ष, सैद्धान्तिक र राजनैतिक सङ्घर्षहरूमा साथ दिनुभएको छ हाम्रो सफलता र उपलब्धिहरूलाई हाम्रै देश र जनताको सुख दुःख र गौरवको रूपमा लिन अनुरोध गर्दछु । त्यसको निम्ति सबैलाई धन्यवाद दिन चाहन्छु ।

५० वर्षको सङ्घर्षको अनुभवबाट हासिल गरेका समाजको आमूल परिवर्तनको निम्ति आगामी वर्गसङ्घर्ष, राजनैतिक र सैद्धान्तिक सङ्घर्षको निम्ति सदा तयार रहन पनि सल्लाह दिन चाहन्छु ।

अबका हाम्रा सङ्घर्षहरू पिपलपाते र छद्मवेशी क्रान्तिकारीहरूसँग हुने निश्चय छ ।

**● नेमकिपाको सङ्घर्षको पाँच दशकको मूल्याङ्कन कसरी गर्नुहुन्छ ? नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाको योगदानलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

नेमकिपाको पाँच दशकको सङ्घर्षको अनुभवमा समाजको आमूल परिवर्तनको पुँजीवादी सत्तामा गएर भाग खाने र कामदार जनताको हितभन्दा शोषकवर्गको हितलाई प्राथमिकता दिने दृष्टिकोण र व्यवहार पुरै पुँजीवादी हुँदा त्यसकै विरोधमा सैद्धान्तिक र व्यावहारिक सङ्घर्ष गर्नु आवश्यक छ । पुँजीवादी सत्तामा भाग लिनु गरिब जनताको अहितमा शोषकवर्गको प्रतिनिधिहरूसँग लिएको 'घुस' हो ।



नारायणमान बिजुक्छेँ, नेमकिपा अध्यक्ष

यही पाँच दशकमा एमाले 'भाइ काङ्ग्रेस' र माओवादी 'भारतीय ट्रोजन हर्स' मा पतन भए । नेपालको कम्युनिस्ट आन्दोलनले ठुलो ठुलो क्षति व्यहोर्दै छ र दुर्घटनामा पर्दै छ ।

**● के नेमकिपा एक्लैले नेपाली कम्युनिस्ट आन्दोलन जोगाउन सम्भव होला ?**

कम्युनिस्ट र कम्युनिस्ट पार्टीको नाममा विभिन्न छद्मवेशीहरूले पुँजीवादी सत्तासँग गरेका सबै प्रकारको पद, पैसा र भ्रष्टाचार तथा विदेशी पुँजीको हितमा विदेशमा युवाहरू पठाउने काम कारबाहीबारे नेमकिपाले आलोचना र विरोध गर्दै आएको सर्वविदितै छ । यसैलाई भनिन्छ- छालको विरोधमा सङ्घर्ष गर्नु नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाको यस क्षेत्रमा पनि देखिने एक योगदान हो ।

सत्तामा पनि सामेल हुने, अर्कोतिर पछ्तो पनि गर्ने तथा छोड्न पनि नसक्ने जस्ता लोलोपोतो सारमा पुँजीवादी सत्ताको विरोध नभई सहयोगको उपाय हुनेछ, नेमकिपा त्यस्ता नीतिको विरोधमा छ ।

नेपालको कम्युनिस्ट आन्दोलन आकाशमा काला बादलहरूले घेरिएको रातको अँध्यारोमा छामछाम छुमछुम गर्दै छ । नेमकिपा त्यस्तो अप्ठ्यारो परिस्थितिमा परिणामको विचारै नगरी भीरमा भौतारिनुभन्दा आफ्नो शक्तिलाई जोगाउँदै, जनताको निःस्वार्थरूपले सेवा गर्दै, अब चाँडै पूर्वबाट आउने रातो घामको प्रतिक्षा गर्दै छ । भोक लाग्यो भन्दैमा जसले जे दिए पनि खाने खोटपूर्ण कार्य हो तथा विष खाएर भोक मेटाउने उपाय ठूलो विराम हुनेछ ।

**● नेमकिपालाई पनि देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूले माथि उठ्नसमेत नदिने हेतुले निरन्तर षड्यन्त्र चालु राख्दै छन् । नेमकिपालाई दबाउन कम्युनिस्ट नामधारी पार्टीहरूले गर्न केही बाँकी राखेनन् । किन यस्तो भयो ? यहाँको विश्लेषण के छ ?**

सच्चा कम्युनिस्टहरूले हाम्रो किन विरोध गर्छन् ? साथै 'रातो झन्डाको विरोध गर्न रातो झन्डा उठाउनेहरू' ले हाम्रो विरोध गर्दा को के हो भन्ने प्रस्ट हुन्छ । नेमकिपा देशी र विदेशी प्रतिक्रियावादी षड्यन्त्रबाट जोगिनैपर्छ । कोही कराउँदैमा राम्रो र नराम्रो छुट्टिँदैन बरु तिनीहरूको कामले को के हो भन्ने छुट्टिन्छ !

**● तत्कालीन पुष्पलाल समूहमा सैद्धान्तिक सङ्घर्ष गर्दाका दिनलाई आज ५० वर्षपछि कसरी सम्झनुहुन्छ ? पुष्पलालले किन यहाँको विचारमा समर्थन जनाउनुभएन ? उहाँको बुझाइ तथा विश्लेषणमा समस्या थियो या उहाँका सल्लाहकारहरूमा ?**

हाम्रो विचारको सकारात्मकतामा पुष्पलालजीको ध्यान गएको भए तथा समर्थन जनाएको भए पनि उहाँका सल्लाहकारहरू उहाँसँग रहने थिएनन् । उहाँका सल्लाहकारहरू एकएक गरेर अरू पार्टीमा लाग्दै गएबाट स्थिति प्रस्ट हुन्छ ।

**● यहाँले अलग्गै पार्टी स्थापना गर्नुभएपछि पुष्पलालसँगको छलफल, भेटघाट या मित्रता कस्तो रह्यो ? के उहाँले पछि यहाँको विचारमा सहमति जनाउनुभयो ? नेपाल कम्युनिस्ट पार्टीका एक संस्थापक नेताको नाताले नेमकिपाको स्थापनाले नेपाली कम्युनिस्ट आन्दोलन विसर्जन हुनबाट जोगिने आशा पुष्पलालले गर्नुभएको केही सङ्केत पाउनुभयो ?**

हामी बनारसबाट छुट्टिसकेपछि पुष्पलालजीले आफू एक्लो अनुभव गर्नु स्वाभाविक छ । तर, त्यो परिस्थितिमा उहाँले हाम्रो स्थितिमा पुग्नुभन्दा झन्झन् पर पर हुने वातावरण तयार भइसकेको थियो । 'सङ्गतको गुण त्यही' भन्ने नेपाली उखान चरितार्थ भयो ।

**● यहाँले दस्ताबेजकै रूपमा 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन' र 'रूसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन' पुष्पलाल समूहमा पेस गर्नुभयो । यहाँको सैद्धान्तिक मतभेदलाई तत्कालीन मुख्य मुख्य नेताहरूले कसरी लिए ? के व्यापक छलफल गर्न माने ? यहाँलाई धम्की, दबाब या कुनै प्रस्ताव आयो कि ?**

ती प्रस्तावहरूलाई गम्भीरतापूर्वक अध्ययन गर्ने र छलफल गर्ने तिनीहरूको कुनै इच्छा त के चासो पनि थिएन । बैठक हात हालाहालको स्थितिमा पुगेपछि मैले प्रस्ट गरेँ- हामी कुनै पनि परिस्थितिमा प्रस्ताव फिर्ता लिने पक्षमा छैनौँ र त्यसको निम्ति बनारसका ठुलठुला नालीको विषयमा मलाई थाहा छ ।

पुष्पलालजी लाचार देखिनुहुन्थ्यो, न बैठक स्थगित गर्नसक्नुभयो, न त बैठकलाई सम्हाल्न सक्नुभयो । म बैठक छोड्ने पक्षमा थिइनँ ।

**● नेमकिपा स्थापना गरिसकेपछि कस्तो प्रतिक्रिया पाउनुभयो ?**

पुष्पलाल गम्भीर मुद्रामा दरभङ्गा आउनुभयो र आफू पनि भक्तपुर आउने बताउनुभयो । उहाँलाई भक्तपुरमा बचाउन सकिने परिस्थिति थिएन । २०४५ सालको काण्डले पनि प्रस्ट गऱ्यो ।

बाँकी पृष्ठ १२ मा

## २६ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा जनचेतनामूलक शैक्षिक प्रदर्शनी

भक्तपुर । वि.सं. १९९० माघ २ गते गएको भूकम्पको सम्झनामा माघ २ गते देशभर विभिन्न कार्यक्रम आयोजना गरी २६ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइयो । 'स्थानीय स्रोत र प्रविधिसमेत प्रयोग गरौँ, भूकम्प थेग्ने संरचना बनाऔँ' भन्ने मूल नारासहित सो दिवस मनाइएको हो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २६ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा स्थानीय दत्तात्रयमा भएको जनचेतनामूलक शैक्षिक प्रदर्शनीको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले सरकारले संरचना निर्माणमा भूकम्पीय क्षति कम हुने मापदण्ड पालना गर्नु गराउनु जरुरी रहेको बताउनुभयो । उहाँले देशभरि नै नयाँ पुस्ताका डकर्मी सिकर्मीहरूलाई भूकम्पीय जोखिम कम गर्ने प्रविधिबारे तालिम दिनु आवश्यक रहेकोमा जोड दिनुभयो ।

उहाँले भूगर्भ के कस्तो छ भन्ने अध्ययन नगरी जतातत्तै निजी प्लटिङ गर्नु गलत भन्दै काठमाडौँ उपत्यका विकास प्राधिकरणको नाम 'निजी प्लटिङ विकास प्राधिकरण' राख्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरको चित्रकला सङ्ग्रहालय रहेको सिंहध्वाका दरबार मल्लकालीन शैलीमा अविलम्ब जीर्णोद्धार गर्नुपर्ने बताउँदै काठमाडौँ उपत्यकामा जनघनत्व बढी भएको चिन्ता व्यक्त गर्नुभयो सरकारले गत वर्षमात्रै २,३१८ जना चिकित्सकलाई 'असल चरित्र प्रमाणपत्र' दिएर वैदेशिक रोजगारीमा पठाएको हुँदा नेपालीहरू विनाउपचार मर्ने दिन आउने हो कि भनी उहाँले आशङ्का गर्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भूकम्प निर्मित संरचनाले क्षति पुग्ने हुँदा बलियो र भूकम्प प्रतिरोधी निर्माणमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले प्रत्येक वर्ष भूकम्प सुरक्षा दिवसको अवसरमा जनचेतनामूलक प्रदर्शनी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको बताउँदै उहाँले ऐतिहासिक एवम् पुरातात्त्विक सम्पदा पुनःनिर्माणमा भूकम्प प्रतिरोधी निर्माण शैली सीप र सामग्री प्रयोग गर्दै सम्पदा संरक्षण गर्दै आएको बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

## पार्टीको विचार जनतामाझ पुऱ्याउनु असल कार्यकर्ताको कर्तव्य

भक्तपुर । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिको आयोजनामा बिहीबार कार्यकर्तामाझ नेपाल मजदुर किसान पार्टीको ३५ औँ केन्द्रीय परिषद्को सन्देश कार्यक्रम भनपा ९ मा भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले पुँजीवादी सरकारले देश र जनताको हितविपरीत विदेशी दलाल र भारतीय एकाधिकार पुँजीको पक्षमा कार्य गरिरहेको हुँदा नेपाली जनताले दुःख पाइरहेको बताउनुभयो ।

उहाँले कार्यकर्ताहरूलाई निर्देशन दिँदै भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीको केन्द्रीय परिषद्ले गरेको निर्णय, प्रस्ताव र प्रतिवेदनअनुसार कार्य गर्न जनतासामु सन्देश पुऱ्याउनुपर्दछ ।" नेमकिपाको ५० औँ पार्टी स्थापना दिवसमा विभिन्न प्रशिक्षणात्मक कार्यक्रम गरी जनतालाई सचेत गर्नु आवश्यक रहेको उल्लेख गर्दै उहाँले सामाजिक परिवर्तन वा समाजवादी क्रान्तिको लागि अनुशासित, बफादार र कर्तव्यनिष्ठ भएर कार्य गर्नु जरुरी छ भन्नुभयो ।


उहाँले भन्नुभयो, "खोटा विचारको खण्डन, नेपाल-भारत सम्बन्ध र भारत, विश्व प्रसिद्ध मजदुर आन्दोलनहरू तथा समाजवाद र सान्दर्भिक विषयवस्तुलगायतका पुस्तक अध्ययन गरी व्यापक जनतालाई शिक्षित गर्नु आवश्यक छ । कम्युनिस्ट पार्टीको घोषणापत्र अध्ययन गरी कम्युनिस्ट सिद्धान्तबारे कामदार जनतालाई शिक्षित गर्नु आवश्यक छ ।"

"पार्टीको विचार जनतामाझ पुऱ्याउने प्रत्येक असल कार्यकर्ताको कर्तव्य हो, जनताको सेवामा लाग्नु आवश्यक छ । राम्रो काम गरे नगरेको जनताले दूरबिनसरि हेरिरहेका हुन्छन्," सचिव सुवालले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका सदस्य रजनी जोशीले भन्नुभयो, "व्यापक कामदार जनताको सेवाको लागि बढीभन्दा बढी पूर्णकालीन कार्यकर्ता बनेर पार्टीको काममा लाग्नु जरुरी छ, पार्टीसँग जीवित सम्पर्कमा रहेर राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनुपर्छ । आफ्नो व्यक्तिगत जीवनबारे पनि पार्टीमा जानकारी दिनुपर्छ, पार्टीभित्र प्रतिक्रियावादीहरू घुस्न सक्नेबारे सचेत हुनुपर्छ ।"

नेमकिपा भक्तपुर नगर समितिका पुरुषोत्तम तमखुले नेपाल-भारतबिचको खुला सीमा बन्द गरी नियमन गर्नुपर्ने, ख्वप विश्वविद्यालयको विधेयक अविलम्ब

बाँकी पृष्ठ १२ मा



*स्वतन्त्रतालाई कसरी सम्वर्द्धन गर्ने भनी थाहा नभए पनि मानिस स्वतन्त्रता चाहन्छ । त्यही चाहनाले मानिसहरूलाई गति प्रदान गर्छ र जहाँ स्वतन्त्रता छैन त्यहाँ विद्रोह गर्छ, होइन भने त्यहाँबाट भाग्छ ।*

*होसे जुलियन मार्टि, (क्युवाली स्वाधीनताका नायक)*

## सम्पादकीय

# नेमकिपाको स्थापनाको ५० वर्ष 'श्रमिक' साप्ताहिकको ३१ वर्ष

नेपाल मजदुर किसान पार्टी आफ्नो स्थापना कालभन्दा अगाडि र पछाडि पनि कामदार वर्गको पक्षमा समर्पित थियो ।

मजदुर किसान कार्यकर्ताहरू परिवर्तनवादी विचारले प्रभावित जनवर्गीय सङ्गठनको तर्फबाट सञ्चालित रात्रि कक्षाहरूबाट हुर्कंदै आजका नेमकिपाका कार्यकर्ताहरू एक मार्क्सवादी विचारबाट प्रभावित हुँदै गए ।

देशमा भूमि सुधार नभएसम्म देशको बहुमत किसान जनताको जीवनस्तर अगाडि बढ्ने छैन र बहुमत जनताको जीवनस्तर नउठेसम्म वास्तवमा देशको विकास मानिने छैन । त्यसकारण रात्री विद्यालयका ती किसान युवाहरू विस्तारै मोहियानी हक सुरक्षाको निम्ति भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलनमा सक्रिय रहे ।

कर्मचारीहरूसँग मिलेर स्थानीय सामन्त र जग्गाधनीहरूले आफ्नो जग्गा आफैंले जोतेको झूटा कुरा गरी मोही (जोताहा) लाई मोहियानी हकबाट वञ्चित गर्न जालसाजी गर्थे ।

युवा किसान कार्यकर्ताहरू जोताहा किसानको पक्षमा खेत खेतमा गएर बाली काटी जोताहाको घरमा पुऱ्याउन चाहन्थे, तर प्रहरी प्रशासनसँग मिलेकाहरूले धनीको पक्ष लिन खोज्दा किसान कार्यकर्ता प्रहरीसँग राम्रो वार्ता गरी चित्त बुझाएर बाली किसानको घरमा पुऱ्याई दिन्थे ।

तर, कहिलेकाहीँ प्रहरी धनीको पक्षमा गई भूमि सुधारको ऐनविपरीत गई किसानमाथि हातपात गर्न खोज्दा किसान कार्यकर्ताले प्रहरीहरूलाई सम्झाउँथे कि प्रहरीहरू पनि गरिब किसानहरूकै छोराछोरी हुन्, यसकारण प्रहरीहरू किसानको विपक्षमा गए जिल्ला र गाउँमा धनीहरूले प्रहरीकै आमाबाबुलाई दुर्व्यवहार गर्नेछन् यसकारण, गरिब किसान सबै एक हुनुपर्छ ।

यसरी भक्तपुरका किसान कार्यकर्ताहरू जमिनदार र सामन्तहरूसँग सङ्घर्ष गर्दा घाइते हुन्थे, पक्राउ पर्थे र जेल जान्थे । कहिलेकाहीँ भक्तपुरका किसानहरूलाई पिटेका प्रहरीका आमाबाबुलाई जिल्लाका शोषकहरूले हातपात गरेको हल्ला आउँदा प्रहरीहरू सचेत हुन्थे ।

पक्राउ परेका कार्यकर्ताहरूलाई धनीको खेतमा लुटपाट गर्न आएको भनी पक्राउ गरेको हुन्थ्यो । अदालतमा मुद्दा पर्दा जोताहाले 'मेरो सहयोगमा आउनुभएको किसान कार्यकर्ता हुनुहुन्छ, लुटपाट गर्न आएको होइन' भनी बयान दिँदा न्यायाधीशले किसान कार्यकर्तालाई जेलबाट छुटकारा दिन्थे ।

यसकारण, जोताहा निस्सा भएमा धनीले त्यस्तो मुद्दा लगाउन सक्दैन । यसरी गरिब जोताहा किसानहरू बाली काट्ने आन्दोलन र भर्पाई आन्दोलनले जग्गा निष्कासनबाट जोगिए । नत्र धेरै गरिब किसान जग्गाबाट निकालिन्थे र खान नपाई मर्ने सम्भावना धेरै हुन्थ्यो । यसकारण सबै ठाउँ र जिल्लामा नेमकिपाका किसान कार्यकर्ताहरूले जोताहा किसानको पक्षमा सङ्घर्ष गर्थे ।

किसान जनताको हितको निम्ति 'धर्म भकारी' भन्दै हरेक जोताहा र खेतमा धनीसँग पनि केही 'बचत कोष' को निम्ति कम्युनले बन्दोबस्त गरेको थियो । त्यही 'बचत कोष' पछि सहकारी संस्था बनाइयो । हरेक साल गरिब किसान र जग्गाधनीले पनि सस्तोमा ऋण लिई खेती गर्न सहकारी संस्थाको बन्दोबस्त गरेको थियो । तर, ती सहकारीका नाइकेहरूले किसानहरूलाई सहकारीको हिसाब नदेखाउँदा त्यस्ता भ्रष्टाचारी संस्थाका नाइकेहरूलाई कही कहीँ उल्टो टोपी लगाई, कतै कतै जुत्ताको माला लगाई गाउँ र नगर घुमाउँथे । यसरी नेमकिपाका किसान कार्यकर्ताहरू पछि पछि भ्रष्टाचारविरोधी कार्यकर्ता बने, जेलनेल भोगे । यसरी नेमकिपाका कार्यकर्ताहरू सुरूदेखि नै जनताको हितमा सङ्घर्षमा लागेका थिए ।

देश र जनतामा समर्पित विचार प्रधान 'श्रमिक' साप्ताहिक ३१ औं वर्षमा प्रवेश गरेको छ । सिद्धान्त र विचार बोकेको यस पत्रिकाले एक आदर्श समाज निर्माण गर्न जनतालाई सुसूचित पार्दै छ । पत्रिकाको निरन्तर प्रकाशनमा साथ र सहयोग गर्ने सबैमा साधुवाद !

# नेपाल मजदुर किसान पार्टी स्थापनाको ५० वर्ष

✍ प्रज्ज्वल

### पार्टी स्थापनाको आधार

२००६ सालमा नेता पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी स्थापना भयो । नेपालको कम्युनिस्ट आन्दोलनलाई जगैबाट उठाउन २००७ सालदेखि २०१३ सालसम्म नेपालको बारा, पर्सा, रौतहट, सिराहा, सप्तरीमा किसान आन्दोलनहरू भए । २०१७ सालमा निर्दलीय पञ्चायती व्यवस्था लादिएपछि नेपालका राजनीतिक दलहरूमाथि पनि प्रतिबन्ध लाग्यो ।

राजनीतिक दल एक दर्शन र वर्ग आधारमा स्थापना हुन्छ । पुष्पलालले नेपाली काङ्ग्रेसलाई विदेशी (भारतीय) पुँजीको सेवा गर्ने पार्टी बताउनुभएको हो । तत्कालीन नेपाल कम्युनिस्ट पार्टीभित्र किसान र मजदुर आन्दोलन, पञ्चायती निर्वाचनको क्रान्तिकारी उपयोग, अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजी एवम् विस्तारवादको विरोध, रुसी संशोधनवादको विरोधलगायत विषयमा मतभेद भयो ।

नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटा विचारहरूको खण्डन जरुरी भयो । भारत प्रवासमा नेता नारायणमान बिजुक्छेँमाथि गोली प्रहार भयो । नेपालको कम्युनिस्ट आन्दोलनलाई संशोधनवाद र अवसरवादबाट जोगाउन २०३१ साल माघ १० गते नारायणमान बिजुक्छेँ (रोहित) को नेतृत्वमा नेपाल मजदुर किसान पार्टी स्थापना भयो । जनमत सङ्ग्रहको घोषणालगत्तै अध्यक्ष बिजुक्छेँ नेपाल फर्कनुभयो । निरङ्कुश पञ्चायती व्यवस्थाले २०४५ सालमा अध्यक्ष बिजुक्छेँलगायत पार्टीका ६७ जना नेता कार्यकर्तालाई झूटा ज्यान मुद्दामा फसायो । "भक्तपुर काण्ड" ले कुख्यात त्यो घटना नेपाल मजदुर किसान पार्टीलाई समाप्त पार्ने पञ्चायती सरकारको राज्यस्तरको षड्यन्त्र थियो । 'भक्तपुर काण्ड' को बीउमा २०४६ सालको जनआन्दोलन भयो र पञ्चायती षडयन्त्र चकनाचूर भयो ।

### पार्टीको लक्ष्य र मार्गनिर्देशक सिद्धान्त

पार्टीको तत्कालीन लक्ष्य जनताको प्रजातन्त्र र दीर्घकालीन लक्ष्य समाजवाद हुँदै साम्यवाद हो भने मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा हो । जनताको प्रजातन्त्रमा मजदुर, किसान, प्रगतिशील बुद्धिजीवी र देशभक्त उद्योगी र व्यापारीको सरकार हुनेछ ।

कामदार वर्गको सरकार, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसारको ज्याला, शोषण गर्न नपाउने व्यवस्था समाजवाद हो । यो व्यवस्थामा शिक्षा-स्वास्थ्य नि:शुल्क, व्यक्तित्व विकासमा समान अवसर, स्वदेशमा रोजगारी हुनेछ ।

समाजवादको सुरुमा पुँजीवादका विकृतिहरू देखिनेछन् । तिनलाई चरणबद्धरूपमा हटाइनेछ । समाजवाद सबैको हित हेर्ने व्यवस्था हो । पुँजीवाद मुठ्ठीभरका व्यक्तिको हित हेर्ने व्यवस्था हो । नेपालमा अहिले बहुदलीय प्रजातन्त्र र गणतन्त्र भनिए पनि पुँजीवादी प्रजातन्त्र हुन् । अहिलेका शासक दलहरूको नाम फरक छ, काम एउटै गरिबहरूलाई शोषण गर्ने हो ।

वर्गविहीन, राज्यविहीन, शोषणरहित र पूर्णरूपले बुद्धिजीवीकरण भएको समाज साम्यवादी समाज हो । यसमा शारीरिक श्रम र बौद्धिक श्रमबिचको भेद तथा किसान र मजदुरबिचको भेद हट्नेछ । मानिसको सांस्कृतिक स्तर उँचो हुनेछ । यस्तो समाज स्थापना गर्न एक ऐतिहासिक युग लाग्नेछ ।

पुँजीवादको उत्थान, विकास र पतनको नियम मार्क्सवाद हो । मार्क्सवादले समाजवाद र साम्यवादको समाजवादको अपरिहार्यताबारे व्याख्या गर्छ । रुसको तत्कालीन परिस्थितिमा मार्क्सवादको सिर्जनात्मक प्रयोग नै लेनिनवाद हो भने चिनियाँ परिस्थितिमा मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक प्रयोग माओत्सेतुङ विचारधारा हो ।

नेपाल मजदुर किसान पार्टीले आफ्नो सिद्धान्तअनुसार मजदुर, किसान, युवा, विद्यार्थी, कर्मचारी, शिक्षक, प्राध्यापक, बुद्धिजीवी सबैलाई राजनैतिकरूपले शिक्षित र सङ्गठित गर्दै छ । अध्यक्ष बिजुक्छेँले क्रान्तिको भित्री शक्ति जनतालाई राजनीतिकरूपले शिक्षित गर्न जोड दिनुभएको छ । भित्री शक्ति तयार नभएको सङ्घर्ष बलिदानमा टुङ्गिनेछ । माओवादीहरूले जनतालाई राजनीतिकरूपले शिक्षित नगरेको हुँदा तिनीहरूको आन्दोलन अराजकतावादमा टुङ्गिएको हो ।

पुँजीपति वर्गले राजामहाराजा र सामन्तहरूको विरोधमा हतियार उठाएका थिए । नेपालको सन्दर्भमा पृथ्वीनारायण शाहले मल्ल राजाहरूको विरोधमा बन्दुक उठाएका थिए भने शाह वंशको विरोधमा राणाहरूले बन्दुक उठाएका थिए । २००७ सालको राणाविरोधी सङ्घर्ष पनि सशस्त्र नै थियो । २०१७ सालमा निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना पनि बन्दुककै भरमा गरिएको थियो । अर्थात बन्दुक वा हतियार उठाउनेहरू सबै कम्युनिस्ट हुँदैनन् । तत्कालीन माले र हालको एमालेको झापा विद्रोह पनि व्यक्ति हत्यामा टुङ्गिएको थियो । बन्दुक उठाएर गृहयुद्ध गरेको नेपालका माओवादीलाई पनि यही आँखाले हेर्नुपर्ने हुन्छ ।

भुटानलाई जस्तै नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि, नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती, नेपाललाई सिक्किमजस्तै बनाउने नागरिकता ऐन, वर्तमान र भविष्यको अमेरिकी कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता खारेजीको आवाज नउठाउनेहरू कम्युनिस्ट हुने छैनन् । कोशी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, मुगु कर्णाली, तिला १, तिला २, सेती १ लगायत नदीनाला र जनविद्युत् भारतलाई दिएकाहरू पनि कम्युनिस्ट होइनन् । नेपाली भूमि कालापानीबाट भारतीय सेना फिर्ता नपठाउने, निर्वाचन ऐनमा ३ प्रतिशतको असंवैधानिक एवम् अप्रजातान्त्रिक प्रावधान राख्ने, युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्म युद्धको विरोध नगर्ने राजनीतिक दलहरू पनि कम्युनिस्ट होइनन् ।

सोभियत सङ्घमा स्तालिनको देहान्तपछि नेतृत्वमा आएको खुश्चेभले सन् १९५६ मा वर्गसङ्घर्ष आवश्यक नभएको र निर्वाचनमा बहुमत प्राप्त गरी शान्तिपूर्ण ढङ्गले समाजवाद हुँदै साम्यवादमा पुग्ने संशोधनवादी विचार अगाडि सारे । सोभियत नेतृत्वले सार्वभौम र स्वतन्त्र देश अफगानिस्तानमाथि आक्रमण गऱ्यो । संसारका मार्क्सवादी-लेनिनवादी कम्युनिस्ट पार्टीहरूले त्यसको विरोध गरे । नेपालका केही कम्युनिस्ट नेताहरूले रुसी संशोधनवादको समर्थन गरे । सन् १९९१ मा रुसमा पुँजीवाद पुन: स्थापना भयो । देश १५ टुक्रामा विभाजित भयो । अहिले पुँजीवादी व्यवस्थाका रुसी जनता सोभियत सङ्घको समाजवादी व्यवस्थाका भन्दा धेरै दु:ख पीडामा छन् ।

यूरोप र संरा अमेरिकालगायत पुँजीवादी देशहरूले २-३ सय वर्षमा हासिल गरेको विकास समाजवादी देशहरू सोभियत सङ्घ, चीन, क्युवा, प्रजग कोरियाले ३०-४० वर्षमा प्राप्त गरेका छन् । यसरी समाजवाद र साम्यवाद नै मानवजातिको हितमा भएको पुष्टि हुन्छ ।

### भारतीय विस्तारवादविरुद्ध सङ्घर्ष

सुगौली सन्धि (सन् १८१६ मार्च ४) अगाडि नेपालको क्षेत्र पूर्व टिस्टा र पश्चिम किल्ला काँगडासम्म फैलिएको थियो । यो सन्धिअनुसार महाकाली नदीको पश्चिम मात्र भारतको भूमि पर्दछ । अर्थात् कालापानी, लिपुलेक, लिम्पियाधुरा नेपाली भूमिमा हो । महाकालीको उद्गमस्थल लिम्पियाधुरा हो । सन् १८५७ को भारतीय नक्सामा लिम्पियाधुरा नेपालको भूमि पर्दछ र त्यहाँबाट महाकाली नदी सुरु भएको उल्लेख छ ।


भारतले कालापानीमा काली मन्दिर बनायो र त्यहीँको सानो खोल्सालाई महाकाली नदीको उद्गम दाबी गऱ्यो । भारतले सन् २०१९ नोभेम्बर १ मा नेपालको भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर भारतीय नक्सा जारी गऱ्यो । कोभिड-१९ महामारीको लकडाउनको बेला भारतीय रक्षामन्त्री राजनाथ सिंहले सन् २०२० मे ८ का दिन नेपालको भूमि गुन्जी हुँदै लिपुलेकको सडक उद्घाटन गरे । भारतीय प्रम मोदीले सन् २०२१ डिसेम्बर ३० का दिन नेपाली भूमिको लिपुलेक सडक पक्की र फराकिलो बनाउने घोषणा गरे भने सन् २०२३ अक्टोबर १२ का दिन नेपालको भूमि गुन्जीमा प्रवेश गरे । नेपालको भूमि लिम्पियाधुरा, गुन्जी र लिपुलेकमा भारतीय हस्तक्षेप भारतीय प्रम मोदीको युद्धको घोषणा हो । नेपाल मजदुर किसान पार्टीले मोदीको त्यो हस्तक्षेपको विरोध गरेको छ ।

सन् १९६० मा नेकाका प्रम वीपी कोइरालाको पालामै नेपाल र चीनबिचको सीमा विवाद समाधान भएको हो । आफ्नै नेता वीपीले सल्टाएको चीनसँगको सीमाबारे पाँचौंपटक प्रम भएका नेकाका देउवाले प्रश्न उठाएर भारतीय विस्तारवादलाई खुशी पारे । एक वर्षअघि काठमाडौंमा नेका, एमाले र माओवादी केन्द्रबिच सिद्धान्तहीन सत्ता गठबन्धनमार्फत सिंहदरबार कब्जा गर्न तँछाडमछाड नै भयो । त्यही बेला भारतले दार्चुलामा महाकाली नदी मिचेर तटबन्ध उठायो । नेमकिपाले सो तटबन्ध अबिलम्ब भत्काउनुपर्ने आवाज बुलन्द गऱ्यो । तटबन्ध निर्माणको विरोध गरेको एमालेले पुस १० गते भारतीय प्रस्तावअनुसार नै माओवादीका प्रचण्डलाई प्रम बनायो ।

सुगौली सन्धिपछि नेपाली युवालाई गोर्खा भर्तीमा भर्ना गराई बेलायती साम्राज्यवादले पहिलो र दोस्रो विश्वयुद्धमा लडायो, मरायो । स्वतन्त्र भारतले बेलायती साम्राज्यवादसँग मिलेर सन् १९४७ नोभेम्बर ९ मा नेपाललाई त्रिदेशी गोर्खा भर्ती सम्झौतामा हस्ताक्षर गरायो । भारतले पनि नेपाली युवालाई सीमा युद्धमा लडायो मरायो । बेलायती साम्राज्यवादले सन् १९४९ अप्रिल ९ मा सिङ्गापुर प्रहरीमा पनि गोर्खा भर्ती सुरु गरायो । बेलायती साम्राज्यवादबाट 'स्वतन्त्र' भएको भारतले सुगौली सन्धीअनुसार कब्जा गरेको नेपालको भूमि फिर्ता गरेन भने गोर्खा भर्तीलाई चालु नै राख्यो । अहिलेका सरकारहरूले नेपाली युवाहरूलाई गैरकानुनी रूपमा संरा अमेरिकी, इजरायली, युक्रेनी, फ्रान्सेली, जापानी, रुसी सेनामा भर्ना गर्न पठाएको सार्वजनिक भयो ।

*बाँकी पृष्ठ ११ मा*

# माओवादी ट्रोजन हर्स नै भएको पुन: पुष्टि




शुक्र

दक्षिण एशियामा भारतीय राजदूतावासहरूले कूटनीतिकभन्दा यस क्षेत्रमा आफ्नो प्रभाव बढाउन व्यस्त छन् । गएको पुस १९ गते नेपाल-भारत परराष्ट्रमन्त्री स्तरीय संयुक्त आयोगको सातौं बैठक काठमाडौंमा भयो । बैठकमा भारतको नेपालस्थित राजदूतावासबाट २० करोड रुपियाँसम्मका योजनाहरू नेपालमा सरकारको अनुमतिबिना सञ्चालन हुने सम्झौता गरियो ।

नेपाली काङ्ग्रेसले सो सम्झौतालाई दुई देशबिचको विशिष्ट सम्बन्ध (युनिक रिलेसन) मा थप बल पुगेको उल्लेख गऱ्यो । यसले शासक दल नेपाली काङ्ग्रेस भारतीय राजदूतावासको एक अङ्गको भूमिकामा देखियो । २०४६ सालपछिको ३४ वर्षमा २५ वर्षभन्दा बढी सरकारमा सहभागी पार्टी भारतीय राजदूतावासको गोटी किन हुँदै छ ? यो प्रश्न उठिरहेको छ ।

भारतविरुद्ध सुरुङ युद्धको 'उद्घोष' गरेको माओवादी पार्टीका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले यस्तो सम्झौता गरेको हुँदा माओवादी भारतीय ट्रोजन हर्स नै भएको पुन: पुष्टि भयो । भारतीय राजदूतावासमार्फत सोझै ३ करोड रुपियाँसम्मको योजना सञ्चालन गर्न लगाउने सम्झौता २०६० सालमा सूर्यबहादुर थापा नेतृत्वको सरकारले गरेको हो । त्यसपछिका प्रम बाबुराम भट्टराईले ५ करोड पुऱ्याएका थिए । अहिले दाहालले २० करोड रुपियाँ पुऱ्याए । यो भारतीय विस्तारवादको नेपालमा पकड जमेको हो ।

२०६० सालयता भारतीय राजदूतावासले नेपालमा ५३५ ओटा योजना सञ्चालन गऱ्यो । सम्पन्न भएका ५९ ओटा योजनामा ११ अर्ब ५५ करोड खर्च भएको राजदूतावासले जनायो । यसले राजदूतावासको समानान्तर अर्थतन्त्रसँगै समानान्तर शासन पनि चल्ने खतरा छ ।

एक बुद्धिजीवीले केही वर्ष अगाडि नै अन्तर्वार्ताको क्रममा भारतीय दूतावासको सिदा नखाने एउटा मात्र पार्टी नेपाल मजदुर किसान पार्टी हो भनेका थिए ।

राजाको प्रत्यक्ष शासनकालमा सुरु गरेको यो देशघाती कामलाई एमाले, माओवादी, एकीकृत समाजवादी, राप्रपा, मधेशवादीलगायत शासक दलहरूले साथ र सहयोग गरे । हरेक सरकारले यसलाई नवीकरण गरिरहेको हुँदा शासक दलहरू 'गाँसेगुँसे एकैनासे' सावित भएका छन् ।

# राष्ट्रियसभाको औचित्यमाथि गम्भीर प्रश्न

✍ विवेक

**विद्यमान संविधान र कानुनअनुसार संसदीय निर्वाचनमा पराजित उम्मेदवार राष्ट्रियसभामा उम्मेदवार बन्नै नपाइने भने छैन । तर राजनीतिमा नैतिकता महत्त्वपूर्ण हुने गर्छ । जनताबाट उठेका प्रश्नहरूबारे शासक दलहरूले गम्भीर भएर सोच्नु जरुरी छ । प्रत्यक्ष निर्वाचनमा पराजित व्यक्ति के एक कार्यकालसम्म पनि चुनाव नलडी बस्न सक्दैन ? अर्को चुनाव लडेर जित्न पनि त सकिन्छ । धेरै नेताहरू पटक पटकको हार पछि जितेका थुप्रै उदाहरणहरू छन् ।**

राष्ट्रियसभाको एक तिहाइ अर्थात् १९ जना रिक्त हुने पदको लागि आगामी माघ ११ गते निर्वाचन हुँदै छ । संविधानअनुसार प्रदेश सभा सदस्य, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख निर्वाचनमा मतदाता रहनेछन् । प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक सहित ८ जना गरी निर्वाचित छपन्न जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक महिलासहित तीन जना गरी राष्ट्रियसभामा कूल ५९ जना सदस्य रहने व्यवस्था छ । राष्ट्रपतिबाट मनोनित एक जना पनि रिक्त हुँदै छ । यसरी २० जना राष्ट्रियसभा सदस्य नयाँ निर्वाचित हुँदै छन् ।

निर्वाचनमा जान नचाहने वा कुनै पार्टीमा नलागेका बौद्धिक व्यक्तित्वहरूलाई सम्मानपूर्वक व्यवस्थापनको लागि राष्ट्रियसभाको व्यवस्था गरिएको हो । बुद्धिजीवीहरू सबै पार्टीमा लाग्छन् भन्ने होइन । उनीहरू स्वतन्त्ररूपले आफ्नो बुद्धि र विवेकले देशको सेवा गरिरहेका पनि हुन्छन् । त्यस्ता चिन्तनशील व्यक्तित्वहरूको बौद्धिक अभ्यास गर्ने थलोको रूपमा राष्ट्रियसभाको कल्पना गरिएको हो । तर त्यो सोचअनुसारको काम शासक दलहरूबाट भइरहेको छैन ।

राष्ट्रियसभा निर्वाचनमा भागबन्डा गरी शासक दलहरूले उम्मेद्वारी दिएका छन् । दलहरूबिच नयाँ कुनै गठबन्धनमा हेरफेर नभएमा १९ वटै सिटमा गठबन्धनका उम्मेदवारहरूको जित निश्चित छ । प्रतिनिधिसभामा दोस्रो ठूलो दल र स्थानीय तहमा पनि प्रभावशाली उपस्थिति भएको एमालेलाई आगामी राष्ट्रियसभा निर्वाचनमा शून्य हात पर्नेछ । त्यसैले एमालेका नेताहरू आतिएका छन् । राष्ट्रियसभामा केही सिट हात पार्न एमालेका नेताहरूले नेका र माओवादी नेताहरूको घर घरमा गएर एक्लै र तीन दलका नेताहरू अलग अलग भेटघाट गरे । त्यसको पहल केपी ओली स्वयंले गरे तर त्यो सफल हुने सम्भावना नदेखेपछि एमालेले एक्लै उम्मेदवारी दिएको छ । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई एमाले नेताहरूले हतियार बनाउन खोजे । राष्ट्रिय सहमतिको कुरा उठाएर राष्ट्रियसभामा ६ सिट माग गरेको समाचार पनि सार्वजनिक भयो । माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड ३ सिटसम्म दिन तयार भएको तर एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले ठाडै अस्वीकार गरेको कारण सहमति हुन नसकेको बताइयो । अहिलेसम्मको अवस्था हेर्दा नेका-१०, माओवादी-६, एकीकृत समाजवादी-२, जसपा-१ र राष्ट्रपतिबाट मनोनित राजमो-१ गरी सम्पूर्ण सिट सत्ता पक्षको कब्जामा जाने देखिन्छ ।

नेका र माओवादीहरू एमालेसित सशङ्कित पनि देखिन्छन् । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गर्न सघाउने प्रतिबद्धता गरेर संसदीय समितिहरूमा ३ वटा सभापति लिएर पनि एमालेले सहयोग नगरेको आरोप सत्ता पक्षको छ । अहिले पनि राष्ट्रियसभाको सदस्यमा एमालेलाई भागबन्डामा सहभागी गराइए त्यस्तै हुने त होइन भन्ने आशङ्का सत्ता गठबन्धनको छ । तर माओवादी अध्यक्ष प्रचण्ड भने एमालेकै कारण आफू प्रधानमन्त्री बन्न पाएको र सङ्क्रमणकालीन न्याय माओवादीसँग बढी सम्बन्धित भएकोले एमालेलाई सहमतिमा ल्याउनुपर्ने पक्षमा देखिन्छन् । एमाले चिढिएमा विधेयक पारित नहोला भन्ने चिन्ता पनि उनीसँग नहुने कुरो भएन ।

राष्ट्रियसभा निर्वाचन नजिकिएसँगै एकातिर दलहरूको भागबन्डामा निर्वाचनबारे जनताले असन्तोष व्यक्त गरिरहेका छन् भने अर्कोतिर संसदीय निर्वाचनमा पराजित उम्मेदवारहरूलाई नै गठबन्धन दलहरूको तर्फबाट साझा उम्मेदवार बनाइएकोप्रति पनि प्रश्न उठाएका छन् । संसदीय निर्वाचनमा पराजित उम्मेदवारहरू सो कार्यकाल भर सोही क्षेत्रको उपनिर्वाचनमा बाहेक प्रदेश र स्थानीय तहमा समेत उम्मेदवार बन्न नपाउनेबारे चर्चा चलिरहेको बेला राष्ट्रियसभा जस्तो गरिमामय पदमा त्यस्तालाई उम्मेदवार बनाउँदा नैतिक प्रश्न उठ्नु स्वाभाविकै हो । उम्मेदवारले भन्दा पनि यस्ता विषय राजनैतिक दलहरूले सोच्नुपर्ने हो । कृष्णप्रसाद सिटौला २०७९ सालको संसदीय निर्वाचनमा राप्रपा अध्यक्ष राजेन्द्र लिङदेनबाट पराजित व्यक्ति हुन् । त्यसरी प्रत्यक्ष चुनावमा जनताबाट अस्वीकृत व्यक्तिलाई राष्ट्रियसभामा नेतृत्व सुम्पिँदा नैतिकताको कस्तो नजिर बन्छ ? सोचनीय विषय छ ।

विद्यमान संविधान र कानुनअनुसार संसदीय निर्वाचनमा पराजित उम्मेदवार राष्ट्रियसभामा उम्मेदवार बन्नै नपाइने भने छैन । तर राजनीतिमा नैतिकता महत्त्वपूर्ण हुने गर्छ । जनताबाट उठेका प्रश्नहरूबारे शासक दलहरूले गम्भीर भएर सोच्नु जरुरी छ । प्रत्यक्ष निर्वाचनमा पराजित व्यक्ति के एक कार्यकालसम्म पनि चुनाव नलडी बस्न सक्दैन ? अर्को चुनाव लडेर जित्न पनि त सकिन्छ । धेरै नेताहरू पटक पटकको हार पछि जितेका थुप्रै उदाहरणहरू छन् ।

नेकाका नेता कृष्णप्रसाद सिटौलाले गएको कार्यकालमा माओवादीले नन्दबहादुर पुनलाई उपराष्ट्रपति पदमा उम्मेदवार बनाउँदा त्यो कुनै पनि दृष्टिले नमिल्ने भनी आलोचना गरेका थिए । अहिले त्यही प्रश्न सिटौलातिरै फर्किएको छ । नेकाले राष्ट्रियसभाको अध्यक्ष बनाउने भनेर उनको उम्मेदवारी दिएको बताएको छ । हार्ने जति सबै राष्ट्रियसभाको सदस्य बनाउँदै लाने हो भने राष्ट्रियसभाको औचित्यमाथि गम्भीर प्रश्न उठ्ने निश्चित छ । यसअघि नै संसदीय निर्वाचनमा पराजित नारायणकाजी श्रेष्ठ, बामदेव गौतमलगायत राष्ट्रियसभाको सदस्य निर्वाचित भइसकेका छन् । पहिले नै भागबन्डामा उम्मेदवार उठाउने, पार्टीका हारेका नेताहरूलाई राष्ट्रियसभामा व्यवस्थापन गर्दै जाने हो भने करोडौं र अर्बौं खर्च गरेर निर्वाचनको नाटक किन गर्ने ? निर्वाचनविना नै शासक दलहरूले प्रतिनिधिसभा र राष्ट्रियसभामा प्रतिनिधित्वको व्यवस्था गरे कसो होला ?

प्रतिनिधिसभाबाट कुनै विधेयक वा प्रस्ताव गलत ढङ्गले पारित भएर गएको खण्डमा रोक्नको लागि वा प्रतिनिधिसभामा पुन:विचारको लागि फर्काउन राष्ट्रियसभा गठन गरिएको हो अर्थात् त्यहाँ परिपक्व व्यक्तित्वहरू रहने विश्वास गरिन्छ । विगतको अभ्यासलाई हेरेको खण्डमा राजाको समयमा प्रतिनिधिसभाबाट नागरिकता विधेयक पारित गरेर पठाइएकोमा राष्ट्रियसभाले फर्काएको थियो । पछि राजाले सर्वोच्च अदालतको राय लिएपछि अदालतले तत्कालीन संविधानसँग बाझिएको राय दिएको कारण नागरिकता विधेयक पारित हुन सकेको थिएन । गणतन्त्र स्थापनापछि त्यसलाई शासक दलहरूले सजिलै पारित गरेर भारतको इच्छा पूरा गरे ।

राष्ट्रियसभामा बौद्धिक व्यक्तित्वहरू पठाउन सकेमा त्यसको गरिमा बढ्छ । विगतमा हृषिकेश साह काठमाडौंमा उम्मेदवार हुँदा उनले ५/६ सय मात्रै मत पाए । उनी संयुक्त राष्ट्र सङ्घमा महासचिवका लागि प्रस्तावित व्यक्ति थिए । उनको व्यक्तित्व अन्तर्राष्ट्रियस्तरको थियो । तर, निर्वाचनमा जनताले मानिसको विद्वतालाई भन्दा पार्टीको उम्मेदवारलाई नै भोट दिए । दलीय व्यवस्थामा दलको उम्मेदवारलाई मत दिनुलाई अन्यथा भन्न पनि मिल्दैन । नानीमाया दाहालजस्तालाई ७४/७५ हजार मत दिने काठमाडौंका जनताले शाहको व्यक्तित्वलाई चिन्न नसक्नु भन्ने आश्चर्यको विषय हो ।

अहिले निर्वाचन प्रणालीमै संशोधन गर्नुपर्ने पनि आवाज उठ्न थालेको छ । प्रतिनिधिसभामा अहिलेकै निर्वाचन प्रणालीमा कुनै पनि दलले बहुमत पाउनु प्राय: असम्भव जस्तै छ । सरकार गठन गर्न विभिन्न दलहरूबिच गठबन्धन गर्नुपर्ने बाध्यता छ । गठबन्धनमा सहभागी दलहरूले आ-आफ्नो मागहरू राख्ने र त्यो पूरा गर्न खोज्दा सरकार र दलहरूकै बदनाम भइरहका छन् । सरकारले काम गर्नुभन्दा गठबन्धन दलहरूलाई चित्त बुझाउन नै समय खर्च गरिरहेको देखिन्छ । २०६४ सालमा माओवादीले २४० सिटमध्ये १२१ सिट जितेको थियो । प्रत्यक्षतर्फ बहुमत भए तापनि समानुपातिक निर्वाचनको कारण ६०१ जनाको संविधानसभामा बहुमत भएन र नौ महिनापछि रुक्माङ्गत कटुवालको काण्डमा प्रचण्डले राजीनामा दिनुपर्‍यो । त्यसपछि माओवादीको आरालो लाग्ने क्रम सुरु भयो । आजसम्म त्यो क्रम जारी छ । यसर्थ देशमा ५ वर्षको लागि स्थायित्व दिने सरकार बनाउनेतिर सोच्ने हो भने निर्वाचन प्रणालीमा सुधार गरी प्रत्यक्षतर्फबाट मात्रै प्रतिनिधिसभाको गठन गर्नेबारे सोच्ने कि ?

राष्ट्रियसभाका सदस्य प्रधानमन्त्री बन्नबाहेक प्रतिनिधिसभाका सदस्यले पाउने सबै पदमा पुग्न सक्छन् । देशका उपप्रधानमन्त्रीसम्म बन्न संविधानले नै अधिकार दिएको छ । एमाले सरकारको समयमा बामदेव गौतम राष्ट्रियसभा सदस्य बन्नुअघि संविधान संशोधन गरेर भए पनि राष्ट्रियसभा सदस्य पनि प्रधानमन्त्री बन्न पाउने प्रस्ताव गरिएको थियो । चर्को आलोचना पछि एमाले संविधान संशोधनबाट पछि हट्यो । एक जना व्यक्तिलाई प्रधानमन्त्री बनाउन संविधान संशोधन गर्न पनि शासक दलहरू पछि पर्दैनन् भन्ने त्यो एक उदाहरण हो ।

प्रतिनिधिसभाले गर्ने उही काम गर्नका लागि मात्रै भए राष्ट्रियसभाको आवश्यकता नै पर्दैनथ्यो । राष्ट्रियसभा सम्मानित सभा हो त्यहाँको सदस्य पनि सम्मान योग्य हुनुपर्छ । गणतन्त्रपछिको दुईवटा निर्वाचनपछि निर्वाचित राष्ट्रियसभा सदस्यहरूले त्यसको औचित्य पुष्टि गर्न सकेनन् ।

पुँजीवादी निर्वाचन शासक दलहरूका प्रतिनिधि फेर्ने औपचारिकता मात्रै हुने, उनीहरू जसलाई चाहन्छन् त्यसलाई जिताउने र जनतालाई भोट हाल्ने प्रजातान्त्रिक अधिकार दिएको जस्तो देखाउने एक नाटक मात्र हुने गर्छ भन्ने कुरा आगामी माघ ११ गते हुने निर्वाचनले फेरि एक पटक पुष्टि गर्नेछ ।

# क्युवाको कृषि - २

✍ रामरतन चौधरी

क्युवाली क्रान्तिपछिको तीनदशक क्युवाली सरकारले कृषिको तीव्र यान्त्रिकीकरणलाई जोड दियो । जसको कारण क्युवामा मानव श्रमको उपयोग घटेर बेरोजगारीको समस्या बढ्यो । ग्रामीण क्षेत्रमा बाली थन्क्याउने बेलाबाहेक अरू महिना रोजगारी खोज्दै हुलका हुल मानिस सहर पस्न थाले । सन् १९५६ सम्म ५६ प्रतिशत मानिस गाउँमा बस्थे भने सन् १९८९ सम्ममा २८ प्रतिशतमात्र गाउँमा बस्ने भए ।

सन् १९८९ पछि क्युवामा आएको सङ्कटको कारण तेल आयातमा ५३ प्रतिशत र खाद्यान्न आयातमा ५० प्रतिशत कमी आयो । कृषि मल र औषधी आपूर्तिमा पनि ७० प्रतिशत कमी आयो । क्युवाली जनताको प्रतिव्यक्ति क्यालोरी सन् १९८० को भन्दा ७० प्रतिशतले कम भयो । यस समयमा क्युवाको व्यापारघाटा ८ अर्ब पुग्यो । सन् १९८९ देखि १९९३ सम्ममा क्युवाको राष्ट्रिय उत्पादन करिब १९ अर्ब डलरबाट १० अर्ब डलरमा झर्‍यो । देशभरि खाद्यान्न सङ्कट सुरु भयो ।

अमेरिकाले नाकाबन्दी लगाएपछि क्युवाले सोभियत सङ्घ आबद्ध देशहरूको समूहबाट ९८ प्रतिशत इन्धन आयात गर्‍यो । क्युवाको वैदेशिक व्यापारको करिब ८५ प्रतिशत यही समूहका देशहरूसँग हुन्थ्यो । सोभियत शिविरसँग क्युवाको व्यापार समाप्त भएपछि सन् १९९० देखि १९९२ सम्मको दुई वर्षमा क्युवामा आधारभूत आवश्यकताहरूको अभाव देखिन थाल्यो ।

संरा अमेरिकाले सन् १९९२ मा क्युवामा लगाएको नाकाबन्दीलाई कसिलो पार्न 'क्युवन डेमोक्रेसी एक्ट' (Cuban Democracy Act of 1992) लाई सक्रिय बनायो । यसले देशबाहिरका अमेरिकी कम्पनी र तिनका शाखासमेतले क्युवासँग व्यापार गर्न नपाउने भयो । सन् १९९६ मा अमेरिकाले क्युवाको स्वतन्त्रता र लोकतन्त्रका लागि ऐक्यबद्धता कानुनको नाममा 'हेल्म्स-बर्टन एक्ट' (Helms-Burton Act 1996) पारित गर्‍यो । यसले अमेरिकी या अमेरिकाका मित्र देशका उद्योगहरूले समेत क्युवामा खाद्यान्न र औषधी बेच्न नपाउने भए । यो कानुनको उद्देश्य क्युवाली राष्ट्रपति फिडेल क्यास्ट्रोलाई विस्थापित गरेर अमेरिकी कठपुतलीलाई ल्याउनु थियो । कानुन पारित भएको दिनमा अमेरिकी सिनेटर जेस्से हेल्मसले "यो वर्ष क्युवालीहरूले फिडेललाई बिदाइ गर्ने वर्ष बनोस्" भन्ने घोषणा गरेका थिए । तर, क्यास्ट्रो नेतृत्वको क्युवाले छटपटिएर मर्नुको सट्टा सङ्घर्ष गरेर बाँच्ने उपायका साथ 'जैविक क्रान्ति' लाई अगाडि बढायो ।

क्युवामा सङ्कट सुरु भएपछि क्युवाली सरकारले 'शान्तिपूर्ण कालको विशेष समय' घोषणा गरेर सामान्यतया युद्धको बेला अपनाइने उपायहरू अवलम्बन गर्न थाल्यो । क्युवाली क्रान्तिपछि नै क्युवाली सरकारले दक्ष जनशक्ति उत्पादनमा ध्यान दिएको थियो । त्यही दक्ष जनशक्तिको कारण क्युवा विघटन हुन पाएन । क्युवामा ल्याटिन अमेरिकाको २ प्रतिशत मात्रै जनसङ्ख्या भए पनि वैज्ञानिकहरू ११ प्रतिशत छन् ।

क्युवाली सरकारले 'शान्तिपूर्ण कालको विशेष समय' मा योजनाबद्ध लोडसेडिङ, ट्याक्टरको ठाउँमा पशुको प्रयोग, पेट्रोलबाट चल्ने गाडीहरूको ठाउँमा साइकल चलाउने उपाय अवलम्बन गर्‍यो । रासायनिक मलको सट्टा जैविक मल, जैविक औषधी प्रयोग गर्न थाल्यो । यसले तत्काल उत्पादन घटे पनि केही वर्षपछि बिस्तारै उत्पादन बढ्न थाल्यो ।

फिडेल नेतृत्वको क्युवाली सरकारले खेतीयोग्य जमिनलाई बाँझो नराख्ने नीति लियो । सरकारले स्थानीयस्तरमा जे-जस्तो जैविक मल पाइन्छ त्यही उपयोग गरेर कृषि उत्पादन बढाउन निर्देशन दियो । 'जहाँ उपभोक्ता त्यहीँ उत्पादनको नीति' लाई क्युवाली सरकारले दृढतापूर्वक अगाडि बढायो । खाली जमिन भएका कार्यालय र संस्थाहरूले आफ्ना लागि त्यही जमिनमा खाद्यान्न उत्पादन गर्नुपर्ने भयो । खाली जमिन नभएका कार्यालयहरूलाई सरकारले नजिकै खेतबारी उपलब्ध गरायो । कार्यालयका कर्मचारीहरू आफै आफ्ना लागि खाद्यान्न उत्पादन गर्नतर्फ लागे । सेनाले पनि आफ्नो लागि आफै उत्पादन गर्नुपर्ने भयो ।

क्युवाली सरकारले जनताले उत्पादन गरेका कृषि उपजलाई सिधै बजारसम्म लान सकिने र माग तथा आपूर्तिका आधारमा मूल्य निर्धारण गर्न पाउने सहज व्यवस्था गर्‍यो । यसले जनतालाई माटोमा हात हाल्न उत्साहित गर्‍यो ।

सन् १९९३ सेप्टेम्बरमा क्युवाली सरकारले 'साहसी कृषि सुधार नीति' लागु गर्‍यो । यसले ठूला सरकारी फार्महरूलाई "सहकारी उत्पादनका आधार इकाइ" (युबिपिसी) भनिने स्थानीय श्रमिकहरूद्वारा स्वायत्त रूपमा सञ्चालन गर्न सकिने स-साना सहकारीहरूमा टुक्रयायो । यसले जनतालाई भौतिक वस्तुको न्यूनतम प्रयोग गरेर आफ्नै श्रमले उच्च उत्पादकत्व हासिल गर्न प्रेरित गर्‍यो । जनताले भूमि उपयोगका लागि स्वतन्त्र र खुला असीमित अधिकार पाए । तर, जमिनको स्वामित्व भने राज्यको मातहत राखियो ।

क्युवामा सामूहिक कृषि फार्मबाहेक निजी खेती गर्ने साना किसानहरू पनि थिए । जसलाई राज्यले ऋण र सेवा पनि उपलब्ध गराउँथ्यो । यस्ता आफ्नै जमिनमा आश्रित साना किसानहरू नै क्युवाको कृषि पर्यावरणीय अभियानका मेरुदण्ड बन्न पुगे ।

सन् १९९३ मा सरकारी क्षेत्रमा रहेका ८० प्रतिशत जमिन सहकारीको माध्यमबाट किसानलाई वितरण गरियो । सरकारी फार्महरूलाई सहकारी उत्पादनको आधारभूत इकाइमा परिणत गरेर त्यसको स्वामित्व किसानको हातमा राखियो । किसानले त्यसबाट उत्पादन भएका वस्तुमध्ये केही राज्यलाई बुझाएर बाँकी बजारमा बिक्री गर्न पाए ।

सन् १९९४ अक्टोबर १ मा क्युवाली सरकारले बजारलाई विविधीकरण गर्ने र कृषि उपज बेच्ने पसलहरू खोल्ने निर्णय गर्‍यो । सुरुमा १२१ वटा किसान बजार खोलिए । किसान बजार खुलेपछि चामलमा हुने कालोबजारी रोकियो । अत्याधिक रूपमा मूल्य बढ्न नदिन राज्यले समानान्तर बजार सञ्चालन गर्‍यो । उक्त बजारले अघिल्लो दिन किसान बजारमा भएको सरदर मूल्यभन्दा २० प्रतिशत सस्तोमा सामान बिक्री गर्न थाल्यो ।

क्युवाले अपनाएको आत्मनिर्भर जैविक क्रान्तिको कारण सहस्राब्दीको पछिल्लो वर्षमा पुग्दा नपुग्दै क्युवाका १३ वटा प्रान्तहरूले उत्पादनको ऐतिहासिक कीर्तिमानी तोडे । तरकारी र ताजा जडीबुटीको बिक्री प्रतिव्यक्ति प्रतिदिन ४६९ ग्राम पुग्यो । जुन विश्व खाद्य सङ्गठनले सिफारिस गरेको ३०० ग्राम प्रतिदिनभन्दा बढी हो । यसरी क्युवाले जैविक खेती गरेर प्रगति गर्‍यो ।

क्युवाको जैविक खेतीको प्रगतिलाई हेरेर सन् १९९९ डिसेम्बरमा स्विडिस सरकारले क्युवाली प्राङ्गारिक कृषि सङ्घ (GAO) लाई वैकल्पिक नोबेल पुरस्कार मानिने 'राइट लाईभ्लीहुड' (Right Livelyhood Award 1999) ले सम्मान गर्‍यो ।

नेपालको जस्तै क्युवाको आर्थिक मेरुदण्ड कृषि नै थियो । जैविक खेतीको निम्ति फिडेल क्यास्ट्रोले विश्वका सर्वश्रेष्ठ कृषि विज्ञहरूले लेखेका सबैजसो कृषिसम्बन्धी रचनाहरूको गहन र विस्तृत अध्ययन गरे । साथै आफैले कुटो, कोदालो चलाई गोडमेल गरी नयाँ बिउ बिजनको परीक्षण र नयाँ नयाँ ढङ्गले खेती गर्ने तरिकाहरू पनि पत्ता लगाए । जसको कारण क्युवा साम्राज्यवादी अमेरिकाको चुनौतीलाई पन्छाएर आत्मनिर्भर बन्न सफल भयो ।

*२०८० माघ ७ गते*

# थाइवानमा हात हाल्नु अमेरिकाको निम्ति आगोमा हात झोस्नु सरह हुने !

✍ यशराज

**अमेरिका लडाइँको नयाँनयाँ निहुँ खोज्दै !**

प्यालेस्टिनमा अमेरिकी योजना तथा उक्साइबमोजिम ७ अक्टोबर सन् २०२३ बाट थालिएको इजरायली नृशंस हमलाले सय दिन नाघिसकेको छ। करिब २५ हजार प्यालिस्टिनी जनताको हत्या भइसकेको छ। जसमध्ये १० हजारभन्दा बढी बालबालिका र ७ हजारभन्दा बढी महिला हुन्। ६२ हजारभन्दा बढी घाइते भइसकेका छन् भने ८ हजारभन्दा बढी पुरिएका या हराइरहेका छन्। युनिभर्सिटी अफ प्यालेस्टिनलाई बमले उडाएको छ। गत जनवरी १७ मा क्षणभरमै विश्वविद्यालय भवन बमले उडाएको भिडियो सार्वजनिक भएपछि संसारभर त्यसको विरोध भइरहेको छ।

अमेरिका र बेलायतले यमनमाथि हमला तीव्र पार्दै छन्। दक्षिण रातो सागरमा यतिखेर तनाव बढ्दो छ। दक्षिणी लेबननमा इजरायलले निरन्तर बम प्रहार गर्दै छ। यमन र लेबननले प्यालेस्टिनलाई समर्थन तथा ऐक्यबद्धता जनाएकै आधारमा हमला गरिएको हो। मध्यपूर्वको आजको सानो तस्बिर यही नै हो।

अरब–चीन सम्बन्ध तथा आर्थिक आदानप्रदानमा भएको अभूतपूर्व प्रगति, अरब–इरान द्वन्द्व समाधानमा चीनले खेलेको भूमिका आदिले अमेरिकालाई झस्काइदिएको र आफ्नो प्रभुत्व कायम राख्न अमेरिकाले इजरायललाई प्रयोग गरेको राजनीतिक पर्यवेक्षकहरूको भनाइ छ।

अबको केही हप्तामा युक्रेन युद्ध सुरु भएको २ वर्ष नाघ्दै छ। अमेरिकी साम्राज्यवादले युक्रेनलाई नाटोको सदस्य बनाएर मस्को र पेचिङमाथि थप दबाब दिने तथा घेराबन्दी गर्ने उद्देश्यका साथ सो युद्ध २२ फेब्रुअरी २०२२ मा थालेको थियो। रुस एक्लैले प्रत्याक्रमण गर्दै छ। अमेरिकाको रणनीतिक चालबाजीको प्रतिक्रियास्वरूप मस्को र पेचिङले विशेषगरी आर्थिक तथा व्यापारिक क्षेत्रमा समन्वय एवम् सहकार्यलाई झन् बलियो बनाउँदै लगेको छ। आर्थिक क्षेत्रमा अभूतपूर्व ढङ्गमा आदानप्रदान अगाडि बढाइँदै छ। साथै, अन्तर्राष्ट्रिय मञ्च तथा सिरिया, प्यालेस्टिनलगायका सवालहरूमा एउटै स्वर दिन थालेका छन्। सन् १९७० को दशकपछि रुस र चीनबिच यो खालको समन्वय, सहकार्य देखिएको यो पहिलो पटक हो भन्दा फरक नपर्ला ! यसलाई इतिहासले सिकाएको पाठ भन्नु अन्यथा नहोला ! साथै, अमेरिकाका निम्ति यो एउटा गतिलो जवाफ साबित हुँदै छ।

अझै पनि नचेतेको अमेरिकी साम्राज्यवाद लडाइँका नयाँनयाँ निहुँ खोज्दै छ। बहुध्रुवतिर लम्किन खोजिरहेको विश्वलाई हठात् रोकेर एक ध्रुवीय विश्व कायम राख्न अमेरिका अनेकौँ चालबाजी गर्दै छ। तसर्थ, उदाउँदो एसियामा अर्को युद्ध भड्काउने तयारी गरिँदैछ। स्वतन्त्र देशहरूको आन्तरिक मामिलामा हस्तक्षेप तीव्र पारिँदै छ। अमेरिरी साम्राज्यवाद पुन: औपनिवेशीकरणको खतरा बढाउँदै छ। विभिन्न देशहरूमा रहेका आफ्ना पुराना एजेन्टहरूलाई ऊ सक्रिय बनाउँदै छ। आफ्नो तखतमा बस्न अस्वीकार गरेपछि लडाइँ सुरु गर्ने साम्राज्यवादी चरित्र नै हो। साम्राज्यवादी देशले कुनै पनि देशलाई पूर्ण स्वतन्त्रता नदिने यथार्थ आज छर्लङ्ग हुँदै छ।

अमेरिकाको साम्राज्यवादी चरित्रबारे विश्वका जनता स्पष्ट हुँदै छन्। विश्वका व्यापक न्यायप्रेमी जनता यतिखेर साम्राज्यवादी तथा फासीवादी युद्धको विरुद्धमा र शान्ति, एकता तथा समुन्नतिको पक्षमा उभिँदै छन्। वासिङ्टन डीसी, न्युयोर्क, लण्डन, पेरिस, टोरोन्टो, सिड्नी, मेल्बर्न, बर्लिनलगायत युरोप र अमेरिकाका मुख्यमुख्य सहरहरूमा युद्ध, नरसंहारको विरोधमा ठुलाठुला विरोध भइरहेका छन्। एसिया, अफ्रिका, अरव देशहरूमा प्यालेस्टिनमाथि भइरहेको दमन तथा युहुदीवादी हमलाको व्यापक विरोध भइरहेको छ। दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय अदालतमा इजरायलले मचाइरहेको जातीय नरसंहारविरुद्ध मुद्दा दायर गरेको छ र त्यसमाथि बहस सुरु भइसकेको छ। दक्षिण अफ्रिकाको साहस तथा कदमलाई धेरै देशले समर्थन तथा स्वागत गरेका छन्। अमेरिका इतिहासमा फेरि एकचोटि बदनाम हुँदै छ र नराम्ररी उदाङ्गिँदै छ।

**थाइवानतिर अमेरिकी गिद्धे दृष्टि !**

इतिहासदेखि नै थाइवान चीनको अभिन्न भूभाग हो। सन् १९४९ अक्टोबर १ मा चिनियाँ समाजवादी क्रान्तिको सफलताको घोषणासँगै आफ्ना केही सेना र समर्थकसहित तत्कालीन शासक चिच्याङ काई सेक थाइवान भागे। उनले त्यहाँ अमेरिकी दलाल सरकार गठन गरे। अमेरिकी साम्राज्यवादकै सहयोग तथा योजनाबमोजिम उनले त्यो काम गरेका थिए। चीन र चिनियाँ क्रान्तिविरुद्ध भविष्यका लागि एउटा काँडा बाँकी राख्ने त्यो अमेरिकी षड्यन्त्र थियो।

प्राचीन कालदेखि एक भएर बसेका चिनियाँ जनतालाई विभाजित गर्ने कुत्सित उद्देश्यका साथ पछिल्लो समय संरा अमेरिकाले चीनको थाइवानमा दबाब एवम् हस्तक्षेप बढाउँदै लगेको प्रस्ट छ। चीनको गम्भीर आपत्ति एवम् कडा विरोधका बिच विगतमा पटक–पटक थाइवानलाई गरेको हातहतियार बिक्री, सैन्य सहयोग तथा अमेरिकी अधिकारीहरूको औपचारिक भ्रमणका साथै गत जनवरी १३ मा सम्पन्न निर्वाचनमा संरा अमेरिकाले गरेको व्यापक चलखेल, प्रचारबाजी र विखण्डनकारी शक्तिहरूलाई गरेको खुलेआम पक्षपोषणले अमेरिकी साम्राज्यवादको वास्तविक चरित्र उदाङ्ग्याएको छ।

यी गतिविधि तत्कालीन संरा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सन पेचिङ पुगेर आफैँले हस्ताक्षर गरेको सन् १९७२ को साङ्घाई घोषणाको ठाडो उल्लङ्घन हो। साथै यो विभिन्न अवसरमा दोहोऱ्याएको 'एक चीन नीति' को प्रतिबद्धताविपरीत छ। थाइवानको विषयमा दोहोरो चरित्र देखाउनु स्वयम् संरा अमेरिकाका निम्ति प्रत्युत्पादक साबित हुने निश्चित छ।

थाइवानको समस्या चीनको आन्तरिक मामिला हो। त्यस विषयमा निर्णय गर्ने चीन र चिनियाँ जनताकै सम्प्रभु अधिकार हो। विश्वमा एउटै चीनको मात्र अस्तित्व छ। साथै, चीन एकीकरणको पूर्णताको पर्खाइमा विश्वका जनता छन्। जसरी हङकङ, मकाउको समस्या शान्तिपूर्ण तरीकाबाट समाधान भयो त्यसरी नै थाइवानको पनि त्यस्तै उपायबाट हुने विश्वका न्यायप्रेमीहरूको अपेक्षा छ। चीनको पनि त्यही चाहना देखिन्छ। र त्यस उद्देश्यमा पुग्न आफू दृढसङ्कल्पित रहेको राष्ट्रपति सी चिन फिङले बारम्बार प्रस्ट्याउनुभएको छ। राष्ट्रपति सीले थाइवानको मामिला चीनको आन्तरिक विषय भएको र बिनाबाहिरी हस्तक्षेप एकीकरण गर्न चीन सक्षम एवम् स्वतन्त्र रहेको विभिन्न अवसरमा प्रस्ट पार्नुभएको छ।

इजिप्टको भ्रमणमा रहेका चिनियाँ विदेशमन्त्री वाङ यीले जनवरी १४ को दिन भन्नुभयो, "एक चीन नीतिको उल्लङ्घन गर्ने विश्व समुदायका जुन कुनै देशले चीनको आन्तरिक मामलामा हस्तक्षेप गरेको र चिनियाँ सम्प्रभुतालाई हाँक दिएको मानिनेछ र त्यस्ता देशले चिनियाँ जनता र विश्व समुदायको संयुक्त प्रतिक्रिया सामना गर्नुपर्नेछ।" चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले थाइवानको प्रश्नलाई चीनविरोधी अस्त्र नबनाउन चेतावनी दिए।

थाइवानको निर्वाचन परिणाम सार्वजनिक गरिएपछि चिनियाँ प्रवक्ताले भनेका छन्, "राष्ट्रिय पुन: एकीकरण सफल पार्न हामी दृढ छौँ।" चीनले थाइवानको विषयमा कुनै खालको सम्झौता नहुने र चीनको यो अति उच्च प्राथमिकताको विषय तथा संवेदनशील चासोप्रति बेवास्ता गरेसम्म संरा अमेरिकासँग विश्वासको वातावरण तयार नहुने चिनियाँ अधिकारीहरूले दोहोऱ्याएका छन्।




चीनजस्तो विशाल तथा शक्तिशाली देशलाई दबाब दिन पछि नहट्ने अमेरिकी साम्राज्यवादले स–साना देशहरूलाई स्वतन्त्र छोड्ला भन्ने विश्वास गर्नु आत्मघाती हुनेछ। चीनबाट थाइवानलाई अलग्याउने अमेरिकी षड्यन्त्रअन्तर्गतका पछिल्लो खेलले पूर्वउपनिवेशका सारा जनता पुन: एकजुट हुनुपर्ने शिक्षा दिँदै छ। अन्य देशमा समेत यस खालका हस्तक्षेप हुन सक्ने सम्भावनालाई ध्यानमा राखी हरेक स्वतन्त्र देशले अमेरिकी नीतिको विरोध गर्नुपर्ने तथा स्वतन्त्रता रक्षामा हातेमालो गर्नुपर्ने बखत आएको छ।

**अमेरिकाको थोत्रो 'थाइवान' कार्ड !**

अमेरिकाले आफ्नो स्वार्थ परिपूर्ति गर्न चीनको थाइवान, तिब्बत, सिन्चियाङ, हङकङ आदि विषयलाई समय समयमा उछाल्ने गर्दै आएको छ। यो कुनै नयाँ विषय होइन ! तिब्बत र सिन्चियाङमा धार्मिक विद्वेष फैलाउने, थाइवानका विखण्डनकारी शक्तिलाई मलजल गर्ने, हङकङका अराजक तत्त्वलाई समर्थन गर्ने जस्ता चीनविरोधी गतिविधि अमेरिकाले आजभन्दा निकै अगाडिदेखि गर्दै आएको हो। कहिले प्रजातन्त्रको आवरण, कहिले मानवअधिकार त कहिले नागरिक स्वतन्त्रताको आवरणमा अमेरिकाले यी र यस्ता कार्यलाई निरन्तरता दिँदै आएको हो। जे जस्तो भने तापनि अमेरिकाको स्वार्थ या उद्देश्य भनेको चिनियाँ क्रान्तिलाई तुहाउने, चिनियाँ समाजवादलाई असफल पार्ने र चीनलाई कहिल्यै माथि उठ्न नदिने नै हो। सन् १९८९ अप्रिल १५ मा 'प्रजातन्त्र' को नाउँमा अमेरिकी उक्साइमा भएको थियानमन उपद्रोले त्यस कुराको पुष्टि गर्दछ। त्यस बखत सफल हुन नसकेपछि उसले सारा शक्ति सोभियत समाजवाद ढाल्न प्रयोग गरेको थियो जसमा ऊ सफल भयो। सन् १९९१ डिसेम्बर २५ को दिन सोभियत समाजवाद विघटनको घोषणा भयो। सोभियत सङ्घको विघटनसँगै विश्व एक ध्रुवीय बन्यो। अमेरिकी प्रतिद्वन्द्वी तथा पहिलो शत्रु परास्त गर्ने आफ्नो षड्यन्त्रमा अमेरिका सफल भयो। अमेरिकी पुँजीवादी राजनीतिशास्त्री फ्रान्सिस फुकुयामाले 'इतिहासको अन्त्य' भएको घोषणा गरे; समाजवाद अब फेरि कहिल्यै नफर्किने घोषणा गरे; उदारवादी पुँजीवादको विजयको घोषणा गरे। यद्यपि, ३४ वर्षपछि फेरि विश्वको राजनीतिक–आर्थिक परिदृश्यमा बदलाव आएको छ। विश्व फेरि बहुध्रुवतिर अग्रसर हुँदै छ। अमेरिका अब आर्थिक राजनीतिक हिसाबले नब्बेको दशकको अमेरिका रहेन ! चीन आर्थिक राजनीतिक रूपमा आफ्नो सुझबुझ तथा परिपक्वता देखाउँदै छ। कूटनीतिक क्षेत्र, अन्तर्राष्ट्रिय सम्बन्ध तथा आदान प्रदानमा चीन 'सुनिने एवम् देखिने' बनिसकेको छ। विश्वका अधिकांश देश चीनसँग आर्थिक सम्बन्धको विकासमा आफूलाई सुरक्षित महसुस गर्दै छन्। चीन विश्व दबुमा रचनात्मक भूमिका बढाउँदै ससाना तथा विकासशील देशहरूको असल मित्र, सहयोगी तथा 'सङ्कटको साथी' बन्दै छ। ढिलै भए पनि चीन ल्याटिन अमेरिका पुगेकोमा ३३ वटा क्यारिवियाली तथा ल्याटिन अमेरिकी देशहरूमा बेग्लै उत्साह छाएको अनुभव गरिँदै छ। ५४ वटा अफ्रिकी देशमध्ये ५३ देशहरू चीनको मित्र बन्न पाएर खुसी व्यक्त गर्दै छन्।

थाइवानमा राष्ट्रपति निर्वाचनको नाटक मञ्चन भएको ठीक दुई दिनपछि गत जनवरी १५ मा दक्षिण प्रशान्तको एउटा सानो राष्ट्र नाउरुले 'एक चीन नीति' को सिद्धान्तलाई स्वीकार्दै थाइवानसँगको कूटनीतिक सम्बन्ध त्यागेर जनवादी गणतन्त्रसँग औपचारिक सम्बन्ध गाँसेको छ। नाउरुको सरकारले आउने दिनमा थाइवानसँग कुनै सम्बन्ध नगाँस्ने र कुनै औपचारिक आदानप्रदानसमेत नगर्ने घोषणा गरेको छ। नाउरुको सो कदमको अमेरिकाले विरोध गरेको छ भने चीनले स्वागत गर्दै आपसी हितमा ध्यान दिने घोषणा गरेको छ। यो पछिल्लो घटनाले पनि थाइवान विषयको संवेदनशीलता तथा त्यसमा अमेरिकी स्वार्थ छर्लङ्ग पार्दछ।

यतिखेर पनि अमेरिकाले उही थोत्रो भइसकेको 'थाइवान कार्ड' प्रयोग गरेर चीनलाई अप्ठ्यारो पार्ने र विश्वजगतमा चीनको बदनाम गर्ने चाल चाल्दै छ। त्यसको जवाफ अरूको त कुरै छोडौँ, एउटा सानो मुलुक नाउरुले समेत सशक्त ढङ्गमा दियो। वाण उल्टै अमेरिकातिर सोझिँदै छ ! यसैलाई भनिन्छ, सिस्नु रोपेर तुलसी उम्रिन्न !

**नेमकिपाको न्यायोचित समर्थन**

संरा अमेरिकाले मञ्चन गरेको थाइवानी निर्वाचनको नाटक पटाक्षेप भएसँगै संसारभरबाट क्रिया प्रतिक्रियाको ओइरो लाग्यो। धेरै देशका राष्ट्राध्यक्ष वा सरकार प्रमुखहरू, राजनीतिक दल तथा नेताहरूले एक चीन नीतिको समर्थन गरे। त्यस विषयमा नेपाल मजदुर किसान पार्टीको केन्द्रीय सचिवालयको बैठक पुस २९ गते बस्यो र अमेरिकी साम्राज्यवादको दोहारो चरित्रको विरोध गर्दै वक्तव्य प्रकाशित गऱ्यो। वक्तव्यमा प्रस्ट भनिएको छ, "विश्वमा थाइवानसहितको एउटै चीनको मात्र अस्तित्व छ। थाइवानको समस्या चीनको आन्तरिक मामिला हो। नेपाल मजदुर किसान पार्टी थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध गर्दछ र बिनाबाहिरी हस्तक्षेप पुन: एकीकृत चीनको समर्थन गर्दछ।" थाइवानको पछिल्लो विषयलाई लिएर प्रस्ट विचार तथा अडान वक्तव्यमार्फत सार्वजनिक गर्ने नेपाली राजनीतिमा नेमकिपामात्र देखिएको बौद्धिकहरूबिच चर्चा छ। नेमकिपाको व्यापक दृष्टिकोण उन्नत राजनीतिक संस्कारको परिणति हो भन्नु अतिशयुक्ति नहोला !

नेमकिपाको सातौँ महाधिवेशनको पाँचौँ केन्द्रीय परिषद्ले पारित गरेको अन्तर्राष्ट्रिय प्रस्तावमा पनि एक चीन नीतिको प्रस्ट भाषामा समर्थन गरिएको छ।


'श्रमिक' साप्ताहिकले २ माघको अङ्कमा 'नेमकिपा एक चीन नीति एवम् थाइवानलाई चीनको एक अभिन्न अङ्ग मान्छ' शीर्षकको सम्पादकीय प्रकाशित गऱ्यो। सम्पादकीयमा भनिएको छ, "..... चीनको प्रगति र विकासलाई इर्ष्या गर्दै संयुक्त राज्य अमेरिकी साम्राज्यवादले स्वतन्त्र थाइवानलाई निहुँ बनाएर फेरि चीन र थाइवानको जलडमरु एवम् दक्षिणपूर्वी चीनकै क्षेत्रमाथि हस्तक्षेपलाई बढाउँदै युद्धको स्थितिमा पुऱ्याउने जालसाजी गर्दै छ। ती सबै षड्यन्त्रहरूमा अमेरिकी साम्राज्यवाद जसरी पहिले असफल भएको थियो त्यस्तै अहिले पनि पहिलेभन्दा बढी लज्जास्पद हार व्यहोर्नेछ। यसकारण, नेपाल मजदुर किसान पार्टी दक्षिणपूर्वी एसिया वा एसियाको कुनै पनि भागमा गरिने हस्तक्षेप र कुकृत्यको विरोध र निन्दा गर्दछ।"

नेपाली पत्रकारिता जगतमा पछिल्लो जल्दोबल्दो अन्तर्राष्ट्रिय सवालमा यति गहिरो विचार र यति स्पष्ट दृष्टिकोण व्यक्त गरिएको सम्भवत: यही नै पहिलो हुनुपर्छ ! कमसेकम 'श्रमिक' ले राजनीतिक सुझबुझ देखायो र अन्तर्राष्ट्रिय धर्म निर्वाह गऱ्यो। 'श्रमिक' ले नेपाली पत्रकारिताको इज्जत जोगायो ! 'श्रमिक' ले नेपाली कामदार जनता तथा साम्राज्यवादविरोधी जनताको आवाज मुखरित गऱ्यो।

**जिउँदो मानिसको फेला पर्ला !**

अमेरिका फेरि नयाँ ढङ्गमा शीतयुद्ध थाल्दै छ। विश्वका निम्ति त्यो कुनै आधारमा पनि हितकर नहुने स्पष्ट छ। विश्वमा देखिएका सामाजिक आर्थिक सङ्कट समाधानका लागि सहकार्य, आपसी सहयोग तथा सम्मान आवश्यक भएको विश्व संवेदनशील समुदाय अनुभव गर्दै छ। विश्वका न्यायप्रेमी समुदायको यही नै भावना हो। एकले अर्काको गल्ला रेट्ने खेलले कसैको पनि हित नहुने इतिहासले दिएको पाठ हो।

यस्ता यथार्थ अस्वीकार गरी यदि अर्को विश्वयुद्धको जालो फिँजाउँछ भने त्यसको सबैभन्दा ठूलो मूल्य अमेरिका स्वयम्ले नै चुकाउनुपर्ने निश्चित छ। थाइवानका दलालहरूलाई प्रयोग गरेर युद्ध उत्तेजना फैलाउने या युद्ध भड्काउने जालसाजी गर्दै गरेको बाइडेनले कोरिया युद्ध, भियतनाम युद्धको इतिहासको पृष्ठ फेरि एकचोटि पल्टाउनु श्रेयस्कर हुनेछ। अन्यथा, यो पटक जिउँदो मानिसको फेला पर्ने निश्चित छ।



# ‘मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी’: सामयिक छलफल

✍ समा

हरेक वर्ष लाखौँ लाखको सङ्ख्यामा नेपाली युवा–विद्यार्थी बिदेसिएको तथ्याङ्क बाहिरिन्छ । पछिल्लो पाँच महिनामा मात्र अध्ययनका लागि ४७ अर्ब ३५ करोड रुपैयाँ बाहिरिएको खबर छापियो । हरेक दिन हजारौँ विद्यार्थीले विदेश जान ‘एनओसी’ अर्थात् ‘नो अब्जेक्सन सर्टिफिकेट’ लिन्छन् । यस अर्थमा देश युवा–विद्यार्थी पलायनको प्रताडना भोग्दै छ । यहाँका विश्वविद्यालय र कलेजहरू विद्यार्थी अभावका कारण सुकेका छन् । ५ सयभन्दा बढी कलेजहरू बन्द भइसकेको र सयौँ कलेजहरू मर्जर या एक्विजेसनको तयारीमा रहेको समाचार दिनदिनका अखबारहरूमा छापिइरहँदा देशमा अझै २४ हजार कन्सलटेन्सीहरू सक्रिय छन् । कस्तो विरोधाभाष हो यो ? नेपालका विश्वविद्यालयहरू बन्द हुने स्थितिमा छन् तर पैसा कुम्ल्याउने विदेशी कलेज र विश्वविद्यालयका दलालहरू भने आफ्नो नाफाका निम्ति होडबाजी गर्दै छन् । राज्य किन उदासिन ? शासक नेताहरूले यही खोजेका हुन् ?


आज देशको सिङ्गो शैक्षिक क्षेत्रको अवस्था नै भताभुङ्ग र लथालिङ्ग छ । राज्य कहाँनेर चुक्यो ? कन्सल्टेन्सीहरूको भाग खाने प्रशासन, मन्त्रीहरूका कारण त राज्य बद्नाम छैन ? प्रश्न उठ्दै छ । एकथरी मानिसहरू विदेश जाने मनोविज्ञानका कारण बौद्धिक पलायन, युवा पलायन भइरहेको तर्क गर्छन् । ‘नेपालमा केही छैन, विदेश नगई हुँदैन’ भन्ने मानसिकताको जड के हो त ? बिदेसिने मनोविज्ञान फेरि पनि गलत राजनीति, गलत शिक्षा नीति, र पाठ्यपुस्तक नै होइन र ? त्यतिमात्र होइन मिसनरी स्कुलहरूको स्थापना, कलेज र युनिभर्सिटीभित्रै विदेशी कन्सल्टेन्सीका दलालहरू पाल्नुले यो अवस्था आएको हो भन्दा अतिशयोक्ति नहोला । विदेशमा पढ्न जानु नै गलत हो भन्ने अर्थमा यो छलफल अघि बढेको होइन देश नफर्कने मानसिकतामा विदेश जाने सोचमाथि प्रश्न हो । के नेपालका शासकहरूलाई विदेश गइरहेको यो देशमा अब निम्तिने सामाजिक आर्थिक मात्र होइन रणनीतिक क्षतिबारे हेक्का होला ? नेपाली समुदायहरूको चेतनामाथि उपनिवेशको यो अवस्थाबारे हेक्का होला ? यी प्रश्न गर्न सिकाउने या घच्घच्याउने एउटा पुस्तकबारे आज चर्चा गर्नु सामयिक होला ।

राज्यको बन्दोवस्त, शिक्षा नीति र पाठ्यपुस्तक नै गलत भएको कारण आज देशको अवस्था यस्तो छ भन्नु अतिशय हुन्न । तसर्थ यो परिस्थितिमा राज्यको मुख नताकी प्रत्येक सचेत विद्यालय र शिक्षकहरूले आफ्ना विद्यार्थीलाई शिक्षाको उद्देश्य या पढ्नुको अर्थ पढाउन सके श्रेयस्कर हुन्थ्यो । विद्यार्थीलाई कक्षाकोठाबाटै देशप्रेम पढाउन पाठ्यक्रमभन्दा माथि उठ्नैपर्ने हुन्छ । देशको सम्पूर्ण अवस्था परिवर्तनका लागि ऊर्जाको सञ्चार पनि उच्च शिक्षा अध्ययन जतिकै अपरिहार्य र स्वाभाविक हुनुपर्ने हो । पढाइलाई पैसा कमाउने उद्देश्यसँग मात्र जोड्ने, समाज र देशको सेवाभन्दा व्यक्तिगत सुख सुविधाको निम्ति डिग्री हासिल गर्ने पुँजीवादी समाजका नयाँ पुस्ताले बेलैमा सही मार्गनिर्देशन पाए केही परिवर्तनको अपेक्षा गर्न सकिएला । नेपाली समाजले यतिबेला भोगिरहेको यो जटिल समस्या समाधानको उपाय पुस्तक “मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठ्ठी” भित्र छन् । स्रष्टा हरिबहादुर श्रेष्ठकृत यस पुस्तकले उच्च शिक्षाका लागि कुन विषय किन पढ्ने ? शिक्षाको जीवनउद्देश्य के हुनुपर्छ ? भन्ने गहन प्रश्नमाथि महत्त्वपूर्ण छलफल पस्कन्छ । विद्यालयदेखि विश्वविद्यालय पढ्ने भाइबहिनीलाई बाटो देखाउने विचार पुस्तकमा छ । समाज विज्ञानदेखि डाक्टरी र इन्जिनियरिङ गर्न चाहने भाइबहिनीलाई दाजुको मार्मिक सन्देश चिठीहरूमा छ । पुस्तकले नयाँ पुस्तालाई मात्र होइन अभिभावक, समाजका अगुवा शिक्षक र सिङ्गो राज्यलाई मार्गनिर्देश गरेको आभास मिल्छ ।

राज्यले कस्तो नागरिक तयार गर्ने ? यो राज्यको निर्णय, काम र उद्देश्यमा निर्भर हुन्छ । स्वदेशमै अवसरको सिर्जना गरी देशप्रति प्रेम गर्ने नयाँ पुस्ता हुर्काउनुपर्ने आजको आवश्यकता हो । यो यथार्थबारे हरिबहादुर श्रेष्ठले आजभन्दा धेरै वर्षअघि नै राज्यलाई झक्झकाउनु भएको प्रसङ्ग पुस्तकमा छ ।

पुस्तकको यो चौथो संस्करणमा लेखकका चार चिठी सङ्कलित छन् । साइन्स र डाक्टरी पढ्ने भाइबहिनीलाई चिठ्ठीमा डाक्टर बन्नुको उद्देश्य खुब पैसा कमाउने र ऐसआरामको जीवन बिताउने हुनुहुँदैन भन्ने सन्देश छ । देश र जनताको सेवा गर्नु नै डाक्टरी पढ्नुको प्रमुख उद्देश्य हुनुपर्छ भन्ने विचार अभिव्यक्त छ । नेपालको स्वास्थ्य क्षेत्र हिजोभन्दा आज तात्त्विक फरक छैन, दिन प्रतिदिन अझ नाजुक बन्दै छ । अस्ति भर्खरै छापिएको ‘हेलिकप्टर कुर्दाकुर्दै हुम्लाको १३ दिने सुत्केरी अन्शु बुढाको मृत्युको’ खबरले त्यही भन्छ । दुर्गम गाउँमा स्वास्थ्य चौकी समेतको राम्रो बन्दोबस्त छैन । स्वास्थ्य क्षेत्रमा राज्य दिनप्रतिदिन विमुख बन्दै छ । यस्तो परिस्थितिमा विज्ञान पढ्ने, डाक्टरी पढ्नेहरू राजनीतिबाट टाढा कसरी बस्न सक्लान् ? कुनै पनि विज्ञानले राजनीतिमा ठूलो मद्दत मात्रै होइन राजनीतिको धारलाई नै व्यापक र वैज्ञानिक बनाइदिएको हुन्छ भन्ने तर्क पुस्तकमा छ ।

पछिल्लो समय नेपाल मेडिकल काउन्सिलबाट प्राप्त तथ्याङ्कअनुसार २०२३ मा मात्र करिब २ हजार ३१८ डाक्टरहरूले विभिन्न देशमा जान प्रमाणपत्र लिएका छन् । देशमा प्रति एक हजारलाई हेर्ने एक डाक्टरको पनि बन्दोबस्त छैन । एकातिर गाउँ–गाउँसम्म राज्यले डाक्टर पठाउन सकेको छैन । अर्कोतिर नेपाली डाक्टरहरू बिदेसिन किन




बाध्य छन् ? यो नेपाली समाजको कस्तो दुःखान्त ? देशको कस्तो बन्दोबस्त हो यो ? तसर्थ विज्ञान र डाक्टरी पढ्ने विद्यार्थीले पनि राजनीतिक सुझबुझ राख्नुका साथै परिवर्तनको संवाहक बन्ने अठोट लिनुपर्छ भन्ने विचार पुस्तकमा छ ।

डाक्टरी सेवा कर्म हो । विदेशमा पैसा कमाउन जाने या सेवा गर्ने ? आजको अहम् प्रश्न यो पनि हो । डा. नर्मन बेथुनले चीनको भूमिमा गई चिनियाँ क्रान्तिको सेवा गरे । मुक्तिको निम्ति लडिरहेका चिनियाँ योद्धाहरूको हेरचाह र स्वास्थ्योपचारमा जीवन समर्पण गरे । युद्धको मैदानमा बमवर्षा हुँदा पनि आफ्नो कर्म नछोड्ने डा. नर्मन बेथुनबाट नेपाली समाजले सिक्नुपर्ने विचार पुस्तकमा छ । डा. नर्मन बेथुनहरू किन नेपालका कक्षा कोठामा पढाइँदैनन् ? डा. कोटनिस र चे ग्वेभाराहरूको भावना प्रत्येक मेडिकल विद्यार्थीलाई सिकाउने वातावरण राज्य किन तयार गर्दैन ? यी प्रश्न गर्न सिकाउँछन् लेखक हरिबहादुर श्रेष्ठका चिठीहरूले ।

नेपालमा २०७२ को भूकम्पपछि घाइते नेपालीहरूको सेवाका लागि समुद्रपारिको देश क्युबाबाट डाक्टरहरू आए । आज विश्वको करिब ६० वटा देशहरूमा क्युबाका ३० हजारभन्दा बढी डाक्टर र स्वास्थ्यकर्मीहरू सेवा गर्दै छन् । क्युबामै पनि हरेक १७० जना क्युबालीलाई १ डाक्टरको बन्दोबस्त छ । असल राजनीतिक व्यवस्था र शिक्षामा राज्यको लगानीको सुन्दर परिणाम हो त्यो । क्युबाली डाक्टरहरू सेवाका निम्ति बिदेसिन्छन् । नेपाली डाक्टरहरू नेपालमा पारिश्रमिक नपुगेर बिदेसिएको बताउँछन् । शिक्षामा राज्यको लगानी नहुनु र मेडिकल शिक्षामा निजी क्षेत्रको ब्रम्हलुटकै कारण नेपाली समाजले आजको दुर्भाग्य भोग्न परेको हो भन्दा फरक नपर्ला । यद्यपि, देशको शिक्षानीति र पाठ्यपुस्तकभन्दा माथि उठेर क्युवाली डाक्टरहरूबाट सिक्न डाक्टरी पढ्न चाहने भाइबहिनीलाई मार्गनिर्देश गरेको छ यो पुस्तकले । चिकित्सक या नर्स डाक्टरहरूको पलायन भइरहेको आजको समयमा राज्यलाई आफ्नो असफलताबोध गराउने सशक्त माध्यम पनि हो यो पुस्तक ।

डाक्टरजस्तै इन्जिनियर र वैज्ञानिक बन्न चाहने भाइबहिनी पनि राजनीतिबाट अलग रहन नसक्ने थुप्रै उदाहरण पुस्तकमा प्रस्तुत छन् । भौतिक पूर्वाधार र वास्तुकलादेखि नयाँ टेक्नोलोजी सबैको विकास राजनीतिसँग जोडिन्छ । इन्जिनियरहरू पनि आफ्नो प्राविधिक कर्मसँगै देशको मुक्ति आन्दोलनमा अघि बढेका व्यक्तित्वहरू इतिहासमा थुप्रै छन् । इन्डोनेसियाका देशभक्त नेता एवम् राष्ट्रपति सुकार्नो एक आर्किटेक्ट वा वास्तुकलाविद् थिए । उनले पछि आफ्नो देशलाई नेदरल्यान्डको उपनिवेशबाट मुक्त गरे । प्यालेस्टिनी नेता यासिर अराफात इन्जिनियरिङका विद्यार्थी थिए । उनले प्यालेस्टिनी भूमि इजरायली कब्जाबाट मुक्त गर्न आजीवन सङ्घर्ष गरे । लावसका सुभाना फुमा इन्जिनियर थिए उनले फ्रान्सेली उपनिवेशबाट देशलाई मुक्त गर्न सङ्घर्ष गरे । दोस्रो विश्वयुद्धपछि जापानले कब्जा गरेको लावसको स्वतन्त्रताको निम्ति लडे ।

चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्व अर्थात् समाजवादी चीनको सरकारका मुख्य मुख्य नेताहरू इन्जिनियर एवम् प्राविधिज्ञहरू छन् । पूर्वराष्ट्रपति नेता च्याङ चमिन विद्युत् इन्जिनियर थिए । पूर्वप्रधानमन्त्री चु रोङ्ची इलेक्ट्रिकल इन्जिनियर, नेता लि पेङ, लि रुइह्वान, वेइ च्यानसिङ इन्जिनियरिङ विषयका अध्येता थिए । नेता हु चिन ताओले ४० वर्षको उमेरमा इन्जिनियरिङ पढेका थिए । आजको चीनका राष्ट्रपति सी चिङ फिङ आफैँ एक केमिकल इन्जिनियर हुन् । पुस्तकका यी दृष्टान्तले भन्छ – इन्जिनियरिङ विषय पढ्नु राजनीतिबाट टाढा रहनु होइन । प्राविधिज्ञहरूले पनि देशको राजनीतिमा योगदान गर्न सक्छन् भन्ने सन्देश पुस्तकले दिन्छ । यसर्थ नेपालमा यतिबेला इन्जिनियर र इन्जिनियरिङ पढिरहेका विद्यार्थी विचैमा पढाइ छोडेर देशको राजनीति दुत्कार्दै बिदेसिरहेको समाचार निकै दुःखद छ ।

रसायनशास्त्री र वैज्ञानिकहरू पनि राजनीतिबाट अलग हुन सक्दैनन् । कपर्निकस, ब्रुनो र ग्यालिलियोहरूको विज्ञानले विश्व राजनीतिलाई बेग्लै मोड र गति प्रदान गऱ्यो । राजनीतिज्ञ बेन्जामिन फ्राङ्कलिन एक वैज्ञानिक थिए । वैज्ञानिकहरू स्वयम् सबभन्दा बढी राजनीतिमा प्रभाव पार्ने व्यक्ति हुन् । नेपालमा वैज्ञानिकहरू बस्ने वातावरण छैन भन्दै बिदेसिनुपर्ने अवस्था नेपालको दुःखान्त हो । यसले देशको राजनीतिक परिस्थिति दर्साउँछ ।

न्यूटन, डार्विन र आइन्सटाइनको योगदानले समाज विकासको बाटो खुल्यो । समाज विकासको सिद्धान्त जन्मियो । मार्क्स र एङ्गेल्सहरूले देखाउनुभएको मानव समाज विकासको बाटोको जग विज्ञान नै हो त्यसकारण विज्ञान राजनीतिबाट टाढा हुन सक्दैन । राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास, भूगोल, कुटनीतिशास्त्र, जलस्रोत, पत्रकारिता, कृषि, पर्यटन, भूगर्भशास्त्र, पुरातत्त्व, कानुन, मूर्तिकला र चित्रकला, साहित्य, बन विज्ञान, शिक्षाशास्त्रलगायतका विषयहरूमा विशेषज्ञता हासिल गरेका दक्ष जनशक्तिको खाँचो देशलाई छ । मानवशास्त्रका यी विषयहरूमा देशभक्त र इमानदार विज्ञहरूको तयारीले देशको भविष्य सुरक्षित हुन्छ ।

देशको खराब राजनीतिक बन्दोवस्तविरुद्ध प्रश्न गर्न सक्ने र आलोचनात्मक चेत भएका दस्ताको तयारी यहीबाट हुन्छ । तर फेरि पनि पाठ्यपुस्तककै प्रश्न अहम् हुन्छ । जे पढाउनुपर्ने त्यो पढाइएको छ वा छैन ? विदेशका निम्ति कारिन्दा तयारी त भइरहेको छ कि ? पाठ्यक्रम विश्व बैङ्क र दातृ निकायहरूले तयार किन गर्छ ? विश्वविद्यालयमा विश्व बैङ्कको अनुदानको राजनीति चल्छ । हिजो “विश्व बजारमा बिक्ने विद्यार्थी” भन्ने नारा दिएर आज विश्वविद्यालयहरूमा समाजशास्त्र अर्थात् मानवशास्त्रका विषयहरूमा विद्यार्थी छैनन् ।

पत्रकारिता पढ्ने विद्यार्थीलाई हो चि मिन्ह, जोन रिड, एड्गर स्नो, अन्ना लुइ स्ट्रङको योगदान किन थाहा छैन ? कृषि र पर्यटनको कुरा गर्दा किन फिडेल क्याष्ट्रोहरूको विचारबारे छलफल चल्दैन ? किम इल सङ र चाउ ऐनलाइहरूको कुटनीतिशास्त्रको उल्लेखसमेत गरिन्न, किन ? यहाँ विद्यालयदेखि विश्वविद्यालयसम्मको पाठ्यक्रम नै सम्पूर्णतः देशको हितमा छैन । विद्यालय र विद्यार्थीलाई राजनीतिबाट टाढा राख्नुपर्ने कानुन बन्छ तर विश्वविद्यालय भागबन्डाको अखडा बनेको छ ।

राज्यको यही पाखण्डलाई बुझ्न भाइबहिनीलाई दाजुले प्रत्येक चिठ्ठीहरूमा सुझाउनुभएको छ । देशको राजनीति गलत छ र व्यवस्था परिवर्तनको आवश्यकता छ भने जनुसुकै विषय पढेको भए पनि सङ्घर्षको मैदानमा उत्रनुपर्ने विचार पुस्तकमा छ । पुस्तकका चारवटै चिठ्ठीहरूले भाइबहिनी अर्थात नयाँ पुस्तालाई देशभक्तिको शिक्षा दिन्छ । जुनसुकै विषयमा विशेषज्ञता हासिल गर्नु र ज्ञानलाई समाज र देशको सेवामा खर्चनु नै पढ्नुको उद्देश्य हो भन्ने सन्देश दिन्छ । एसईई र प्लसटु सकेर बसेका भाइबहिनीलाई ब्रिज कोर्स र परामर्शको नाममा निजी कलेज र संस्थाहरूले गरिरहेको लुटविरुद्ध यो पुस्तक आफैँ एक शिक्षक बन्न सफल छ ।

देशको शैक्षिक क्षेत्र अस्तव्यस्त भइरहेको र दैनिक हजारौँ विद्यार्थीले देश छोडिरहेको यो समयमा राज्यको शिक्षा नीतिमाथि प्रश्न गर्न सिकाउने यो पुस्तकको अध्ययन हरएकका लागिजरुरी छ । चिठ्ठीहरूले पैसा र सुख सुविधाका निम्ति आफ्नो स्वाभिमान र चेतना बेच्न नहुने पाठ सिकाउँछ । हरेका क्षेत्रका जनशक्ति कुनै पनि समय देश, परिवर्तन या क्रान्तिको लागि एकसाथ उभिनुपर्ने समयको आवश्यकताबोध समेत गराउँछ । यसर्थ चिठ्ठीहरूको अध्ययन यो समयकालीग अझ सान्दर्भिक छ ।

निकै जानकारीमूलक यस पुस्तक पुनः प्रकाशनका लागि जनप्रकाशन गृहप्रति साधुवाद छ । यी चिठ्ठीहरूलाई विद्यार्थीहरूमा झन् पुऱ्याई हुँदैन । अङ्ग्रेजी माध्यमबाट अध्ययन गर्ने विद्यार्थीका लागि यी चिठ्ठीहरूको भाषानुवाद अपरिहार्य महसुस हुन्छ । चिठ्ठी लेख्नुहुने भाइबहिनीका दाजुस्रष्टा हरिबहादुर श्रेष्ठप्रति सम्मान छ । जीवनदर्शन, व्यवहार र विचारबारे छलफल गर्न चाहनेका निम्ति यो पुस्तक पठनीय एवम् सङ्ग्रहणीय छ ।

# नेक्रामसङ्घको प्रथम जिल्ला सम्मेलन तयारी समिति गठन

सुर्खेत । नेपाल क्रान्तिकारी मजदुर सङ्घ सुर्खेतको चौथो जिल्ला भेला वीरेन्द्रनगरमा सम्पन्न भयो ।

भेलामा नेमकिपा जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले पार्टीको ३५ औँ केन्द्रीय परिषद्बाट पारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्ताव र निर्णयहरूको जानकारी दिँदै मजदुर आन्दोलनबाट विश्वमा ठुल्ठुला परिवर्तन गरेकोले मजदुरहरूको हक अधिकार प्रवर्द्धन गर्न मजदुरहरूलाई सङ्गठित गर्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका उपाध्यक्ष लालबहादुर थापा, नेमकिपा वीरेन्द्रनगर नगर समिति अध्यक्ष शेरबहादुर शाही, नेक्राकिसङ्घका विजुकला राना, व्यवसायी समाजका लालबहादुर सिजापति, कर्मचारी समाजका अङ्गबहादुर शाही र तिलकबहादुर शाहीले पनि बोल्नुभएको थियो ।

उक्त भेलाले नेपाल क्रान्तिकारी मजदुर सङ्घ सुर्खेतका सदस्य शान्ति शर्माका ससुरा बुबा डिल्लीप्रसाद शर्माको ८१ वर्षको उमेरमा निधन भएकोले शोक प्रस्ताव पास गरेको थियो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ सुर्खेतका अध्यक्ष अकल रानाको अध्यक्षतामा सम्पन्न भेलाले निरकबहादुर शाहीको संयोजकत्वामा १५ सदस्यीय प्रथम सुर्खेत जिल्ला सम्मेलन तयारी समिति गठन गरेको छ ।

# काठमाडौँ महानगरमा पार्टीको परिषद् सन्देश कार्यक्रम

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ महानगर समितिको आयोजनामा कार्यकर्ताबिच मङ्गलबार काठमाडौँ महानगर २५ वडास्थित त्यौडमा सन्देश कार्यक्रम सम्पन्न भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले पार्टीको ३५ औँ केन्द्रीय परिषद्मा भएका निर्णयहरूबारे प्रस्ट पार्नुभयो ।

उहाँले पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा विविध कार्यक्रम गरी पार्टीको विचार, नीति, सिद्धान्त, पार्टीको प्रकाशन र पत्रिका, सर्वहारावर्गका महान् गुरुहरू मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन, माओ त्सेतुङका जीवनी र योगदानबारे जनताबिच पुऱ्याउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रदेश सदस्य एन.बी. श्रेष्ठले राजनीतिक कार्यकर्ताहरूमा हुनुपर्ने गुण र राजनैतिक कार्यकर्तामा आइपर्नसक्ने समस्या र समाधानको उपायबारे बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले देशको राजनीतिमा नेमकिपा प्रकाशस्तम्भको रूपमा अगाडि बढिरहेको बताउनुभयो ।

नेमकिपा काठमाडौँ महानगरका नरमान महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा महानगर समितिका कुलनारायण डंगोल, राजु कपाली, सूर्यमान, नारायणप्रसाद, अकल महर्जन, सानुकाजी महर्जनलगायतले परिषद्को सन्देश, देशको राजनीतिक अवस्था र तेस्रो नेपालभाषा साहित्य तःमुंज्याको तयारीबारे बोल्नुभएको थियो ।

# अमेरिकाले लालसागरमा तनाव बढायो, चीनले निष्पक्षताको आवाज उठायो

एक समय विश्वभरबाट ठूलो सङ्ख्यामा कार्गो (मालसामान ढुवानी गर्ने) जहाजहरू आकर्षित गर्ने चलायमान जलमार्गको रूपमा रहेको लाल सागर अहिले अशान्तिमा छ । सबै कठिनाइ र जटिलताका बीचमा चीनले निष्पक्ष आवाज उठाएको छ ।

आइतबार इजिप्टको राजधानी कायरोमा चिनियाँ विदेशमन्त्री वाङ यीले लाल सागरमा बढ्दो तनावप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले लाल सागरमा नागरिक जहाजहरूको उत्पीडनको अन्त्य गर्न आह्वान गर्नुभयो । संयुक्त राष्ट्र सुरक्षा परिषदले यमनविरुद्ध बल प्रयोग गर्न कुनै पनि देशलाई अधिकार दिएको छैन । विदेशमन्त्री वाङले लाल सागरमा लागेको 'आगोमा घ्यु थप्ने' र यस क्षेत्रको समग्र सुरक्षा जोखिम बढाउने कुनै पनि कार्यहरू नगर्न आग्रह गर्नुभयो ।

चीनको निष्पक्षता कसैको पक्ष नलिनु वा कसैप्रति पूर्वाग्रह नदेखाउनुमा निहित छ । यो गाजा युद्धलाई कसरी पश्चिमी देशहरूले व्यवहार गर्छ, जसमा उनीहरूले हमासको आक्रमणको पछाडि कारणहरू उल्लेख नगरी हमासलाई अत्यधिक दोष लगाउने प्रवृत्तिको विपरीत हो । अर्कोतर्फ चीनले लाल सागरमा व्यापार मार्गमा बाधा पुऱ्याउने हिंसाको विरुद्धमा हिंसाको प्रयोगको रूपमा हुथीहरूको हिंसाको प्रयोगलाई समर्थन गर्दैन, तर यो इजरायल र प्यालेस्टाइनबीचको शत्रुतामा अमेरिकाको नेतृत्वमा रहेको पक्षपाती दृष्टिकोण र दोहोरो मापदण्डसँग पनि सहमत छैन ।

वाङले भन्नुभयो कि संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्ले यमनविरुद्ध बल प्रयोग गर्न कुनै पनि देशलाई अधिकार दिएको छैन । सीधा भन्नुपर्दा यस क्षेत्रमा पश्चिमी गठबन्धनको आक्रमण अनाधिकृत र गैरकानूनी छ ।

लाल सागरमा हुथीको आक्रमण गाजा युद्धमा इजरायलको कार्यको विरोध हो । वास्तवमा इजरायली आक्रमणको अन्तर्राष्ट्रिय समुदायबाट व्यापकविरोध गरेको छ, चिनियाँ सैन्यविज्ञ र टिभी टिप्पणीकार सोङ झोङपिङले ग्लोबल टाइम्सलाई भन्नुभयो ।

जब हुथीहरूले इजरायलसँग जोडिएको लाल सागरमा जहाजहरू आक्रमण गर्ने वाचा गरे, संरा अमेरिकाले त्यसलाई कस्तो प्रतिक्रिया दियो ? संरा अमेरिकाले पहिलोपटक यमनका लडाकुहरूविरुद्ध बहुराष्ट्रिय गठबन्धन सुरु गऱ्यो । कारवाहीको प्रभावकारिता सन्तोषजनक नभएको देखेपछि संरा अमेरिका र बेलायती सेनाले यमनका हुथी नियन्त्रित क्षेत्रमा हुथी लक्ष्यहरूविरुद्ध हमला सुरु गरेका थिए । तर, जब ती मिसनहरूले हुथीहरूलाई जहाजमा आक्रमण गर्नबाट रोक्न असफल भए र अब हुथीहरूले अमेरिकी जहाजहरूलाई लक्षित गर्दै छन् । एक हुथी एन्टी-शिप ब्यालिस्टिक मिसाइलले सोमबार अमेरिकी स्वामित्वको र सञ्चालित कार्गो जहाजमा प्रहार गऱ्यो । यी हिंसाको वृद्धिको औचित्य के हो ?




यो प्रतिशोध र प्रतिप्रतिशोधले लाल सागरको शान्तिमा बज्रपात भइरहेको छ । संरा अमेरिका र बेलायतले हुथी विद्रोहीहरूको सैन्य क्षमतालाई कम आँकलन गरेको कुरा अहिले स्पष्ट भएको छ । विज्ञहरू विश्वास गर्छन् कि अमेरिकालाई हुथीहरूलाई नियन्त्रण गर्न गाऱ्हो हुनेछ र लाल सागर सङ्कट चाँडै समाधान हुने छैन ।

यस पृष्ठभूमिमा, विभिन्न देशहरूका मिडियाहरूले एउटा चाखलाग्दो घटना स्मरण गरेका छन्: समुद्री जहाजहरूले लाल सागरमा आफ्नो चिनियाँ पहिचानलाई हुथीहरूद्वारा लक्षित हुनबाट जोगिनका लागि सङ्केत गरिरहेका छन् ।

यो चीनको नरम शक्तिको प्रतिबिम्ब हो । "हुथी विद्रोहीहरूले चिनियाँ जहाजहरूमा आक्रमण गर्न कुनै चासो राखेका छैनन् । कारण सरल छ- चीनले मध्यपूर्वको मामिलामा निष्पक्ष टिप्पणी गरेको छ र निष्पक्ष कदम चालेको छ । चीनको यस क्षेत्रमा कुनै विशेष चासो पनि छैन र उसले क्षेत्रीय शान्ति, सुरक्षा र स्थायित्वको मात्र ख्याल राख्छ," फुदान विश्वविद्यालयका प्राध्यापक शेन यीले ग्लोबल टाइम्सलाई भन्नुभयो ।

चीनले मध्यपूर्वमा शान्ति स्थापना गर्न रचनात्मक भूमिका खेलेको छ । इरान र साउदी अरेबियाबिचको चिनियाँ मध्यस्थताले मध्यपूर्वमा 'मिलापको लहर' चलाएको छ । अरब लिगले सिरियालाई १२ वर्षदेखि बहिष्कार गरेपछि पुनः प्रवेश गराउने निर्णय गरेको थियो । टर्की र इजिप्टले लगभग एक दशकको कूटनीतिक शत्रुताको अन्त्य गर्दै सम्बन्धको पूर्ण सामान्यीकरण महसुस गरेका छन् ।

गाजा द्वन्द्व सुरु भएपछि मध्यपूर्व मुद्दाका लागि चिनियाँ सरकारका विशेष दूत झाइ जुनले युद्धविराम र शान्ति प्रक्रिया पुनः सुरु गर्नका लागि अवस्था सिर्जना गर्न आह्वान गर्दै मध्यपूर्वका धेरै देशहरूको भ्रमण गर्नुभयो । गाजामा मानवीय पहुँचमा अवरोधहरू हटाउने र मानवीय प्रकोपलाई कम गर्ने उद्देश्यले संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्तावको मस्यौदाको सह-प्रायोजनमा चीन पनि सामेल भएको छ ।

यसको विपरित, इजरायललाई संरा अमेरिकाको व्यापक र स्पष्ट समर्थनले प्रत्यक्ष रूपमा युद्धको लम्बाइ र वृद्धिलाई निम्त्याएको छ । यो पनि अमेरिकी अवरोधका कारण संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषदले कुनै न कुनै रूपमा युद्धविराम ल्याउने उद्देश्यले मस्यौदा प्रस्तावलाई बारम्बार स्थगित गरेको छ । चीन र अमेरिकाबीच मध्यपूर्वको मामिलामा सबैभन्दा ठूलो भिन्नता भनेको चीन एक जिम्मेवार प्रमुख शक्ति हो र यसको जिम्मेवार कार्यलाई सबै पक्षहरूले मान्यता दिएका छन्, शेनले भन्नुभयो ।

वाङले इजिप्टमा उल्लेख गर्नुभएझैँ अहिलेको प्राथमिकता भनेको युद्धलाई जतिसक्दो चाँडो रोक्नु हो ताकि गर्दा युद्धलाई थप चर्किन वा नियन्त्रणबाट बाहिर जानबाट रोक्न सकियोस् ।

यदि वाशिङ्गटन र लन्डन साँच्चै लाल सागरमा सङ्कटको अन्त्य चाहन्छन् भने, एकमात्र उपाय भनेको गाजा सङ्कटको अन्त्य गर्नु, फिर्ता लिनुपर्ने सेना र हतियार फिर्ता लिनु, गलत समर्थन अन्त्य गर्नु र आवश्यक पर्ने ठाउँमा दबाब दिनु हो ।

***- ग्लोबल टाइम्स अनलाइनबाट***
***अनुवाद : प्रकाश***

# अमेरिकाले आफ्नो एक चीन नीतिको विश्वसनीयता गुमाइरहेको छ

**यी जिन**

ताइवानमा अत्यधिक राजनीतिकरण गरिएको सप्ताहन्तपछि ८० भन्दा बढी देशहरूले एक चीन सिद्धान्तप्रति आफ्नो प्रतिबद्धता पुनः पुष्टि गर्न अगाडि आएका छन् । यसको विपरीत संरा अमेरिका रहेको छ, उसले ताइवान जलडमरूमा तनाव बढाउने र चीन-अमेरिकाको सकारात्मक गतिलाई खतरामा पार्ने धम्की दिने कदममा 'ताइवान स्वतन्त्रताका लागि व्यावहारिक कार्यकर्ता' दाबी गरिरहेका ताइवानको डीपीपी नेतालाई बधाई दिँदै एक विज्ञप्ति जारी गऱ्यो ।

जे होस्, संरा अमेरिकाले एउटा कुरा भन्ने र उल्टो गर्ने ट्र्याक रेकर्डलाई हेर्दा यो कुनै अचम्म मान्नुपर्ने कुरा पनि होइन । उसले दाबी गर्छ कि उसको एक-चीन नीति छ, तर 'ताइवान सम्बन्ध ऐन, र ६ वटा आश्वासनहरूद्वारा निर्देशित' जस्ता मापदण्डहरू र चेतावनीहरू थपेर आफ्नो घोषित तीतिलाई कमजोर पारिरहेको छ । उसले 'ताइवानको स्वतन्त्रता' लाई समर्थन गर्दैन, तर टापुका नेतालाई 'राष्ट्रपति' भनेर सम्बोधन गर्न जारी राख्छ र ताइवानलाई सार्वभौम राज्यहरूका लागि मात्र बनेका अन्तर्राष्ट्रिय संस्थाहरूमा समावेश गर्ने प्रयास गरिरहेको छ । संरा अमेरिकाले क्रस-स्ट्रेट (अन्तर राज्य) शान्ति र स्थिरताको लागि प्रतिबद्ध भएको दाबी गर्छ, तर टाइवान टापुलाई सशस्त्र बनाउन हतियारहरू बेच्न जारी राख्छ । यस्ता कार्यको सूची लामो छ । कसैलाई पनि संरा अमेरिकाको शब्दहरू गम्भीरतापूर्वक लिन वा पत्याउन गाऱ्हो छ ।




यस्तो दोहोरोपन यो हप्ता फेरि प्रदर्शन गरेको छ । यसलाई 'राष्ट्रपति चुनाव' भनिएकोमा बधाई पठाउँदा र पूर्ववरिष्ठ अधिकारीहरूलाई ताइवानमा पठाउँदै, यो बयान र उच्च-स्तरीय प्रतिनिधिमण्डलको उदाहरणहरू उद्धृत गर्दै 'ताइवान स्वतन्त्रता' लाई समर्थन गर्दैन भनेर दोहोऱ्याउन ढिलो गरेन । तर गलत कार्यहरू 'हामीले सधैँ यसो गर्दै आएका छौं' भनेर व्याख्या गरिनु हुँदैन ।

यदि संरा अमेरिका आफ्ना उदाहरणहरू पछ्याउन गम्भीर छ भने वर्तमान अमेरिकी प्रशासनले 'ताइवान स्वतन्त्रता' को विरोध गर्न किन पुनः प्रतिबद्धता किन गर्दैन, जुन धेरै अमेरिकी राष्ट्रपतिहरूले कार्यालयमा हुँदा भनेका थिए ?

अझ नराम्रो कुरा संरा अमेरिकाले कूटनीतिक दर्जा निर्धारण गर्ने रणनीतिमा ती नराम्रा उदाहरणहरूलाई अझ अगाडि बढाइरहेको छ । उदाहरणका लागि, ताइवानको क्षेत्रीय नेतृत्व परिवर्तनसम्बन्धी कथनलाई लिऔं । यसलाई सन् २०१६ मा राज्य विभाग प्रवक्ताको स्तरबाट माथिबाट २०२० र २०२४ मा विदेशमन्त्री स्तरमा बढुवा गरिएको छ । चुनावपछिको 'अनौपचारिक' प्रतिनिधिमण्डल पठाउँदा विगतमा जस्तै उद्घाटनसम्म पर्खनुको सट्टा अमेरिकाले सही काम गरिरहेको छ । नतिजा बाहिर आएपछि र प्रतिनिधित्वको स्तर पनि बढेको छ, यसपटक पूर्वराष्ट्रिय सुरक्षा सल्लाहकार स्टीफन ह्याडली र राज्यका पूर्व उपसचिव जेम्स स्टेनबर्गजस्ता उच्च-प्रोफाइल व्यक्तित्वहरू पठाइएका छन् ।

यी वृद्धिशील राजनीतिक चालचलनहरूसँग समानान्तरमा, अमेरिका पनि सैन्य रूपमा सक्रिय छ । यसले ताइवानमा थप हतियारहरू पठाइरहन्छ र पहिलोपटक विदेशी सैन्य वित्तिय कार्यक्रमलाई आर्थिक स्रोतको रूपमा प्रयोग गरिरहेको छ, जुन सार्वभौम राज्यहरूको लागि मात्र प्रयोग गरिएको छ । अमेरिकाले ताइवानमा आफ्नो सेनाको उपस्थिति विस्तार गरिरहेको छ र १९७० पछि पहिलोपटक प्रशिक्षणको लागि ताइवानबाट दुई बटालियन स्थल सेनाहरू प्राप्त गरिरहेको रिपोर्ट छ ।

यी सबैलाई अमेरिकी सहायक रक्षा मन्त्री एली रेटनरका शब्दहरूको सन्दर्भमा बुझ्न सजिलो छ । रेटनरले व्यावहारिक रूपमा ताइवानलाई एक रणनीतिक सम्पत्तिको रूपमा वर्णन गरे जुन 'इन्डो-प्यासिफिकमा महत्त्वपूर्ण अमेरिकी हितहरूको रक्षाको लागि महत्त्वपूर्ण छ ।'

अमेरिकी सरकारका विभिन्न शाखाहरूमा रहेको असन्तुष्टिले पनि यसको एक चीन नीतिलाई चित्रण गर्छ । काङ्ग्रेसमा 'चीन खतरा' को प्रचार गर्ने र ताइवान जलडमरूमा आगो लगाउनेबाहेक अरू केहीमा चासो नराख्ने युद्धपिपासुहरूको प्रभुत्व रहेको देखिन्छ । र कार्यकारी शाखा यसबारे केही गर्न इच्छुक र असक्षम देखिन्छ, एक चीन नीतिलाई सम्पूर्ण अमेरिकी सरकारमा लागू गर्न छोडेका छन् ।

कूटनीतिक, सैन्य र राजनैतिक क्षेत्रमा यी सबै प्रतिगामी कदमहरूले अमेरिकाको चीन नीतिको विश्वसनीयतालाई कमजोर गर्दैछ । यसले प्रदान गर्ने केही आश्वासनहरू शङ्कास्पद देखिन्छन् । विदेश मामिलाको लेख 'ताइवान एन्ड द ट्रु सोर्सेस अफ डिटेरेन्स' मा अमेरिकी विज्ञहरूले आश्वासन भनेको थप प्रभावकारी प्रतिरोधको माध्यम हो भनी तर्क गरेका छन् । अर्को शब्दमा भन्नुपर्दा, संरा अमेरिकाको चीन रणनीतिको केन्द्रबिन्दुमा प्रतिरोध र नियन्त्रण नै रहेको छ ।

यदि अमेरिकाले आफ्नो एक चीन नीतिको विश्वसनीयताको बारेमा केही चासो राख्छ भने, अब इमानदारी देखाउने समय आएको छ । यसले गर्न सक्ने धेरै कदमहरू छन्: 'ताइवानको स्वतन्त्रता' को स्पष्ट रूपमा विरोध गर्दै, ताइवानलाई आफ्नो हतियार बिक्री बन्द गर्ने र चीनको शान्तिपूर्ण पुनर्मिलनका लागि समर्थन व्यक्त गर्ने । यी कार्य वास्तविक एक चीन नीति पालना गर्ने आधारभूत कुराहरूबाहेक अरू केही होइनन् ।

***(लेखक पेइचिङस्थित अन्तर्राष्ट्रिय मामिलाका टिप्पणीकार हुनुहुन्छ ।)***

***-पिपुल्सडेली अनलाइनबाट***
***अनुवाद : प्रकाश***

# "इजरायली सेनाले मेरो छोरालाई नाजी शैलीमा मार्‍यो"

✍ वाट रिड




"एक इजरायली आमाको क्रन्दनले इजरायलमा विष्फोटको झिल्को बालेको छ । इजरायली सेनाले गाजाको सुरुङमा राखिएको आफ्नो छोरालाई जानाजान ग्यास फालेर मारेको ती आमाको आरोप छ । इजरायली सेनालाई आलोचना गरिएको आफ्नो सन्देश भाइरल भएपछि उनले आफ्नो छोराको लास गाडिएको ठाउँबाट इजरायली सेनाले समाधिलेख नै हटाएको बताएकी छिन् ।

इजरायली कैदीलाई गाजामा इजरायली सेनाले जुन शैलीमा मार्दै छ, सोही शैलीमा ती महिलाका छोरा मारिएका छन् । यो घटनासँगै बन्धक साटासाट रोक्नका लागि इजरायली सेनाले हमलामा जोड दिइरहेको विषयले सर्वत्र ठाउँ पाएको छ ।"

हमास लडाकुहरूले अक्टोबर ७ मा पक्राउ गरेका इजरायली सैनिक मारिएका छन् । उनलाई प्यालेस्टिनी प्रतिरक्षा लडाकुहरूले नभई इजरायली सेनाले मारेको उनकी आमाले भनेकी छिन् । फेसबुकमा हालै प्रकाशित पोस्टमा ती इजरायली आमा माएन शेर्मानले आफ्नो छोरा रोनलाई 'हमासले नभई अस्विज शैलीमा हत्या गरिएको' लेखिन् । (अस्विज पोल्यान्डमा हिटलरको सेनाले निर्माण गरेको एउटा कुख्यात नाजी यातनागृह थियो । त्यहाँ यहुदी कैदीहरूलाई बन्द कोठामा नुहाउन पठाएर धाराबाट ग्यास छोडी मारिन्थ्यो । अनु.)

आफ्नो छोरा 'दूघर्टनापूर्ण गोलीबारी वा गोलीहानाहानबिच नभई विषालु ग्यासको प्रहारबाट नियोजित रूपमा मारिएको' उनले लेखिन् ।

"सेनाका सम्पूर्ण उच्च अधिकारी र यो दुष्ट सरकारको अपराधपूर्ण बेवास्ताका कारण रोनको अपहरण भयो । पछि यही सरकारले केही आतङ्कवादीहरूसँग दुश्मनी साँध्न उसलाई नामेट पार्ने आदेश दियो ।" उनले लेखिन् ।

शेर्मानको लासलाई उनका सहकर्मी सैनिकहरू निक बेइजर र इलिया टोलडानोको लाससँगै डिसेम्बरमा गाजाको एउटा सुरुङबाट निकालिएको थियो । मूलधारका मिडियाले पहिले प्यालेस्टिनी पक्षले कम्तीमा एक बन्धकको हत्या गरेको आरोप लगाएका थिए । त्यसलाई 'हमासले गरेको हत्या' भनेर झूटो कुरा प्रचार गरिएको थियो ।

इजरायलले ती तीनको मृत्युको विषयमा थप सूचना दिन मानेन । उसले प्रेस वक्तव्यमा लेख्यो, "तिनीहरू इजरायली प्रतिरक्षा बलको हमला वा हमासको कारबाहीका कारण निसासिएर, छटपटिएर वा विषका कारण मारिएको कुरा यकिनसाथ स्वीकार वा अस्वीकार दुवै गर्न सकिन्न ।" तर, शेर्मानकी आमाले सम्पूर्ण तथ्यप्रमाणबाट इजरायल सरकारले नै आफ्नो छोराको नियोजित हत्या गरेको पुष्टि हुने दाबी गरेको भन्छिन् ।

शोकमग्न आमाले भनिन्, "हरे, तिनीहरूले उसका औँलाहरू बटारिएको अवस्थामा भेटे । इजरायली सेनाले खनेको विषालु चिहानबाट फुत्किने असफल प्रयास गर्दागर्दै उसको सास गयो । ताजा हावामा सास फेर्न खोज्दा उसले इजरायली सेनाले फालेको विषालु ग्यास मात्र पायो ।"

शेर्मानले आफ्नो निष्कर्ष यसरी लेखिन् - "हे प्यारा, कस्तो दुर्दशा भोग्नुपर्‍यो तिमीले । तिम्रो सट्टा बरु मै मरेको भए जाती हुने थियो । तिमीले विश्वास गरेको इजरायली सेनाले, तिमीले सम्मान गरेको इजरायल सरकारले मिलेर तिमीलाई असाध्यै भयानक मृत्यु दिए बा ।"

इजरायल सरकारतिर धारे हात लगाउँदै शेर्मानले प्रश्न गरिन् - "बिबीको छोरा वा गालान्टको नाती त्यो सुरुङमा हुन्थ्यो भने पनि के यस्तै निर्णय लिइने थियो ? के ग्यास बमले तिमीहरूमाथि पनि विष फालिने थियो ?" (बेन्जामिन नेतन्याहुलाई छोटकरीमा बिबी भनिन्छ भने गालान्ट इजरायली रक्षामन्त्री हुन् । अनु.)

इजरायली नागरिकहरूमध्ये थोरैले मात्र अहिले आफ्नो सरकारको खुलेर आलोचना गरेका छन् । इजरायली उच्च अधिकारीहरूको निन्दा गर्ने शेर्मान तिनै आलोचकमध्ये एक हुन् । अक्टोबर ७ को घटनापछि नेतन्याहु सरकारले वाक स्वतन्त्रतामा कडिकडाउ गरेको छ । युद्धविरामको पक्षमा आवाज उठाउने इजरायली जनतालाई आतङ्कवादीहरूमाथि सहानुभूति राखेको आरोपमा इजरायल सरकारले लामो समयका लागि कारागारमा थुन्दै छ ।

इजरायली अधिकारीहरूको भर्त्सना गर्ने शेर्मानको आवाज यही रोकिन्न । आफ्नो छोराको समाधिलेखमा उनले लेख्न लगाइन् :

"हवल्दार रोन शेर्मानलाई इजरायली सरकारले गाजामा अपहरण गरायो, बेसहारा छोड्यो र बलि चढायो ।"

त्यो लेखोट पछि फेरियो । उनले इजरायली अधिकारीहरूलाई निन्दा गरेको भोलिपल्ट स्थानीय सञ्चार माध्यममा चर्काचर्की सुरु भयो । शेर्मानले आफ्नो फेसबुकमा इजरायली सेनाले छोराको चिहानबाट समाधिलेख नै लुटेको लेखिन् ।

उनले लेखिन्, "इजरायली सेना र रक्षा मन्त्रालयले तथ्य ढाकछोप गर्न मैले मेरो छोराको समाधिमा राखेको समाधिलेख नै हटायो । दिवंगत व्यक्तिकी आमाको रूपमा मेरा लागि त्यो समाधिलेख निकै महत्त्वपूर्ण थियो तर मेरो अनुमति नै नलिई रक्षा मन्त्रालयले त्यसलाई हटायो । अरुको हत्या गर्न तिनीहरूले रोनलाई बाटोबाट हटाएको तथ्य लुकाउन खोजे । रोनको समाधिलेख हटाएपछि तथ्य अलप हुने तिनीहरूले ठाने ।"

तर, तथ्य त तथ्य हो । शेर्मानले लेखिन् - "बिपत्तै दुष्ट सरकार र उसको असफल सेनाका कारण रोन अपहरणमा परेको थियो ।"

यद्यपि 'तिनीहरूले उसकी आमालाई उसको चिहानमा समाधिलेख लेख्न अनुमति दिए । यसबाहेक केही बाँकी छोडेनन् । मैले खाफ्नै खल्तीबाट पैसा हालेर समाधिलेख लेखाएँ । तर उसको हत्यालाई ढाकछोप गर्न रक्षा मन्त्रालयले त्यो समाधिलेख पनि हटाइदियो ।' उनले लेखिन् ।

रोनकी आमाले लेखिन् - "यो सरकार र रक्षा मन्त्रालयले आफ्नो पोल खुल्ने डरले तथ्य-प्रमाण लुकायो । अपहरणमा परेको युवालाई बलि चढायो र शोकसन्तप्त परिवारजनलाई बेसहारा छोड्यो ।"

**के इजरायली सेनाले गाजामा बन्धक बनेका इजरायलीहरूको योजनाबद्ध हत्या गर्दै छ ?**

इजरायली सेनाले आफ्नो छोरालाई ग्यास फालेर मारेको शेर्मान परिवारको आक्रोशपूर्ण आरोपपछि जनवरी १५ मा अल-कासिम ब्रिगेडले बन्धकहरूको एउटा भिडियो सार्वजनिक गर्‍यो । अल-कासिम ब्रिगेड हमासको सशस्त्र दस्ता हो । भिडियोमा नोआ आर्गामानीको बयान छ । अक्टोबर ७ को दिन नोभा साङ्गीतिक कार्यक्रममा सहभागी भएका उनलाई दक्षिण इजरायली क्षेत्रबाट हमासको दस्ताले बन्धक बनाएको थियो ।

आर्गामानी इजरायली हवाइ हमलाबाट बल्लतल्ल बाँचेकी थिइन् । उनले अहिले धेरै घाइतेहरूको हेरविचार गर्दै छिन् । उनले भनिन् :

"मलाई एउटा भवनमा राखिएको थियो । त्यहाँ इजरायली सेनाले हवाइ बमबारी गर्‍यो । हामी तीनजनालाई एफ-१६ मिसाइलले लाग्यो । दुइटा मिसाइल पड्के । एउटा पड्किएन । भवनमा हामीसँगै अल-कासिम ब्रिगेडका सिपाही र हामी तीनजना बन्धक थियौँ । म, इताइ सभिर्स्की र योसी शाराबी । हामी बसेको भवनमा बमबारी भएपछि हामी सबै भग्नावशेषले पुरियौँ । अल-कासिमका सिपाहीहरूले म र इताइलाई उद्दार गरे । तर, हामीले कसैगरी पनि योसीलाई बचाउन सकेनौँ । धेरै दिनपछि इताइ र मलाई अन्तै सारियो । सार्ने क्रममा इताइ इजरायली सेनाको हवाइ हमलामा परे र बाँच्न सकेनन् ।"

इजरायली सरकारतिर औँल्याउँदै आर्गामानीले भनिन् :

"इताइ सभिर्स्की र योसी शाराबी हाम्रो आफ्नै इजरायली सेनाको हवाइ बमबारीका कारण मारिए । यो पालगपन बन्द गर र हामीलाई घर फर्किन देऊ ।"

जनवरी १४ मा अक्टोबर ७ को १०० दिन पुग्यो । नोआ आर्गामानीकै शैलीमा रोन शेर्मानका बाबु अलेक्सले तत्काल वार्ता गरी बन्धकहरूलाई छुटाउन आह्वान गरे । उनले भने, "समय सक्किँदै छ । इजरायली सरकारलाई हाम्रो सन्देश यही हो ।" बन्धकहरूका परिवारजनले आयोजना गरेको जुलुसलाई सम्बोधन गर्दै अलेक्सले भने, "बन्धक बनेका जोकोही तपाइँको बाबु, छोरा वा छोरी हुनसक्छ । बन्धक फिर्ता गर्नु नै अन्तिम र एकमात्र उद्देश्य हो । अर्को बाटो छैन ।"

बिडम्बना गाजामा सास्ती भोगिरहेका इजरायली बन्धकहरूको लागि तिनीहरूको सरकारले उति चासो दिएको छैन । इजरायल सरकारले बन्धक साटासाट गर्ने वा सम्झौता गर्ने विषयमा रुचि देखाएको छैन ।

अक्टोबर ७ पछि इजरायली सेनाले ठूलो मात्रामा




'हनिबल निर्देशिका' जारी गर्‍यो । इजरायली सेनालेबन्धकहरू राखिएका घर र गाडीहरूलाई तारो बनाएर गोली हान्न भन्यो । ट्याङ्क र मिसाइलले बन्धक राखिएका घर र गाडीमा प्रहार गर्‍यो । त्यो हमलाका कारण धेरै इजरायली सर्वसाधारणको हत्या भयो । इजरायली सुरक्षा निकायका उच्च अधिकारीहरूको हवाला दिँदै रोनेन बर्गमान र योआभ जेइटनले एउटा अनुसन्धानमूलक समाचार लेखे । सो समाचार अनुसार इजरायली सेनाको उद्देश्य इजरायलले कैदमा राखेका धेरै प्यालेस्टिनी बन्धकहरूलाई साटासाट गर्दा इजरायललाई राजनीतिक रूपमा धेरै घाटा पर्ने हुँदा त्यसलाई रोक्न 'हनिबल निर्देशिका' जारी गरिएको थियो ।

इजरायली आक्रमणका कारण गाजाभित्र मात्र कम्तीमा ३६ इजरायली बन्धकहरू मारिएका छन् । शेर्मान, सभिर्स्की र शाराबीबाहेक समिर अल-तलाल्का, एलन शाम्रिज र योताम हाइमलाई इजरायलको गालनी ब्रिगेडका सिपाहीहरूले गोली हानी मारेका थिए । लुगा खोलेर हातमा सेतो झन्डा फहराउँदै र हिब्रु भाषामा गुहार माग्दै इजरायली सेनानजिक गइरहेको अवस्थामा तिनलाई भटाभट गोली हानिएको थियो ।

गाजामा मारिने इजरायली बन्धकमा यार्डेन बिबस पनि एक हुन् । अल-कासिम ब्रिगेडले डिसेम्बर १३ मा बन्धकहरूको एउटा भिडियो सार्वजनिक गर्‍यो । भिडियोमा धर्धरी रोइरहेका बिबसले इजरायलले हवाइ बमबारी गरेर आफ्नी पत्नी शेरी र दुई सन्तान एरियल र कफिरको हत्या गरेको आरोप लगाए ।

इजरायली सेनाका प्रवक्ताले बिना प्रमाण बिबसको परिवार जीवित नै रहेको अड्डी लिए । प्रवक्ताले बिबसको भिडियोमार्फत गरिएको 'मनोवैज्ञानिक युद्ध' लाई इजरायली नागरिकहरूले बेवास्ता गर्नुपर्ने बताए ।

सैनिक कारबाही सुरु गरेको १०० दिन नाघिसक्दा समेत बन्धक छुटाउन नसक्नु इजरायलको असफलता हो । यसबिच उसले निःसन्देह आफ्नै नागरिकहरूको हत्या गर्‍यो । यति हुँदाहुँदै पनि बहुमत यहुदी इजरायलीहरू गाजामाथि बमबारी गर्नुपर्ने पक्षमा छन् । जनवरी २ मा गरिएको एक मतसर्वेक्षणमा ५६ प्रतिशत उत्तरदाताले गाजामा सैनिक कारबाही जारी राख्नु नै बाँकी बन्धकहरूलाई छुटाउने उत्तम उपाय भएको बताए । जब कि गत डिसेम्बरमा गरिएको बन्धक आदानप्रदानमा धेरै इजरायली बन्दीहरू घर फर्केका थिए । २४ प्रतिशत उत्तरदाताले मात्र हमाससँग सम्झौता गर्नुपर्ने विचार राखे ।

बदला लिनुपर्ने विचारमा जोड दिने इजरायली नागरिकहरूको सङ्ख्या बढ्दो छ । यससँगै युद्धविराम गर्नुपर्ने विचार राख्ने नागरिकहरूलाई इजरायली प्रहरीले क्रूरतापूर्वक दबाउँदै छ । इजरायल सरकारका कट्टरपन्थी मन्त्रीहरूबन्दी आदानप्रदानलाई 'घातक' भन्दै छन् । यो परिदृश्यबिच गाजामा रहेका इजरायली बन्धकहरूको भविष्य अँध्यारो बन्न पुगेको छ ।

केही इजरायली विश्लेषकहरूले राजनीतिक सहुलियतबाट हमासलाई वञ्चित राख्न इजरायली सेनाले नियोजित रूपमै इजरायली बन्धकहरूलाई खोजीखोजी निसाना बनाइरहेको खुलेर लेख्दै छन् । हारेत्ज पत्रिकामा इजरायली समाजशास्त्री यागिल लेभीले लेखे, "गाजामा बन्धकहरू राखिएका क्षेत्रहरूमा नै बमबारी गर्ने (इजरायल) सरकारको निर्णयलाई 'हनिबल निर्देशिका' कै विस्तार मान्न सकिन्छ ।"

इजराली सरकारमा रहेका चरम दक्षिणपन्थी तत्त्वहरू बन्दी आदानप्रदानलाई हमासलाई 'ध्वस्त पार्ने' उद्देश्यको विपरीत ठान्छन् । लेभी लेख्छन् :

"त्यसैले बन्धकहरूलाई बलिमा चढाउनुलाई अर्को अर्थपूर्ण पाइलाको रूपमा हेरिएको छ ।"

***(वाट रिड 'द ग्रेजोन' का प्रबन्ध निर्देशक हुन् । उनले दर्जनौँ देशका लुकेका कथा बाहिर ल्याएका छन् ।***
***एमआर अनलाइन । सम्यक)***

# बैङ्किङ कसुर मुद्दा एक 'हाउगुजी'

**सर्वसाधारण जनताले दशकर्म रगत पसिना, दुःख गरी कमाएको पैसाबाट राज्यलाई तिरेको करले राष्ट्रको उन्नति, प्रगतिको पथमा लाग्नुपर्ने, शान्ति सुरक्षा र न्याय सुशासनको मार्गमा अघि बढ्नुपर्ने प्रहरी प्रशासन, सरकारी वकिल, न्यायाधीश र न्यायालय व्यापारीका पैसा असुल गर्न लेनदेन व्यवहारका अर्को पक्षलाई थुना/हिरासतमा राख्दै पैसा असुली गर्ने हजारौँ मुद्दामा दिनहुँ लाग्नुपर्ने अवस्था विडम्बनापूर्ण हुँदा यस्तो अवस्थाको यथासक्य चाँडो समाधानको अर्को विकल्प खोज्नु आवश्यक छ ।**



✍ रामप्रसाद प्रजापति

### बैङ्किङ कसुर मुद्दा बाध्यात्मक कानुन

नेपाल सरकारले बैङ्किङ तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने कसुरजन्य कार्यबाट बैङ्क तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैङ्किङ तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न बैङ्किङ कसुर तथा सजायका सम्बन्धमा कानुनी व्यवस्था गर्न "बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४" जारी गरेको ऐनको प्रस्तावनामा उल्लेख गरेको पाइन्छ । जसअनुसार बैङ्किङ तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गर्ने उद्देश्यले जारी भएको देखिन्छ ।

बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ ले अनधिकृत रूपमा खाता खोल्न वा रकम भुक्तानी माग गर्न नहुने शीर्षकमा हुन सक्ने बैङ्किङ कसुरका सम्बन्धमा शीर्षकसँग मेल नखाने गरी उक्त दफा ३ (क) र (ख) पछि २०७३ सालमा भएको ऐनको पहिलो संशोधनले उपदफा (ग) थप्दै आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिएमा बैङ्किङ कसुर हुने र बिगो (थैली) रुपैयाँको मात्राअनुसार दश लाख रुपैयाँसम्मको बिगो भएमा एक वर्षसम्म कैद, सोभन्दा माथि पचास लाखसम्म भए दुईदेखि तीन वर्षसम्म कैद, एक करोडसम्म भए तीनदेखि चार वर्षसम्म, दश करोडसम्म बिगो भए चारदेखि छ वर्षसम्म, पचास करोडसम्म भए छदेखि आठ वर्षसम्म, एक अर्बसम्म भए आठदेखि दश वर्षसम्म र एक अर्बभन्दा माथि जतिसुकै भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था गरेको पाइन्छ ।

यसरी शीर्षकमा खाता खोल्न वा रकम भुक्तानी माग गर्न नहुने भनिए तापनि दफा ३ (ग) मा आफ्नो खातामा रकम नभएको जानी जानी चेक काट्नेलाई उल्लिखितबमोजिमको सजाय हुने कानुनी व्यवस्था जबरजस्ती प्रवेश गराएको बताइन्छ ।

कसले प्रवेश गरायो होला त ? भन्ने प्रश्नमा उल्लिखित कानुनी व्यवस्था रकम भुक्तानी लिन पर्ने ठूलठूला व्यापारीहरूले आफ्नो बाँकी बक्यौता उठाउन सक्ने कानुनी हतियार तयार गर्न बैङ्क तथा वित्तीय संस्था तथा सरकारी मानिसहरूको मिलोमतोमा उक्त कानुन तयार गरेको व्यापक चर्चा छ ।

अन्यथा बैङ्किङ कारोबार नभएका तथा कारोबार भए तापनि ससाना रकमको चेक काटी लिनेदिने गर्दै विश्वास र व्यावहारिक आधारमा कारोबार गर्दै आएका ससाना व्यापारीहरूका लागि उल्लिखित कानुनी व्यवस्थाले कुनै सकारात्मक असर र परिणाम ल्याउन सक्ने अवस्था देखिन्न ।

बरु उल्टै ठूला व्यापारी, उद्योपतिहरूले ससाना कारोबारीहरूलाई समेत ससाना रकमको चेक काटी दिएका भरमा पनि प्रहरीमा जाहेरी दिई पक्राउ गर्न लगाउने, बैङ्किङ कसुरसम्बन्धी मुद्दा चलाउन लगाउने, थुन्न लगाउनेजस्ता नकारात्मक असर व्यापक देखिन थालेको छ ।

### हरेक दिन हरेक जिल्लामा दर्जनौँ मुद्दा

दैनिक जसो हरेक जिल्ला अदालतहरूमा दर्जनौँ बैङ्किङ कसुरका मुद्दाहरू पेशी चढ्ने गरेको देखिन्छ । एकातिर त्यसै नै अदालतहरूमा मुद्दाको चाङ्ग लाग्ने गरेको समाचार नौलो होइन भने अर्कोतिर बैङ्किङ कसुर मुद्दाका आरोपीहरूलाई पक्राउ गरी हिरासतमा राखी अनुसन्धान गरी निचोडमा पुग्न निकै ठूलो जनशक्ति, धनराशी र कानुनी प्रक्रिया पुऱ्याउनपर्ने देखिन्छ ।

जस्तो उदाहरणको लागि सामान्य कारोबारीहरूबिच २/४ लाख रुपैयाँको कारोबार गर्दाको अवस्थामा बैङ्क खातामा पर्याप्त रकम नभएको कारणले चेक बाउन्स (अनादर) भयो भने चेक पाउने पक्षले चेक दिने पक्षका विरुद्ध प्रहरीमा बैङ्किङ कसुर गरेको सम्बन्धमा जाहेरी दरखास्त दिन सक्ने भयो ।

जाहेरी दरखास्त पर्न आएपछि प्रहरीले जाहेरी दर्ता गर्ने, आरोपी प्रतिवादीलाई पक्राउ पुर्जी जारी गर्न अदालतबाट अनुमति लिने, अनुमति पाएपछि आरोपित व्यक्तिको खोजतलास गरी पक्राउ गर्ने, पक्रिएका मानिसलाई हिरासतमा राख्ने, हिरासतमा राखिएका मानिसको सुरक्षा, स्वास्थ्य उपचारलगायतका कुराहरूको ख्याल गर्नुपर्ने, अनुसन्धान गर्न म्याद थप गर्न सरकारी वकिलमार्फत अदालतमा हाजिर गराउने, जिल्ला न्यायाधीशको आदेशबाट म्याद थप गर्ने आदेश गर्ने, सोहीबमोजिमको पत्राचार गर्ने, प्रहरीले बैङ्किङ कसुर भए नभएको अनुसन्धान गर्ने, प्रहरीले अनुसन्धान प्रतिवेदन तयार गर्ने, सरकारी वकिलले अभियोगपत्र तयार गरी जिल्ला अदालतमा दर्ता गर्ने, दर्ता भएका मुद्दाहरूको कारबाही गर्ने प्रयोजनका लागि प्रहरी प्रशासन, सरकारी वकिल कार्यालय तथा जिल्ला अदालतहरूको निकै ठूलो जनशक्ति, धनराशी, श्रम र समय खर्चिने गरेको पाइन्छ ।

जिल्ला अदालतबाट फैसला भएपछि पनि बैङ्किङ कसुरको मुद्दा नटुङ्गिन सक्छ । चित्त नबुझ्ने पक्ष माथिल्लो उच्च अदालतमा र उच्च अदालतले गरेको फैसला उपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्न जाने अवस्था आउन सक्छ ।

यसरी एउटा सामान्य लेनदेन व्यवहारसँग सम्बन्धित २/४ लाख रुपैयाँको कारोबारका सम्बन्धमा बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ ले गरेको कानुनी व्यवस्थाबमोजिम एउटा मुद्दाको कारबाही गर्न राज्य अर्थात् सरकारको लाखौँ रुपैयाँ बराबरको धनसम्पत्ति (बजेट) खर्च हुनुले देशभरका ७७ जिल्लामा हरेक दिन दर्जनौँ बैङ्किङ कसुरका मुद्दामा कारबाही/अनुसन्धान र फैसला गर्दैगर्दा राज्यको ढुकुटी कसरी रित्तँदैछ भन्ने एकातिर प्रस्ट हुन्छ भने अर्कोतिर शान्ति सुरक्षा, देशको विकास निर्माण तथा न्याय र सुशासनको लागि खटिनुपर्ने प्रहरी, राष्ट्रसेवक कर्मचारी तथा न्यायालय एउटा व्यक्ति र व्यापारीको लेनदेनसम्बन्धी कारोबारको रकम उठाई भराई दिन दिनहुँ करोडौँ र अरबौँ रुपैयाँ खर्चेर शक्तिहीन हुँदै लाग्नुपरेको विडम्बनापूर्ण अवस्था देखिन्छ ।

बैङ्किङ कारोबार गर्दा चेकमार्फत मात्र कारोबार हुने त होइन । तर चेकमार्फत नै कारोबार गर्नुपर्ने अवस्था भएमा यदि ठूलो रकम अर्थात् करोडौँ रुपैयाँको कारोबार छ भने बैङ्कले गुड फर पेमेन्ट अर्थात् बैङ्क खातामा चेकबमोजिमको पर्याप्त रकम छ भन्ने कुराको प्रमाणित गराएर मात्र कारोबार गर्न सकिन्छ ।

यसरी चेकमार्फत कारोबार गर्ने पक्षहरू आफू चनाखो नहुने, कारोबार गर्दाका बखत आ-आफ्नो स्वार्थ र नाफाका लागि जस्तोसुकै कारोबार गर्ने तर आफ्नो कारोबारमा फाइदा नभएपछि अथवा आफूले भनेजस्तो नभएपछि आफूले कारोबार गर्दा लिएको चेकबमोजिमको रकम भुक्तानी नपाएको निहुँ पारी 'बैङ्किङ कसुर' जस्तो फौज्दारी मुद्दा दायर गर्न गराउन जाहेरी दिई राज्य/सरकारलाई करोडौँ रुपैयाँ भार पर्ने मुद्दा चलाई व्यक्ति/कम्पनी/व्यापारीको पैसा असुली गर्न लाग्नुपर्ने अवस्था राज्यको हित विपरीत रहेको देखिन्छ ।

### चेक काट्ने मान्छे पक्राउ गर्नैपर्ने ?

के आफ्नो खातामा पर्याप्त रकम छैन भन्ने जानी जानी चेक काट्ने व्यक्तिलाई सरकारले पक्राउ गरी थुनामा नराखे अर्को पक्षलाई साह्रै अन्यायमा पर्ने हो ? के अर्को पक्षले लिनुपर्ने रकम लिन कानुनले अर्को मार्ग दिएको छैन र ? पक्राउ गरी थुनामा नराखे समाजमा अपराध बढ्ने सम्भावना छ ?

जबकि नेपाल सरकारविरुद्ध गीता स्थापित भएको नि.नं.९८९९ को मुद्दामा आफ्नो खातामा पर्याप्त रकम नभएको कुराको जानकारी हुँदाहुँदै खाताको रकमले नखाम्ने गरी चेक काटिदिएको अवस्थामा विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ (क) अन्तर्गत चेक अनादर मुद्दा चलाउन सक्नेमा सरकार वादी फौजदारी मुद्दाअन्तर्गत मान्न सकिने अवस्था नरहने भनी बैङ्किङ कसुर नमानेको नजिर पनि रहेको छ ।

त्यस्तै निर्मला सोडारीविरुद्ध नेपाल सरकार भएको नि.नं. १०४४६ को मुद्दामा पनि कानुनमा कार्यविधिको दोहोरोपन रहेको अवस्थामा दुनियाँवादी भई चल्न सक्ने फौजदारी प्रकृतिका कसुरको न्यायिक उपचार पीडितको फिरादबाटै हुन सक्ने हुँदा सरकार वादी फौजदारी बनाई चलाउन उपयुक्त नहुने व्याख्या भएको पाइन्छ ।

### व्यक्तिको पैसा राज्यलाई भार

सर्वसाधारण जनताले दशकर्म रगत पसिना, दुःख गरी कमाएको पैसाबाट राज्यलाई तिरेको करले राष्ट्रको उन्नति, प्रगतिको पथमा लाग्नुपर्ने, शान्ति सुरक्षा र न्याय सुशासनको मार्गमा अघि बढ्नुपर्ने प्रहरी प्रशासन, सरकारी वकिल, न्यायाधीश र न्यायालय व्यापारीका पैसा असुल गर्न लेनदेन व्यवहारका अर्को पक्षलाई थुना/हिरासतमा राख्दै पैसा असुली गर्ने हजारौँ मुद्दामा दिनहुँ लाग्नुपर्ने अवस्था विडम्बनापूर्ण हुँदा यस्तो अवस्थाको यथासक्य चाँडो समाधानको अर्को विकल्प खोज्नु आवश्यक छ ।



हाल प्रचलित विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ ले गरेको आफ्नो खातामा पर्याप्त रकम नभएको कुराको जानकारी हुँदाहुँदै खाताको रकमले नखाम्ने गरी चेक काटिदिएमा चेक अनादर मुद्दा लाग्ने, चेकबमोजिमको रकम र सोको ब्याज क्षतिपूर्ति भराई लिन पाउने र ३ महिनासम्म कैद सजाय तथा जरिवाना हुने गरी दुनियाँवादी फौज्दारी मुद्दा अर्थात् दुनियाँ जो आफ्नो रकम लिनुपर्ने व्यक्ति हो; उनले आफै मुद्दा सक्ने कानुनी व्यवस्था अपर्याप्त हो भने त्यसलाई समयानुकूल परिवर्तन गर्न सकिन्छ ।

यसरी एकातिर विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ को प्रावधान हुँदाहुँदै अर्कोतिर बैङ्किङ कसुर तथा सजायसम्बन्धी ऐन, २०६४ जारी गरी त्यसमा पनि पछि व्यापारी तथा विदेशी कम्पनीहरूको दबाब तथा प्रभावमा संशोधन गरी खातामा पर्याप्त रकम छैन भन्ने जानीजानी चेक काटेमा बैङ्किङ कसुरको फौज्दारी मुद्दा लाग्ने कानुनी व्यवस्थाले व्यक्ति/व्यापारी/विदेशी कम्पनीका लेनदेन व्यवहारको रकम उठाउन राज्यले मुद्दा गरी राज्यको ढुकुटीबाट करोडौ अरबौँ रुपैयाँ खर्चिनुका साथै शान्ति सुरक्षा, राष्ट्रहित, विकास निर्माण र न्याय, मानवअधिकार तथा सुशासनमा लाग्नुपर्ने प्रहरी प्रशासन, राष्ट्रसेवक कर्मचारी तथा न्यायपालिकाको अमूल्य जनशक्ति बाध्यात्मक रूपमा लाग्नु र लगाउनुपर्ने देशहितविपरीतको कानुनी व्यवस्था खारेज गर्नु आवश्यक छ ।

२०८० माघ ७

---

## गोदावरीमा पार्टी परिषद्को निर्णयबारे छलफल कार्यक्रम

ललितपुर । नेपाल मजदुर किसान पार्टी गोदावरीको आयोजनामा गोदावरीमा नेमकिपाको परिषद्बारे एक अन्तरक्रियात्मक छलफल कार्यक्रम शनिबार भयो ।

उक्त कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले भन्नुभयो, "व्यापक कामदार जनताको सेवाको लागि बढीभन्दा बढी युवा समुदाय राजनैतिकरूपमा सचेत भई एक असल सामाजिक कार्यकर्ता बनेर समाज परिवर्तमा लाग्न आवश्यक छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनु जरुरी छ । अन्धविश्वासको विरोध गर्नु आवश्यक छ ।"

उहाँले भारतीय दूतावासले नेपालमा २० करोड रुपैयाँसम्मको योजना बनाई सिधै खर्च गर्ने र नेपालको दस हजार मेगावाट बिजुली भारतलाई दिने पुस १९ गतेको सम्झौता देशघाती भएकोले खारेज गर्नुपर्ने, नेपालीभूमि डुबानमा पर्ने गरी सिमानामा अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले एकतर्फी बनाएको बाँधहरू भत्काउनुपर्ने, नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती नदी १, फुकोट कर्णाली, पञ्चेश्वरलगायतका सन्धि सम्झौता खारेज गर्नुपर्ने र नेपाली भूमि कालापानीमा बसेका भारतीय सेनालाई तत्काल हटाउनुपर्नेमा जोड दिनुभयो ।

नेमकिपा ललितपुरका अध्यक्ष राजवीर डंगोलले भन्नुभयो, "कम्युनिस्ट मकुण्डो लगाएका एमाले, माओवादी र नेकपा (एस) ले विदेशी पुँजीको सेवा गर्ने पार्टी नेकाको बाटो लिएको हुँदा कम्युनिस्ट विचार बोकी जनतालाई राजनैतिकरूपले सचेत र सङ्गठित गर्ने जिम्मेवारी नेमकिपाका कार्यकर्तामाथि थपिएको छ भन्नुभयो ।

नेमकिपा ललितपुरका उपाध्यक्ष अशोक महर्जनले युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्ने नीति नराख्दा वैदेशिक रोजगारको नाममा सस्तो ज्यामी बन्नु परेको, ठगीमा परेको, ज्यान गुमाउनु परेको बताउनुभयो ।

उक्त कार्यक्रममा नेमकिपा गोदावरीका विष्णुभक्त महर्जन, सुजिना महर्जन, सजीव महर्जन र एसके महर्जनले पनि बोल्नुभयो ।

## 'श्रमिक' पत्रिकाको अध्ययन गोष्ठीमा केन्द्रीय परिषद् सन्देश कार्यक्रम

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा बुधबार कीर्तिपुरमा 'श्रमिक' को अध्ययन गोष्ठी भयो ।

उक्त कार्यक्रममा पार्टीको ३५ औँ केन्द्रीय परिषद्बाट पारित निर्णय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावबारे कार्यकर्ताहरुलाई सन्देश दिने कार्य भयो ।

कार्यक्रममा नेमकिपाका पूर्वकेन्द्रीय सदस्य प्रशान्त महर्जनले धर्म र संस्कृतिबारे इतिहासबाट शिक्षा लिनुपर्ने, धर्मको नाममा राजनीतिबाट टाढा राख्ने विषयमा पनि सजग हुनुपर्ने बताउनुभयो ।

पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले ३५ औँ केन्द्रीय परिषद्बाट पार्टीको स्थापना वर्षभरि नै विभिन्न कार्यक्रम गरी मनाउने, पार्टी प्रकाशन र 'श्रमिक' र 'मजदुर' अध्ययनमा जोड दिई पार्टी कार्यकर्तामा अध्ययन संस्कृति वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले विश्व सर्वहारावर्गका महान गुरुहरूको जीवनी पेरिस कम्युन, अक्टोबर समाजवादी क्रान्ति, क्युवा, चीन, प्रजग कोरिया समाजवादी देशहरूले विश्वलाई दिएको योगदानबारे अध्ययन गरी जनतालाई सचेत र सङ्गठित पार्न निरन्तर लाग्नुपर्ने बताउनुभयो ।

नेमकिपा कीर्तिपुर नगर समितिका कोषाध्यक्ष कान्छाबाबु महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा कीर्तिपुरका अशोक डंगोल, अविरमान महर्जन, रामगोपाल महर्जन र विन्दिरा महर्जनले पनि बोल्नुभएको थियो ।

## कार्यकर्ताहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिबारे सुसूचित हुनुपर्ने

रामेछाप । नेपाल मजदुर किसान पार्टी रामेछाप जिल्ला समितिको आयोजनामा सोमबार काठमाडौँमा कार्यकर्तामाझ नेमकिपाको ३५ औँ केन्द्रीय परिषद्को प्रतिवेदन, प्रस्ताव र निर्णयबारे अन्तरक्रिया भयो ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले पार्टीका अध्यक्ष रोहितले व्यापक कामदार जनताको सेवाको लागि बढीभन्दा बढी पूर्णकालीन कार्यकर्ता बनेर पार्टीको काममा लाग्नु जरुरी भएको, पार्टीसँग जीवित सम्पर्कमा रहेर राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनुपर्ने, पार्टीभित्र प्रतिक्रियावादीहरू घुस्न सक्नेबारे सचेत हुनुपर्ने, पार्टी कार्यकर्ताले अन्धविश्वासको विरोध गर्नुपर्ने, पुर्खाले सिर्जेको वास्तुकला र संस्कृतिलाई संरक्षण गर्नु आवश्यक भएको बताउनुभएको उल्लेख गर्नुभयो ।

उहाँले स्थापना दिवसको अवसरमा पार्टी र जनवर्गीय सङ्गठनको प्रत्येक तहको समितिमा पार्टी प्रकाशन, क्रान्तिकारी नेताहरूको जीवनी, विश्वका मजदुर र कम्युनिस्ट आन्दोलनहरूबारे अध्ययन र अन्तरक्रिया गर्नुको साथै पार्टीले देश र जनताको पक्षमा पुऱ्याएको योगदान र उपलब्धिबारे सुसूचित गर्दै जानुपर्ने परिषद्मा निर्णय भएको बताउनुभयो ।

नेमकिपा रामेछापका आरके श्रेष्ठले ख्वप विश्वविद्यालयबारे उल्लेख गर्दै भन्नुभयो, "भक्तपुर नगरपालिकाबाट सञ्चालित आठ कलेजमा ७७ जिल्लाका विद्यार्थीहरू अध्ययनरत छन् भने अध्यापनमा ४०-४५ जिल्लाका शिक्षकहरूको पनि योगदान भइरहेको छ । १५ लाख रुपैयाँमा डाक्टर पढाउने लक्ष्य राखी भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्न विधेयक पेस गरेको दसकौँ भइसक्दा पनि स्वीकृतिको प्रयास नगर्नुले सत्ताधारी दल शिक्षाविरोधी प्रमाणित हुन्छ ।"

नेमकिपा रामेछापका डीके श्रेष्ठले भारतीय दूतावासले नेपालमा २० करोड रुपैयाँसम्मको योजना बनाई सिधै खर्च गर्ने र नेपालको दस हजार मेघावाट बिजुली भारतलाई दिने पुस १९ गतेको सम्झौता, कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णालीलगायतका सन्धि सम्झौता खारेज गर्नुपर्छ भन्नुभयो । नेपाल क्रान्तिकारी मजदुर सङ्घ रामेछापका बीबी श्रेष्ठले नेमकिपाको ३५ औँ परिषद्को अन्तर्राष्ट्रिय प्रस्तावहरूबारे उल्लेख गर्दै भन्नुभयो, "प्यालेस्टिनी भूमि कब्जा र नरसंहार गरेका अमेरिकी राष्ट्रपति जो बाइडेन र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई युद्ध अपराधमा कारबाही हुनुपर्छ, प्यालेस्टिनमा तत्काल युद्धविराम हुनुपर्छ र २५० वर्ष यता संसारको ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप गरेको संरा अमेरिकी साम्राज्यवादको निन्दा र विरोध गर्नुपर्छ ।"

# सार्वजनिक पदमा बसेकाहरूले आफ्नाको मात्र चिन्ता लिने होइन, देशभरिका जनताका छोराछोरीहरूको चिन्ता लिनुपर्छ




काभ्रे । वागीश्वरी मा.वि., वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्ट भक्तपुरको आयोजनामा 'वागीश्वरी परिवार' को वार्षिक भेटघाट कार्यक्रम धुलिखेल लज रिसोर्टमा शनिबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार ख्वप कलेजहरू स्थापना भएको चर्चा गर्दै वागीश्वरी, बासु, आदर्श आजाद कलेजलगायत भक्तपुरका शैक्षिक संस्थाहरू नेमकिपाका नेता र कार्यकर्ताहरूको नेतृत्वमा स्थापना भएका हुन् भन्नुभयो ।

समाजलाई भ्रष्ट बनाउनेहरूले शैक्षिक संस्थालाई ध्वस्त पार्नेतर्फ सचेत गराउँदै उहाँले प्रम, मन्त्री, सांसद र अन्य सार्वजनिक पदमा बसेकाहरूले आफ्नाको मात्र चिन्ता लिने होइन, देशभरिका जनताका छोराछोरीहरूको चिन्ता लिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ पुस्तालाई छिटो तयार गर्न शिक्षक शिक्षिकाहरू शैक्षिक सामग्रीसहित कक्षा कोठामा जानु जरुरी छ । थोरै पढाउने र धेरै उत्प्रेरणा दिन जरुरी छ ।"

नेमकिपाले विद्यालय शिक्षा विधेयकमा शिक्षकहरूले मौलिक हक सुरक्षित हुने गरी संशोधन दर्ता गरेको छ । शिक्षक राजनीतिमा लागेको कारण शैक्षिकस्तर खस्केको आरोप झूटा हो । शिक्षकले चुनावमा पैसा खाएर प्रचारमा लाग्ने र मत दिने होइन भनी नयाँ पुस्तालाई सचेत बनाउनु स्वाभाविक छ । शिक्षकले विद्यार्थीलाई प्रजातन्त्र, समाजवाद र साम्यवादबारे चेतना दिनुलाई राजनीति गरेको आरोप लगाउनु गलत हो । नातावाद, पक्षपात, जातिवादको विरोध शिक्षकहरूले गर्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

राष्ट्रपति रामचन्द्र पौडेलले माघी पर्वको अवसरमा संसद्मा भएका दलहरूसँग भेटघाट गर्दै आफूसँग भेट्न आएका विदेशी पाहुना र राजदूतहरूले नेपालको संविधानमा तल्लो वर्गलाई सम्बोधन गरिएको प्रशंसा गर्नुभएको उल्लेख गर्नुभयो भने नेमकिपाले अधिकांश सामुदायिक विद्यालयको गुणस्तर खस्केको र युवाहरूलाई वैदेशिक रोजगारीमा पठाइएकोतर्फ राष्ट्रपतिको ध्यानाकर्षण गराएको सांसद सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "६ महिनायता २ लाख ४३ हजार ४०५ जना युवालाई वैदेशिक रोजगारीमा पठाइएको अभिलेख प्रकाशित भयो । गत वर्ष २ हजार ३१८ डाक्टरलाई वैदेशिक रोजगारीमा पठाइयो ।"

युगान्डामा भएको असंलग्न आन्दोलनको १९ औँ शिखर सम्मेलनमा प्रम पुष्पकमल दाहालले सरकारको असंलग्न परराष्ट्र नीति भएको र युक्रेन एवं गाजाको लडाइँबारे उल्लेख गर्नुभयो । तर, प्रम दाहालले युक्रेनमा रूसविरूद्ध अमेरिकी साम्राज्यवादको छद्म युद्ध भएको र इजरायली सेनाले अमेरिकी साम्राज्यवादको सहयोगमा प्यालेस्टिनको भूमि कब्जा र जातीय नरसंहार गरेको स्पष्टसँग राख्नुभएन, सांसद सुवालले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "संसारका न्यायप्रेमी जनताले अमेरिकी राष्ट्रपतिको तस्बिरमा जुत्ता प्रहार भएको र इजरायली प्रम तथा अमेरिकी राष्ट्रपतिको पुतलाको दुवै हातमा रगत लतपटिएको बोकेर युक्रेन र प्यालेस्टिनमा भएको बमबारीको विरोध गर्दै छन् । तत्कालीन देउवा सरकारले संरा सङ्घमा रुसविरुद्ध युक्रेनको पक्षमा मत दिएको असंलग्नताको सिद्धान्तविपरीत हो ।

चार महिनायता तरकारीमात्र १२ अर्ब आयात गरिनु, कृषिप्रधान देश दाबी गर्दै आएका प्रम र मन्त्रीहरूलाई लाज लाग्नुपर्ने हो, सांसद सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, "प्रम भएकाहरूसँग देश विकासको खाका नै छैन, हुन्डी र क्रिप्टो कारोबारमा अर्बौं रुपैयाँ भ्रष्टाचार भइरहेको छ ।"

अमेरिकी साम्राज्यवादले दक्षिण कोरियामा हातहतियार तैनाथ गरी युद्धको धम्की दिएपछि प्रजग कोरियाले वार्ता वा युद्ध भनी जवाफ फर्कायो । व्यक्तिगत स्वार्थभन्दा माथि उठेका नेताहरूले मात्र देश र जनताको सेवा गर्नेछन्, उहाँले भन्नुभयो ।

सांसद सुवालले भन्नुभयो, "शिक्षक शिक्षिकाहरूले बोक्सा बोक्सी र छाउपडीजस्ता अन्धविश्वासबाट समाजलाई मुक्त बनाउन नयाँ पुस्तालाई सचेत पार्नु जरुरी छ । धर्मलाई अन्धविश्वास होइन मानिसको कर्तव्यको रूपमा लिनुपर्दछ । कलेजको अनुसन्धान व्यक्ति होइन समाज र देशमुखी हुनु आवश्यक छ । विश्वव्यापीकरणको नाममा विकसित देशलाई गरिब देशको कच्चा सामान र बजार कब्जा गर्न दिनु खेतबारीमा साँढे पस्नुजस्तै हो ।"

कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशको उच्च शिक्षा सङ्कटबाट गुज्रिरहेको चर्चा गर्दै सङ्कटको सामना गर्न सबै जोसिनुपर्ने, थप आकर्षण बढाउनुपर्ने र चुनौतीलाई अवसरको रूपमा उपयोग गर्नुपर्ने बताउनुभयो ।

देशभरमा रहेका १४५० कलेजहरूमध्ये ५ सयभन्दा बढीमा १०० जना पनि विद्यार्थी नरहेको अवस्थामा वागीश्वरी कलेजमा १२ सयभन्दा बढी विद्यार्थी हुनु आफैँमा गौरवको विषय हो भन्दै उहाँले अब क्यूएए प्राप्त भएपछि कलेजको आकर्षण थप बढ्ने अपेक्षा गर्नुभयो ।

आज शिक्षा क्षेत्रमा देखिएका उत्कृष्ट परिणामहरू विगतमा हाम्रा अग्रजहरूले गरेको दु:ख र सही मार्गनिर्देशनकै उपज हो भन्दै उहाँले स्वदेशी युवाहरू विदेशमा पठाएर गलत नागरिक ऐनमार्फत विदेशी ल्याएर देश भर्न लागेकोमा नेपालीहरू सचेत हुनुपर्ने बताउनुभयो ।

देशको जलस्रोत विदेशलाई सुम्पेर समृद्ध नहुने भन्दै उहाँले नेपालको जलस्रोतमा भारतीय एकाधिकार जमाउन दिएकोमा सरकारको विरोध गर्नुभयो ।

हालै भारतीय दूतावासबाट रू. २० करोडसम्मको विकास निर्माणमा 'सहयोग' गर्न सक्ने नीतिले शासक दलका नेता, सांसद र मन्त्रीहरू अब भारतीय दूतावास धाउनेछन् र रकमको लागि स्वाभिमान बन्धक राख्नेछन् भन्दै उहाँले जतिसुकै दु:ख भोग्नुपरे पनि स्वाभिमान बन्धक राख्न नहुने बताउनुभयो ।

वाग्मती प्रदेशसभाका सांसद सुरेन्द्रराज गोसाईले देश हरेक क्षेत्रमा खस्कँदै गइरहेको अवस्थामा वागीश्वरीजस्ता केही शैक्षिक संस्थाले आशा जगाइराखेको चर्चा गर्दै यहाँको प्रगतिमा जनताको योगदान रहेको बताउनुभयो ।

सरकारको आस गर्ने भर नपर्ने भन्दै उहाँले हामीले नै अथक प्रयास गरी प्रगति गर्दै अघि बढ्ने हो भन्नुभयो ।

एक सन्दर्भमा उहाँले हाल संसारभरमा ४ करोड ४० लाख शिक्षकको अभाव रहेको तथ्याङ्क प्रस्तुत गर्दै देशभरको थोरै जनशक्ति पनि वैदेशिक रोजगारीको नाममा विदेशले चोरिरहेको बताउनुभयो ।

शिक्षण पेसा सम्मानित पेसाको रूपमा समाजमा स्थापित गर्न नसकेसम्म बिदेसिने प्रवृत्ति नरोकिने भन्दै उहाँले समाजमा छोराछोरी विदेश गएकोमा बिस्तारै चिन्ता गर्न थालेका छन्; बिस्तारै परिस्थिति कोल्टो फेरिँदै छ भन्नुभयो ।

म्यानपावर कम्पनीमाथि कडा नियम बनाएको खण्डमा बिदेसिने क्रम नियन्त्रण गर्न सकिन्थ्यो भन्दै उहाँले सरकार म्यानपावर कम्पनीहरूको चङ्गुलमा परेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिका समाजवादउन्मुख समाज निर्माणमा लागिपरेको चर्चा गर्दै स्वास्थ्यमा प्रसूति सेवादेखि ख्वप अस्पतालसम्म र शिक्षामा शिशु स्याहारदेखि कलेज तहसम्म सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

नगरपालिकाको विभिन्न कार्यक्रममा वागीश्वरी परिवारको भरपुर सहयोग पाएको बताउँदै उहाँले वागीश्वरी शैक्षिक संस्था सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उत्कृष्ट रहेको भन्दै थप सफलताको लागि शुभकामना दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याखवले वागीश्वरी परिवारअन्तर्गत ५,२९५ जना विद्यार्थीहरूको भविष्य जोडिएको चर्चा गर्दै सरकारको शिक्षामा भइरहेको विभेदको विरोध गर्नुभयो ।

असल र देशभक्त नागरिक तयार गर्ने ध्येयका साथ शिक्षकहरू लाग्नुपर्ने भन्दै उहाँले वागीश्वरीले सामुदायिक स्कूलमा आफ्नो सन्तान पढाउने संस्कार बनाएको बताउनुभयो ।

प्रअ कृष्णप्रसाद धन्छाले धन्यवाद व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सहायक प्रअ कृष्णप्रसाद कर्माचार्यले पनि बोल्नुभएको उक्त कार्यक्रममा प्रमुख अतिथि सांसद सुवालले वागीश्वरी कलेजको जर्नल 'वागीश्वरी' को तेस्रो अङ्क विमोचन गर्नुभएको थियो ।

# कक्षा कोठामा सूचना तथा प्रविधिको उपयोगसम्बन्धी गोष्ठी सम्पन्न




भक्तपुर । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, सूर्यविनायक नगर समितिले शुक्रबार शिक्षकलाई कक्षा कोठामा सूचना तथा प्रविधिको उपयोगसम्बन्धी एक गोष्ठीको आयोजना गरेको छ । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा आयोजित गोष्ठीमा नेपाल प्राध्यापक समाजका केन्द्रीय अध्यक्ष सरोजराज गोसाईले विद्यार्थीलाई सूचनाको आधारमा विश्लेषण गर्न सिकाउनुपर्ने विचार राख्नुभयो ।

उहाँले विवेक नभएको ज्ञानको अर्थ नहुने भन्दै विद्यार्थीलाई विवेकयुक्त बनाउन मेहनत चाहिने धारणा राख्नुभयो ।

सूचनाको बाढी आएको बेला सही सूचना के भन्ने छुट्याउन नसक्दा विद्यार्थीमा अनेक भ्रम हुन सक्नेमा सचेत बनाउनुपर्ने भन्दै अध्यक्ष गोसाईले साम्राज्यवादी देशहरूले सूचना प्रविधिमा एकाधिकार कायम गर्दा संसारमा ठुला युद्धहरू भएको विचार राख्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय कोषाध्यक्ष चक्रबहादुर चाकतूले देशभक्त विद्यार्थी तयार गर्नु आवश्यक भएको भन्दै विद्यालयको शिक्षकहरूले सूचना प्रविधिको प्रयोगबाट विद्यालयको प्रगति हुनेमा आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले प्रस्तुत शिक्षा विधेयकमा शिक्षकलाई देश र जनताको हितको लागि लेख रचना प्रकाशन गर्न बञ्चित गरेको बताउँदै योग्य र क्षमतावान शिक्षक उत्पादनको लागि समयसापेक्ष विभिन्न तालिम सञ्चालन गरिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ सूर्यविनायक नगर समितिका अध्यक्ष केपी छुस्याकीको सभापतित्वमा सम्पन्न भएको उक्त गोष्ठीमा इन्जिनियरिङ समाजका रमेश प्रजापतिले सूचना र प्रविधिको विषयमा तालिम दिनुभएको थियो ।

कार्यक्रममा शिक्षक उत्तम सञ्जेलले पनि बोल्नुभएको थियो ।

# क्रान्तिको लागि जनता आफैँ तयार हुनुपर्ने

काठमाडौँ । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवस कार्यक्रम खोटाङ-काठमाडौँ सम्पर्क समितिको आयोजनामा सम्पन्न भयो ।



कार्यक्रममा नेमकिपा कोसी प्रदेश संयोजक उकेश कवांले नेमकिपाले कामदार जनतालाई शासकवर्गमा रूपान्तरणको लागि मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अपनाई जनतामाझ क्रियाशील रहेको बताउनुभयो ।

आजसम्मको राजनैतिक इतिहास वर्गसङ्घर्षको इतिहास भएको उल्लेख गर्दै उहाँले दास मालिक र दासहरूबिचको वर्गसङ्घर्ष, पुँजीपतिवर्ग र सामन्तवर्गको सङ्घर्ष, पुँजीपतिवर्ग र मजदुरबिचको सङ्घर्षले नै पुरानो व्यवस्थालाई विस्थापित गरी नयाँ व्यवस्था स्थापना गरेको हुन्छ, त्यो समाज समाजवादी व्यवस्था हुन्छ भन्नुभयो ।

मार्क्स-एङ्गेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्रमार्फत वैज्ञानिक समाजवादको भ्रुणको विकास गर्नुभएको चर्चा गर्दै उहाँले काल्पनिक समाजवादीहरूले पुँजीवादका खराबीहरूलाई विरोध गरे भने मार्क्स-एङ्गेल्सले पुँजीवादी व्यवस्थाकै विरोध गरेको स्पष्ट पार्नुभयो ।

क्रान्तिको लागि जनता आफैँ तयार हुनुपर्ने, कामदार जनताको राजनैतिक चेतना स्तर उकास्न कार्यकर्ताहरू निरन्तर राख्नुपर्ने भनाइ पनि उहाँले राख्नुभयो ।

कार्यक्रममा नेमकिपा कोसी प्रदेश समिति सदस्य महेन्द्र बखुन्छेँ, नेमकिपा खोटाङ जिल्ला समितिका अध्यक्ष भोजराज बस्नेत र नेमकिपा उदयपुरका अध्यक्ष विष्णुबहादुर खत्रीले पनि बोल्नुभएको थियो ।

कार्यक्रम ध्यानप्रसाद दाहालको सभापतित्वमा भएको थियो ।

# अध्ययनमा जोड दिँदै क्रान्तिको निम्ति जनतालाई प्रकाशनमार्फत विचार बाँड्नुपर्ने

काभ्रे । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घ केन्द्रीय समितिको आयोजनामा शनिबार 'रुसको डिसेम्बर विद्रोह' पुस्तक अध्ययन गोष्ठी कार्यक्रम सम्पन्न भयो ।

गोष्ठीमा नेमकिपाका सचिव प्रेम सुवालले कार्यक्रममा अध्ययन संस्कृतिलाई अझ फराकिलो र प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

उहाँले युवाहरूले इतिहास, भूगोल र राजनीति विषयको अध्ययनमा जोड दिँदै क्रान्तिको निम्ति जनतालाई प्रकाशनमार्फत विचार बाँड्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय पुँजीपतिवर्ग देशभक्त हुने भएकोले भारतीय एकाधिकार पुँजी र अन्तर्राष्ट्रिय शक्तिविरुद्धको लडाइँ सँगै लानुपर्ने भन्दै उहाँले मितव्ययिता, अपनत्व र पारदर्शिता नै भक्तपुर मोडेल भएकोले यसलाई विकासको मोडेलको रूपमा लिनुपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् नेमकिपा काभ्रे जिल्ला अध्यक्ष कृष्णकुमार वैद्यले कुनै पनि परिवर्तन हुनुको पछाडि शोषण, दमन, अन्याय र अत्याचारको पराकाष्ठा रहेको हुन्छ भन्नुभयो । उहाँले पार्टीको केन्द्रीय परिषद्बाट पारित भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय मुद्दा बोकेर युवाहरू गाउँ गाउँमा गएर सङ्गठन निर्माणमा लाग्नुपर्ने बताउनुभयो ।

नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मीनबहादुर बाटाले कुनै पनि सङ्घर्ष सफल हुन राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति तयार हुनुपर्ने भएकोले हामीले अन्तर्राष्ट्रिय घटना र परिस्थितिबारे सूक्ष्म अध्ययन गर्नुपर्ने बताउनुभयो ।

उहाँले पार्टीको भविष्य हामी युवाहरूको भएकोले आ-आफ्नो जिम्मेवारीलाई इमानदारीसाथ दत्तचित्त भएर पूरा गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेक्रायुसङ्घका केन्द्रीय सदस्यहरू महेन्द्र बखुन्छे, राजकुमार लघु, ओम मानन्धर, जगतराम धुख्वा, सुरेन्द्र थाश्रेष्ठ, मुना बासुकला, रणबहादुर रानाका साथै सरिता नेपाली, हरिसुन्दर सुवाल, सुतेज दुवाल, राजु तामाङलगायतले बोल्नुभएको थियो ।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी–८

✍ हरिबहादुर श्रेष्ठ

**वन-विज्ञान**

‘हरियो वन नेपालको धन’ भन्ने उखान छ। तर, सरकारका भ्रष्ट पदाधिकारीहरू, वन मन्त्रालय, वनविभाग र वन कार्यालयका कतिपय ठूलाबडाहरूले नै वन-चोरहरूसँग मिलेर वन सखाप पार्दै छन्।

कुनै-कुनै मन्त्र त ‘वन भनेको हेर्ने वस्तु होइन, सम्पत्ति भएकोले काटेर बेचिन्छ र राजश्व बढ्छ’ भन्ने तर्क प्रस्तुत गर्छन्। एउटा सालको रुख ठूलो हुन एक-दुई सय वर्ष लाग्छ। एकचोटि ती रुख काटेपछि ती ठाउँहरू उजाड बन्छन्। वर्षाले सबै माटो बगाएर देश मरुभूमिको स्थितिमा पुग्छ। एउटा रुख काट्नुभन्दा पहिले १०० वटा रुख रोप्ने नियम बनाए मात्र देशमा हरियाली रहिरहन्छ, ‘हरियो वन नेपालको धन’ भन्ने उखान साँचो रहन्छ। नत्र देशको वातावरण बिग्रन्छ, तापक्रम बढ्छ, खडेरी पर्छ, काठ-पात विदेशबाट झिकाउँदा देशको धनराशि विदेश जान्छ र त्यसका अनेक दुष्परिणाम देश र जनताले भोग्नुपर्ने स्थिति आउँछ।

भाइबहिनीहरूले वनविज्ञान दुई अर्थले पढ्नु आवश्यक छ - पहिलो, प्राविधिकरूपले वनबारे राम्रो अध्ययन गरी वनको विकासमा सक्रिय रहन, दोस्रो वन-मन्त्रालय र विभाग, प्राविधिक र कार्यालयका कर्मचारीहरूसमेत काठका चोर व्यापारी वा तस्करहरूसँग मिलेर गर्ने वनविनासको विरोधमा लड्न।

**शिक्षाशास्त्र**


**भाइ राजु र बहिनी दीपा,**

अब म चिठी टुङ्ग्याउँदै छु। तिमीहरूका केही साथीले शिक्षण पेशामा लाग्ने इच्छा जाहेर गरेको कुरा सुन्दा खुशी पनि लाग्यो। पैसा कमाउन र डलर कुम्ल्याउन आफ्नो देश, आमा-बाबु, नातागोता, भाइबहिनी र साथीहरू छोडेर संरा अमेरिका वा विदेशमा गएर त्यहीं पलायन हुने मनसाय लिनेहरूको बिगबिगी बढेको बेला ‘घुस खान नपर्ने’, ‘२१ औं शताब्दीको नयाँ समाज निर्माण गर्न योग्य र असल नागरिक बनाउने’ पवित्र कार्यमा योगदान दिने तथा एक सम्मानित पेशा रोज्ने उद्देश्यले शिक्षाशास्त्र अध्ययन गर्ने इच्छा असाध्यै राम्रो र सकारात्मक छ।

भाइबहिनीलाई थाहै होला - शिक्षा पहिलेजस्तो दान दिने र उपकार गर्ने विषयमात्र नभई पुँजीवादी व्यवस्थाको विकासपछि सेवा उद्योगको रूपमा विकास हुँदै छ। गलैंचा, तयारी पोशाक, दूध-दही, मिठाइ, जुत्ता, सिमेन्ट, इस्पात वा स्टील, इँटा, चाउचाउ, साबुन, शृङ्गारका साधन, खानेपानी (मिनरल वाटर), विद्युत् आदिमा पुँजी लगानी गरेजस्तै शिक्षा, स्वास्थ्यलगायत सल्लाह र सेवा प्रदान गर्ने क्षेत्रमा पनि पुँजी लगानी हुँदै छ। शिशुशाला, बालोद्यान, विद्यालय, महाविद्यालय, विश्वविद्यालय, निजी अस्पताल, नर्सिङ होम र क्लिनिक, निर्माण कन्सल्टेन्सी कार्यालय, कानुनी सेवा कार्यालय, शृङ्गार सेवा (ब्युटी पार्लर), नाउ पसल (सैलुन), हुलाक, टेलिकम, केबल नेटवर्क आदि सेवा उद्योगमा पनि पुँजी लगानी गर्दै छन्।

शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, सञ्चारजस्ता क्षेत्र निजी हुनुहुन्न भन्ने आवाज संसारको सबभन्दा पुरानो पुँजीवादी देश बेलायत र अन्य युरोपेली देशहरूमा उठ्दै छ। तर, पुँजीवादी शोषण, भूमण्डलीकरण र निजीकरणको प्रभावमा शिक्षा आफै पनि किनबेचको वस्तु र सेवा भइरहेको अवस्था छ। यस्तो बेलामा पनि अनुचित लाभ नउठाउने भावनाबाट प्रेरित भई असल र योग्य नागरिक तयार गर्ने मनसाय प्रशंसनीय छ।

समाजमा शिक्षकको महत्त्व खेतीमा बिउजस्तै हो। आदर्श शिक्षक र प्राध्यापकहरूविना आदर्श समाज असम्भव छ। असल र योग्य शिक्षक नभई राम्रा र असल




विद्यार्थीको आशा गर्न गाह्रो छ। विषयवस्तुमा दखल भएका विद्यार्थीहरू तयार गर्न गाऱ्हो छैन बरु इमानदार र असल मानिस तयार गर्न गाऱ्हो छ। पैसा खाई विद्यार्थी उत्तीर्ण गराउने, राम्रो नम्बरमा उत्तीर्ण हुने विद्यार्थीलाई असफल बनाउने, नक्कली प्रमाणपत्र भिडाउने, कमजोर विद्यार्थीलाई माथिल्लो श्रेणीको प्रमाणपत्र दिने, पढाउँदै नपढाई वा हप्ताको एक कक्षा पनि नलिई तलब सोहर्ने, सोधमा कार्यरत विद्यार्थीलाई महिनौं दौडाउने, सार्वजनिक महाविद्यालयमा कक्षा नलिई निजी महाविद्यालयमा नियमित कक्षा लिने तथा कक्षामा जानुअघि नै रक्सी खाएर ढलीमली गर्ने, विदेश जाने मौकाकै निम्ति गुटबन्दी र चाकडी-चुकडी गर्ने शिक्षकहरूको गन्जागोलको स्थितिमा वा शिक्षक बन्नु गरिबी निम्त्याउने र झ्याउ ठानिने परिवेशमा एक कर्तव्यनिष्ठ शिक्षक बन्ने प्रबल इच्छा नैतिकरूपले रक्षात्मक स्थितिमा पुगेको शिक्षा क्षेत्रकै निम्ति आशालाग्दो किरण हो। एकजना विद्यार्थीको आदर्श शिक्षक बन्ने धोकोलाई एक प्रतिशतमा मात्र फेर्न सकेको खण्डमा पनि देशमा २ लाखभन्दा बढी कर्तव्यनिष्ठ शिक्षक नेपाली जनताले पाउनेछन्। ती २ लाख शिक्षकहरूले लाखौं लाख कर्तव्यनिष्ठ र देशभक्त विद्यार्थी तयार पार्नेबारे शङ्का गर्नु पर्दैन।

हिजो शिक्षाशास्त्र र शिक्षण विधिको अध्ययन नगरेका, बाल-मनोविज्ञान नपढेका र पाठ योजनासमेत बनाउन नपर्ने बेलाका शिक्षकहरूभन्दा आजका शिक्षकले वैज्ञानिक ढङ्गले शिक्षा प्रदान गर्न सक्छन्। यसकारण, शिक्षाशास्त्रका क्याम्पसहरूको महत्त्व बढेको छ।

तिमीहरूलाई थाहै छ, देशको स्वतन्त्रता र मुक्ति अनि विकासमा समेत शिक्षकहरूको ठूलो योगदान हुन्छ। अमेरिकी स्वतन्त्रता आन्दोलनको बेला शिक्षकहरू कक्षामा पुग्नासाथै विद्यार्थीहरू उठ्थे। शिक्षकले ‘बेलायती साम्राज्य’ भन्दा विद्यार्थीहरूले ‘मुर्दावाद’ भन्ने नारा लगाउँथे। अमेरिकी आक्रमणको बेला भियतनामी शिक्षकहरूले गुफाजस्तो ठाउँमा विद्यालय सञ्चालन गरी अमेरिकी बमवर्षक विमानलाई गोली हानी खसाल्ने ज्ञान समेत दिन्थे। विभिन्न देशका नेताहरूले भन्थे - देशको स्वतन्त्रताको आधार शिक्षकहरू हुन्। चिनियाँ जनताका महान् नेता माओ त्से-तुङ शिक्षाशास्त्रका स्नातक हुनुहुन्थ्यो, उहाँ आफूलाई शिक्षक नै सम्झनुहुन्थ्यो। अफ्रिकी स्वतन्त्रता आन्दोलनका धेरै नेता शिक्षक थिए।

भाइबहिनीका साथीहरूको शिक्षाशास्त्र अध्ययन गर्ने इच्छा साऱ्है सकारात्मक लाग्यो। मलाई आशा छ - ती भाइबहिनीले शिक्षक भएर १० देखि ४ बजेसम्म विद्यालयमा बिताउने वा ‘कहिले जाला घाम’ भन्ने दृष्टिकोण नराखी हरेक छात्र-छात्रालाई आफ्नै भाइबहिनी सम्झी पाठ्यपुस्तकका पाठहरूबाहेक सदाचार र देश तथा जनताको नि:स्वार्थरूपले सेवा गर्ने भावनाबाट प्रेरित गर्नेछन्।

आज सूचना प्रविधि दिन दुई गुना रात चौगुनाले बढ्दै छ। तर, हरेक कुराको एउटा सीमा आवश्यक छ। थप नयाँ-नयाँ विषयका कक्षाहरू पनि देखापर्दै छन्। भाइबहिनीले जुनसुकै विषय अध्ययन गरे पनि पहिले विषयवस्तुको राम्रो जानकारी, अध्ययन संस्थानको स्थिति र त्यस विषयका ज्ञाताको कर्तव्यबारे सचेत हुनैपर्छ। मनमा राखौं - हामीले जुनसुकै विषय अध्ययन गरे पनि विदेशीको ज्यामी हुन होइन, आफ्नै देश र जनताको हितमा काम गर्छौं भन्ने भावनाले अध्ययन गर्नु उपयुक्त हुन्छ। म आशा गर्छु - भाइबहिनीहरूले यही भावनाबाट आफ्नो विषयमा उच्च शिक्षा हासिल गर्दै पूर्ण सफलता पनि पाउनेछौं। भविष्य तिमीहरूकै हातमा छ।

*माया गर्ने दाजु*
*किरण नेपाली*

# “भारतीय दूतावासले सोझै २० करोड खर्च गर्न पाउने सम्झौताले नेपालमा भारतको समानान्तर सरकार चल्ने सम्भावना छ”

✍ सुनिल प्रजापति

अहिले प्रतिस्पर्धाको समय हो। प्रतिस्पर्धामा टिक्न नसक्नेहरूको क्रमश: अस्तित्व समाप्त भएर जानेछ। यो प्राकृतिक नियम हो। शैक्षिक संस्थाहरू मात्र त्यसको अपवाद हुन सक्दैनन्।

हाम्रा शैक्षिक संस्थाहरूले पनि अन्य शैक्षिक संस्थाहरूसित निकै कठिन प्रतिस्पर्धा गर्दै छन्। त्रि.वि.का आङ्गिक क्याम्पसहरू, महँगा सुविधा सम्पन्न निजी कलेजहरू र विदेशी सम्बन्धन प्राप्त कलेजहरू हाम्रा प्रतिस्पर्धीहरू हुन्। त्रि.वि.ले आफ्ना आङ्गिक क्याम्पसबाहेकका कलेजहरूलाई नयाँ नयाँ कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिइरहेको छैन। विद्यार्थीहरूको चाहना र समयको मागअनुसार नयाँ नयाँ विषयहरू थप्न नसक्दा हाम्रा शैक्षिक संस्थाहरूमा उच्च शिक्षा अध्ययनरत कैयौं विद्यार्थीहरू अन्य कलेजहरूमा जान बाध्य छन्। हाम्रा कलेजहरूका निम्ति यो ठुलो चुनौती हो।

यतिबेला विद्यार्थीहरूमा कक्षा १२ सम्म नेपालमा पढ्ने त्यसपछि विदेश जाने लहर नै चलेको छ। वार्षिक लाखौं विद्यार्थी विदेश जानाले नेपालका सयौं कलेजहरू बन्द हुने अवस्थामा पुगेका छन्। त्यसको असर हाम्रा कलेजहरूमा पनि परेकै छ। जस्तोसुकै जटिल परिस्थितिमा पनि भक्तपुर नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएका छन्। यस वर्ष त्रिविको परीक्षाफल प्रकाशित हुँदा स्नातकमा ३ जना र स्नातकोत्तरमा १ जनाले नेपालकै सर्वोकृष्ट विद्यार्थी घोषणा हुनु यसका उदाहरण हुन्। सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने कलेज स्थापनाको उद्देश्य केही हदसम्म पूरा भएको हामीले अनुभव गर्दै छौं। नगरभित्र सञ्चालित ख्वप माविलगायत सामुदायिक र संस्थागत सबैजसो शैक्षिक संस्थाहरूले शैक्षिक गुणस्तरमा उत्कृष्टता हासिल गर्दै छन्।

शिक्षाको माध्यमबाट समाजको परिवर्तन गर्ने हाम्रा अग्रजहरूको भावनालाई मूर्त रूप दिन भनपा क्रियाशील छ। गरिब विद्यार्थीहरूको निम्ति शैक्षिक ऋणको बन्दोबस्त, हाम्रा कलेजमा अध्ययनरत गरिब तथा जेहनदार विद्यार्थीहरूलाई वार्षिक ४ करोड रूपैयाँभन्दा बढी छात्रवृत्तिको बन्दोबस्त र नगरभित्रका विद्यार्थीहरूलाई इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, अर्थशास्त्रलगायत धेरै विषयहरूमा विद्यावारिधिसम्मको छात्रवृत्तिको बन्दोबस्त गरी हामीले शिक्षालाई उच्च प्राथमिकतामा राख्दै आएका छौं। झण्डै ६ सय जना विद्यार्थीहरू शैक्षिक ऋण लिई अध्ययन गर्दै छन्। भनपाले बिनाधितो पाँच वर्षसम्मका लागि निर्ब्याजी ऋण प्रदान गर्दै छ।

हाम्रा शैक्षिक संस्थाहरूमा गुणस्तरीय शिक्षा प्रदान गर्ने मात्र होइन हरेक विद्यार्थीलाई देशको सार्वभौमिकता, स्वतन्त्रताबारे चिन्तन मनन गर्न सक्ने देशभक्त नागरिक बनाउने पनि हाम्रो उद्देश्य हो।

हालै नेपाल सरकार र भारत सरकारबिच काठमाडौंमा विद्युत् किनबेचसम्बन्धी सम्झौता भयो। सरकारले १० वर्षमा १० हजार मेघावाट बिजुली बेच्ने कुरालाई धेरै ठुलो उपलब्धिको रूपमा प्रचारप्रसार गर्दै छ। वास्तवमा त्यो सम्झौताले नेपालका सबै जलस्रोत कब्जा गर्ने भारतको नीतिलाई वैधानिकता प्रदान गरेको मात्र हो। केही वर्षअघि भारतले नेपाल र भारतको लगानी भएको बाहेक कुनै पनि देशको लगानी भएको विद्युत् खरिद नगर्ने नीति सार्वजनिक गऱ्यो। त्यसबेला चिनियाँ कम्पनीलगायत विभिन्न देशका कम्पनीहरूले विद्युत् आयोजनाहरूमा लगानी गर्दै थिए। त्यो नीति सार्वजनिक भएपश्चात् पश्चिम सेतीबाट चिनियाँ कम्पनीलगायत अन्य देशका

> **हाम्रा शैक्षिक संस्थाहरूमा गुणस्तरीय शिक्षा प्रदान गर्ने मात्र होइन हरेक विद्यार्थीलाई देशको सार्वभौमिकता, स्वतन्त्रताबारे चिन्तन मनन गर्न सक्ने देशभक्त नागरिक बनाउने पनि हाम्रो उद्देश्य हो।**



लगानीकर्ताहरूले हात झिके। त्यसपछि नेपालका सबैजसो विद्युत् परियोजनाहरू भारतकै नियन्त्रणमा गए। त्यसैले नेपाल सरकार र भारतबिच भएको हालैको सम्झौता रूपमा विद्युत् किनबेच गर्ने देखिए पनि सारमा भारतले नेपालको जलस्रोत कब्जा गर्ने हो। त्यो सम्झौता नेपाल र नेपालीको हितमा छैन।

नेपाल सरकारको स्वीकृतिबिना भारतले नेपालको कुनै पनि क्षेत्रमा रु. २० करोडसम्म सोझै खर्च गर्न पाउने अर्को सम्झौता भएको सार्वजनिक भयो। त्यो झन् देशको सार्वभौमिकतामाथि गम्भीर असर पर्ने सम्झौता हो। कुनै पनि स्वतन्त्र र सार्वभौम देशमाथि विदेशीले स्वतन्त्ररूपमा लगानी गर्नु सार्वभौमिकतामाथि हस्तक्षेप हो। हरेक सचेत नागरिकले यसको विरोध गर्नुपर्छ।

सूर्यबहादुर थापाको पालामा रु. ३ करोडबाट सुरु भएको त्यो रकम बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला रु. ५ करोड पुऱ्याइएको थियो। भारतको चर्को दबाबपछि मङ्सिर २१ गते बसेको मन्त्रिपरिषद्को बैठकले रु. २० करोडसम्म पुऱ्याउने निर्णय गरेको हो। त्यो नेपालको बजेटमा देखिने छैन। वर्षभरिमा कतिवटा योजना र कति अर्ब रुपैयाँसम्म खर्च गर्न पाउने कुनै सर्त बन्देज छैन। यसले नेपालमा भारतको समानान्तर सरकार सञ्चालन हुने खतरा बढ्दो छ।

**आखिर यस्तो किन हुन्छ ?**

माओवादीले भारतमा बसेर १० वर्षसम्म सशस्त्र सङ्घर्ष गऱ्यो। उनीहरूलाई भारतले सबै किसिमको तालिम, भौतिक हतियारको समेत सहयोग गऱ्यो। त्यही क्रममा सन् २००२ मा प्रचण्ड र बाबुरामले भारतीय प्रधानमन्त्री कार्यालयमा भारतको अहितमा कुनै कदम नचाल्ने प्रतिबद्धता लेखेर बुझाए। त्यो प्रतिबद्धता भारतीय गुप्तचर संस्था ‘र’ र अर्को गुप्तचर एकाइ इन्टेलिजेन्स ब्युरो (आईबी) मा पनि दिए। त्यतिबेला भारतमा मनमोहन सिंह प्रधानमन्त्री थिए। सुरक्षा सल्लाहकार शिवशङ्कर मेननले त्यतिबेला भनेका थिए, “नेपालका माओवादीहरूको कुनै भर छैन, पछि उनीहरूकै निम्ति महँगो पर्नेछ ”। त्यो कुरा बाबुरामका गुरु र माओवादी-भारतबिच संवादका सम्पर्क सूत्र मानिने एस.डी. मुनीले २०६९ सालमै सार्वजनिक गरेका थिए।

पछि के स्पष्ट भयो भने प्रचण्ड र बाबुरामद्वारा हस्ताक्षरित त्यो लिखित प्रतिबद्धता पत्रमा नेपाललाई भारतको निर्देशनअनुसार चलाउने, नेपालमा कुनै पनि आन्तरिक र वैदेशिक निर्णय भारतको अनुमतिबिना नगर्ने, नेपालमा भारतीय सुरक्षा निकाय संस्थागतरूपमा गराउने उल्लेख रहेछ। प्रचण्ड र बाबुराम प्रधानमन्त्री हुँदा त्यही प्रतिबद्धताअनुसार काम भइरहेको देखिन्छ। हालै भएका एस. जयशङ्करसँगका सम्झौताहरू पनि त्यसैको सिलसिला मात्रै हुन्।

नेपाललाई भुटानको बाटो हुँदै सिक्किम बनाउने लामो समयदेखिको भारतको तयारी हो। २०४६ सालको आन्दोलनको समयमा नेपालका राजालाई ६ बुँदे सम्झौताको मस्यौदा पठाएको र राजाले त्यसलाई अस्वीकार गरेको भन्ने पनि रमेशनाथ पाण्डेले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। तीमध्ये २ वटा बुँदाहरू नेपालका निम्ति अत्यन्त घातक देखिन्छन्। ती हुन् -

१) नेपालले आफ्नो सुरक्षाको लागि चाहिने सबै किसिमका उपकरण र हतियार भारतबाट आयात गर्ने, नेपाली सेनालाई भारतले तालिम दिने, अन्य देशबाट हतियार प्राप्त गर्नुपरे भारतको अनुमति लिने र

२) नेपालको औद्योगिक विकास, जलस्रोतलगायत सम्पूर्ण आयोजनाहरूको कार्यान्वयनको लागि नेपालले विदेशी सहयोग अथवा प्राविधिक संलग्नताबारे प्रयास गर्नु अगाडि भारत सरकार र भारतीय नागरिकलाई प्राथमिकता दिने।

देशघाती एमसीसी सम्झौताको एउटा बुँदामा ‘नेपालको कुनै पनि नयाँ आयोजना स्वीकृति गर्नुअघि भारतको अनुमति चाहिने’ उल्लेख छ। त्यो २०४६ सालदेखिको भारतको निरन्तरको प्रयास अहिलेका शासक दलहरूले पूरा गरे।

शासक दलहरूप्रति जनताको असन्तोष र आक्रोस बढ्नुको कारण पनि यही हो। हाम्रा हरेक विद्यार्थीहरूलाई देश र जनताको सेवा गर्ने बाटोमा अगाडि बढाउन निरन्तर हाम्रा शिक्षक प्राध्यापक मित्रहरूले प्रयास गर्ने आशा गर्छु। हाम्रा शिक्षण संस्थाहरू देशभक्तहरू उत्पादन गर्ने थलो बनून्। हाम्रो देशको सार्वभौमिकता र स्वतन्त्रताको संरक्षण त्यसले मात्र सम्भव हुनेछ।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप मा.वि., ख्वप कलेज, शारदा मा.वि. कलेज र ख्वप कलेज अफ लको संयुक्त आयोजनामा पुस २१ गते भएको शिक्षक तथा कर्मचारी भेटघाट कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार)*

# सरकार नै भूकम्पीय जोखिम कम हुने संरचना निर्माणमा लाग्न जरूरी

✍ प्रेम सुवाल

सरकारले संरचना निर्माणमा भूकम्पीय क्षति कम हुने मापदण्ड पालना गर्नु गराउनु जरुरी छ भने देशभरि नै नयाँ पुस्ताका डकर्मी र सिकर्मीहरूलाई भूकम्पीय जोखिम कम गर्ने प्रविधिबारे तालिम दिनु आवश्यक छ ।

सरकारले 'राष्ट्रिय भूकम्प सुरक्षा दिवस' भन्नुभन्दा 'भूकम्पीय जोखिम कम गर्ने प्रविधिसम्बन्धी शिक्षा दिने दिवस' भन्नु उपयुक्त हुन्छ । भूकम्प विषय भूगर्भशास्त्रसँग पनि सम्बन्धित हो । काठमाडौँ उपत्यका विकास प्राधिकरणले आवास क्षेत्र विकास गराउनुअघि भूगर्भ के कस्तो छ, सबै अध्ययन गर्ने गराउने काम गर्नुपर्नेमा त्यसो नगरी जतातत्तै निजी प्लटिङ गर्न दिनु गलत छ । यसकारण, काठमाडौँ उपत्यका विकास प्राधिकरणको नाम 'निजी प्लटिङ विकास प्राधिकरण' राख्नुपर्ने त होइन भन्ने प्रश्न उठिरहेको छ ।

२०७२ सालको भूकम्पबाट क्षति भएको भक्तपुर लाय्कुको चित्रकला सङ्ग्रहालय नामको सरकारी कार्यालय रहेको मल्लकालीन सिंहध्वाका भवनको पूर्वतर्फको आधा भाग विसं १९९० सालको भूकम्पबाट क्षति भयो । त्यसयता सो भाग राणाकालीन शैलीमा निर्माण गरिएको हो । २०७२ सालको भूकम्पमा यो भवनमा पनि धक्का पऱ्यो । अर्को विनाशकारी भूकम्प आएमा टेकोमा अड्याइएको यो सङ्ग्रहालय भत्किने र यहाँ आउने आन्तरिक एवम् बाह्य पर्यटकलगायत स्थानीय जनता धेरैको ज्यान गुम्ने सम्भावना छ । यसकारण, चित्रकला सङ्ग्रहालय भएको सिंहध्वाका दरबार मल्लकालीन शैलीमा अविलम्ब जीर्णोद्धार गर्ने गराउने काम सरकारले गर्नु जरुरी छ; विलम्ब गर्नु हुँदैन । जीर्णोद्धारको कार्य भक्तपुर नगरपालिकालाई जिम्मेवारी दिएपछि हुन्छ ।

काठमाडौँ उपत्यकामा जनघनत्व बढाइएको हुँदा अर्को विनाशकारी भूकम्प आए धेरै जनधनको क्षति हुने सम्भावना छ । यसबारे सरकारहरू अहिले नै सचेत हुनु जरुरी छ । प्रधानमन्त्री र मन्त्री हुनुको अर्थ झन्डावाल गाडीमा सिंहदरबारभित्र बाहिर मात्र गर्ने होइन, युवालाई राहदानी भिराएर वैदेशिक रोजगारीमा पठाउने मात्र पनि होइन । सरकारले गत वर्ष मात्रै २,३१८ जना चिकित्सकलाई 'असल चरित्र प्रमाणपत्र' दिएर वैदेशिक रोजगारीमा पठायो । के अब नेपालीहरू विनाउपचार मर्ने दिन आउँदै छ ?


राष्ट्रपति रामचन्द्र पौडेलले माघीको अवसरमा संसद्मा भएका राजनीतिक दलका प्रतिनिधिहरूलाई आफ्नो निवासमा निम्ता दिएर आफूसँग भेटेका विदेशी पाहुना र राजदूतहरूबाट नेपालको संविधानमा तल्लो वर्गलाई सम्बोधन गरिएको एसियाकै बेजोड भएको भनी प्रशंसा आएको सुनाउनुभयो ।

हामीले तल्लोवर्ग अध्ययन गर्ने देशभरिका अधिकांश सामुदायिक विद्यालयहरूको गुणस्तर खस्किएको, युवालाई देशभित्र काम नदिई सरकारले वैदेशिक रोजगारीमा पठाएको देशघाती नै हो । सरकारले चिकित्सकसमेत हजारौँलाई वैदेशिक रोजगारीमा पठाएको देशघाती भएजस्तै नेपाल विद्युत् प्राधिकरणको शेयर ६० अर्ब रुपैयाँ बराबरको बिक्री गर्ने निर्णय पनि प्राधिकरणलाई निजीकरण गर्ने देशघाती काम हो । यस विषयमा हामीले राष्ट्रपतिको ध्यानाकर्षण गरायौँ ।

*(२०८० माघ २ गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २६ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा मङ्गलबार भक्तपुरको दत्तात्रयमा जनचेतनामूलक शैक्षिक प्रदर्शनी कार्यक्रमको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले राख्नुभएको मन्तव्यको सार-स.)*

### नेपाललाई बिजुली पुगेको छैन, भारतलाई किन दिने ?

नेपालजत्तिकै भूगोल र जनसङ्ख्या भएको प्रजग कोरियामा पच्चीस वर्षअगाडि नै लाखौँ इन्जिनियर थिए । त्यसबेला नेपालमा ५-७ हजार इन्जिनियर पनि थिए । सन् २०१७ को अभिलेखअनुसार नेपालमा १७ हजार इन्जिनियर थिए । त्यसमध्ये २,६४५ जना महिला इन्जिनियरहरू थिए ।




एउटा देशको विकास गर्न असल राजनीतिले नेतृत्व, अर्थशास्त्रले बजेट, प्राविधिकहरूले विकास निर्माण गर्नु जरूरी छ । नेपाल मजदुर किसान पार्टीको घोषणापत्र - २०५४ अनुसार २०५६ सालमा ख्वप मावि र २०५८ सालमा ख्वप इन्जिनियरिङ कलेज सुरु भएको हो । भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप कलेजहरूले देशभरि विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्दै आएको छ ।

सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिपछि नेता लेनिनले क्रान्तिको अर्थ बिजुली उत्पादन बताउनुभएको थियो । अहिले संसारमा बिजुलीबिना मानिस जीवनको कल्पना गर्न गाह्रो भइसक्यो । नेपालमा सरकारमा गएका पार्टीहरूले नेपालको नदीनाला र बिजुली भारतलाई दिँदै छन् । सरकारहरूले कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण तेस्रो, अरुण चौथो, मुगु-कर्णाली, तिला १, तिला २, पश्चिम सेती, सेती १, पञ्चेश्वर, कर्णाली चिसापानी, फुकोट कर्णाली भारतलाई दिए ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले लुम्बिनी भ्रमणमा आएका भारतीय प्रधानमन्त्री मोदीलाई तल्लो अरुण दिएका थिए । गएको जेठमा भारत गएका प्रधानमन्त्री पुष्पकमल दाहालले फुकोट कर्णाली भारतलाई दिए । पुस १६ गते नेपाल आएका भारतीय विदेशमन्त्री एस. जयशङ्करले प्रधानमन्त्री दाहाललाई १० वर्षमा १० हजार मेगावाट बिजुली भारत लैजाने र भारतीय दूतावासबाट सोझै २० करोड रुपैयाँ खर्च गर्न पाउने सम्झौतामा सही गराए ।

भारतीय दूतहरू नेपाल आउँदा यहाँका राष्ट्रपति, प्रधानमन्त्री र शासक दलका नेताहरूसँग भेटघाट गर्छन् तर नेपाली भूमि कालापानीमा भारतीय सेना बसेको, नेपाली भूमि भारतमा पर्ने गरी सीमा नक्सा बनाइएको, खुला सीमानामा नेपालीमाथि भारतीय ज्यादती भएकोबारे नेपालका नेताहरू बोल्न सक्दैनन् । नेपाली भूमिमा भारतीय अतिक्रमणको विरोध गरेका कञ्चनपुरका गोविन्द गौतमलाई भारतीय एसबीबीबाट हत्या गरियो । भारतीय सुरक्षाकर्मी हतियारसहित काठमाडौँको बानेश्वरमा खानतलासी गर्न आएका थिए ।

नेपालीलाई बिजुली बाल्न, खाना पकाउन, कृषि, शिक्षा, उद्योग, यातायात, रेलवे चलाउन पर्याप्त बिजुली नहुँदै भारतलाई बिजुली दिनु हुँदैन । नेपालका प्रधानमन्त्रीहरू आफ्नो नदीनालाबाट बिजुली निकाल्न भारतदेखि डराउँछन् । के नेपाल भारतसित प्रदेशजस्तै हो र ?

६ महिनाको कुल आयात ७ खर्ब ९२ अर्ब ९६ करोड भयो भने निर्यात ८० अर्ब ८१ करोड मात्र भयो । व्यापारघाटा ६ खर्ब ९३ अर्ब २० करोड भयो ।

आयात भएका १० थरी वस्तुहरूमध्ये डिजेल ६६ अर्ब ४९ करोडको, पेट्रोल ३३ अर्ब ९२ करोडको, एलपी ग्यास २५ अर्ब ४६ करोडको, एचआरसिट (जस्तापाता) २२ अर्ब ३६ करोडको, शुद्ध फलाम १९ अर्ब ३६ करोडको, मोबाइल फोन १५ अर्ब ६७ करोडको, तयारी कपडा १८ अर्ब ७४ करोडको, एलोपेथिक औषधी (आधुनिक औषधी) १३ अर्ब ७२ करोडको, विद्युतीय गाडी १३ अर्ब १२ करोडको र सुन ११ अर्ब ८९ करोडको रहेको छ ।

सरकारहरूले नदीनाला भारतलाई नदिई आफैँले बिजुली उत्पादन गरेको भए ६ महिनामा खर्बौं रुपैयाँको डिजेल, पेट्रोल, एलपी ग्यास आयात गर्नुपर्ने थिएन । नेपालको कपास खेतीलाई विकास गरिएको भए २५ अर्बको कपडा आयात गर्नुपर्ने थिएन । नयाँ पुस्ताका विद्यार्थीहरूले नेपालको यो परनिर्भर तस्बिरलाई बदल्ने र आत्मनिर्भर बनाउने जिम्मेवारी लिनु जरुरी छ ।

*(२०८० माघ ४ गते बिहीबार सम्पन्न भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङमा स्नातकमा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले राख्नुभएको मन्तव्यको सार-स.)*

### सरकारले देशभरिका डकर्मी र सिकर्मीलाई तालिम दिनु जरूरी

सरकारले भूकम्पीय जोखिम कम हुने संरचना निर्माण प्रविधिबारे देशभरिका डकर्मी र सिकर्मीलाई तालिम दिने र स्थानीय तहले तालिम प्राप्त डकर्मी-सिकर्मीलाई मात्र संरचना निर्माण गराउने व्यवस्था गर्नु जरुरी छ ।

सरकारले जनतालाई गुणस्तरीय निर्माण सामग्री डन्डी, सिमेन्ट, कङ्क्रिट, ईँटा, काठ सस्तोमा उपलब्ध गराए भूकम्पीय जोखिम कम हुने प्रविधिसहित संरचना निर्माणमा मद्दत पुग्नेछ ।

समाजवादी व्यवस्था भएको सरकारले जनताको घर निर्माणसम्बन्धी पूर्ण जिम्मेवारी लिन्छ । नेपालजस्तो पुँजीवादी सरकारले यस्तो जिम्मेवारी लिँदैन ।

भक्तपुर नगरपालिकाले देशभरिका नयाँ पुस्तालाई उच्च शिक्षा प्रदान गर्न ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ सञ्चालन गरेको हो । अहिले भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी गरिरहेको हो ।

नेपाल खानेपानी संस्थानलाई संरचना निर्माण गर्न सरकारले विराटनगर-५ स्थित जग्गा उपलब्ध गरायो भने सुर्खेतको वीरेन्द्रनगर नगरपालिका - १३ को करेखोलामा पशु वधशाला स्थापना गर्न अनुमति दियो । सरकारले बर्दीवासमा मेडिकल कलेजको लागि बर्दीवास नगरपालिका -४ स्थित ५५,५८४ हेक्टर जग्गा उपलब्ध गराउने निर्णय गऱ्यो । तत्कालीन राजा वीरेन्द्रले सस्तोमा किनेको र हाल नेपाल ट्रष्टको नाममा रहेको भक्तपुरका जनताको नपलीस्थित १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालयको लागि भक्तपुर नगरपालिकालाई उपलब्ध गराउन माग भएको १६ वर्ष भयो । तर, सरकारहरूले वास्ता गरेका छैनन् । प्रमहरूले ख्वप विश्वविद्यालयको विधेयक पनि पारित गराएनन् । प्रम भएकाहरूलाई हामी पक्षपात नगर्न ध्यानाकर्षण गराउन चाहन्छौँ ।

*(२०८० माघ ५ गते भक्तपुर नगरपालिका, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २६ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा माघ २ गते दत्तात्रयमा भएको भूकम्प सुरक्षासम्बन्धी जनचेतनामूलक शैक्षिक प्रदर्शनीमा उत्कृष्ट भएका मोडेलहरूको पुरस्कार तथा प्रमाणपत्र वितरण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले राख्नुभएको मन्तव्यको सार-सं)*

---

**नेपाल...**

### अमेरिकी साम्राज्यवादविरुद्ध सङ्घर्ष

अमेरिकी साम्राज्यवादले २२० वर्षयता संसारका ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप गऱ्यो । विश्वका ७० भन्दा बढी देशका ८०० भन्दा बढी ठाउँमा अमेरिकी सैन्य तैनाथ गरिएको छ । हरेक १५ वर्षमा अमेरिकी साम्राज्यवाद एउटा युद्धमा लागेको र यसका पिछलग्गु देशसमेतलाई उक्साएर प्रतिदिन ४० ओटा बम वा क्षेप्यास्त्र प्रहारमा भएको तथ्याङ्क छ ।

अमेरिका प्रजातान्त्रिक देश नभई एउटा जातिवादी र फासीवादी देश हो । अमेरिकाले सन् २०२१ डिसेम्बर ९ र १० मा 'प्रजातन्त्र शिखर सम्मेलन' आयोजना गरेर विश्वमा नयाँ युद्धको तयारी गऱ्यो । युरोपेली सङ्घका अध्यक्ष डोनाल्ड टस्कले सन् २०१८ मा 'अमेरिकाजस्तो साथी भए कसलाई शत्रुको खाँचो पर्छ र ?' भनी व्यङ्ग्य प्रश्न गरेका थिए । संसारमा सबैभन्दा बढी प्रदूषण फाल्ने देश पनि अमेरिका हो ।

अमेरिकी साम्राज्यवाद प्रायोजित युद्धहरू - कोरिया युद्ध, भियतनाम युद्ध, पानामामाथिको हमला, कोसोभो युद्ध, इरान, लिबिया, अफगानिस्तानमाथि हमला, सिरियाली गृहयुद्ध, आदि हुन् । अहिले युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्म युद्ध र इजरायली फासीवादलाई हतियार पठाएर प्यालेस्टाइनी भूमि कब्जा र जातीय नरसंहारमा अमेरिकी साम्राज्यवाद संलग्न छ । अमेरिकी साम्राज्यवादले ७० वर्षदेखि समाजवादी देश क्युवाविरुद्ध नाकाबन्दी लगाउँदै छ । संयुक्त राष्ट्र सङ्घको महासभामा सन् २०२१ जून २३ का दिन क्युवाविरुद्ध अमेरिकी नाकाबन्दी हटाउने २९ औँ पटकको प्रस्तावमा १८४ देशले क्युवाको पक्षमा मत दिए । अमेरिका र इजरायल मात्र विपक्षमा थिए । तर, अमेरिकाले क्युवाविरुद्धको नाकाबन्दी हटाएको छैन । अमेरिकी साम्राज्यवादले प्यालेस्टाइनमा युद्धविरामको लागि राष्ट्र सङ्घमा पेश भएको प्रस्तावलाई विशेषाधिकार लगाई विफल पाऱ्यो र युद्धलाई चालू राख्यो । उक्त युद्धविराम प्रस्तावलाई १९३ देशमध्ये १५३ देशले समर्थन गरेका थिए ।

अमेरिकी रक्षा विभागको दस्तावेजअनुसार एमसीसी सम्झौता अमेरिकी सैन्य मोर्चा हो । संरा अमेरिकाले भारतको विसाखापटनमसम्म सेना र हतियार तैनाथ गरेको छ । हिन्द-प्रशान्त देशहरूको सैनिक मोर्चामा नेपाललाई संलग्न गराउन अमेरिकाले भारतको हितमा नेपालसँग एमसीसी सम्झौता अघि बढाएको हो । एमसीसी सम्झौता यसैको सिलसिला हो । एमसीसी सम्झौता विष हो । यो सम्झौता अबिलम्ब खारेज गराउन नेपाल मजदुर किसान पार्टी अमेरिकी साम्राज्यवादविरुद्ध सडक र संसद्मा सङ्घर्ष गर्दै छ ।

**२०८० माघ**

८

---

## ख्वप इन्जिनियरिङ कलेजका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण

भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङमा स्नातक तहमा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम माघ ४ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले नेपालजत्तिकै भूगोल र जनसङ्ख्या भएको प्रजग कोरियामा पच्चीस वर्षअगाडि नै लाखौँ इन्जिनियर रहेको, त्यसबेला नेपालमा ५-७ हजार इन्जिनियर नभएको र सन् २०१७ को अभिलेखअनुसार नेपालमा १७ हजार इन्जिनियर रहेकोमा त्यसमध्ये २,६४५ जना महिला इन्जिनियर रहेको बताउनुभयो ।

सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिपछि नेता लेनिनले क्रान्तिको अर्थ बिजुली उत्पादन बताउनुभएको स्मरण गर्दै उहाँले भन्नुभयो, "अहिले संसारमा बिजुलीबिना जीवनको कल्पना गर्न सकिँदैन । नेपालमा सरकारमा गएका पार्टीहरूले नदीनाला र बिजुली भारतलाई दिँदै छन् । सरकारहरूले कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण तेस्रो, अरुण चौथो, मुगु-कर्णाली, तिला १, तिला २, पश्चिम सेती, सेती १, पञ्चेश्वर, कर्णाली चिसापानी, फुकोट कर्णाली भारतलाई दिइसके ।"

सांसद सुवालले भन्नुभयो, "तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले लुम्बिनी भ्रमणमा आएका भारतीय प्रधानमन्त्री मोदीलाई तल्लो अरुण दिएका थिए । गएको जेठमा भारत गएका प्रधानमन्त्री पुष्पकमल दाहालले फुकोट कर्णाली भारतलाई दिए । पुस १६ गते नेपाल आएका भारतीय विदेशमन्त्री एस. जयशङ्करले प्रधानमन्त्री दाहाललाई १० वर्षमा १० हजार मेगावाट बिजुली भारत लैजाने र भारतीय दूतावासबाट सोझै २० करोड रुपैयाँ खर्च गर्न पाउने सम्झौतामा सही गराए ।"

सांसद सुवालले भन्नुभयो, "सरकारहरूले नदीनाला भारतलाई नदिई आफैँले बिजुली उत्पादन गरेको भए ६ महिनामा खर्बौं रुपैयाँको डिजेल, पेट्रोल, एलपी ग्यास आयात गर्नुपर्ने थिएन । नेपालको कपास खेतीलाई विकास गरेको भए २५ अर्बको कपडा आयात गर्नुपर्ने थिएन । नयाँ पुस्ताका विद्यार्थीहरूले नेपालको यो परनिर्भर तस्बिरलाई बदल्ने र आत्मनिर्भर बनाउने जिम्मेवारी लिनु जरुरी छ ।"

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्राविधिक क्षेत्रमा अगाडि बढेको देश नै संसारमा आर्थिक र भौतिक विकासमा पनि अगाडि बढिरहेको प्रस्ट पार्दै राम्रा राम्रा प्राविधिकहरू देश विकासको एक महत्त्वपूर्ण आधार भएको बताउनुभयो ।

देशमा उत्पादित बौद्धिक जनशक्ति बिदेसिने क्रम बढ्दै गइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले विश्वविद्यालयजस्तो प्राज्ञिक क्षेत्रमा समेत बारम्बार बन्द, हडताल र तोडफोड, आगजनीजस्ता अराजनैतिक गतिविधि हुँदा राम्रो अध्ययन गर्ने विद्यार्थीहरू घर खेत बेचेरै भए पनि विदेश पढ्न जान बाध्य भएको बताउनुभयो ।

सरकारले नीतिगतरूपमा युवा विद्यार्थीहरूलाई विदेश पठाइरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले देशमा उत्पादित जनशक्तिले देशकै लागि समर्पित भावले काम गरे देशको विकास छिटो र दिगो हुने बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले नयाँ पुस्ता राजनैतिकरूपमा प्रशिक्षित भए देशलाई सही नेतृत्व प्रदान गर्न सहयोग पुग्ने बताउनुभयो ।

सांसद गोसाईंले नेपालबाट तिब्बत र त्यसपछि चीन गएर बौद्ध वास्तुकलाबाट ख्याति कमाएका नेपाली वास्तुकार अरनिकोबाट पनि इन्जिनियरिङ अध्ययन गर्ने नयाँ पुस्ताले सिक्न जरुरी रहेको बताउनुभयो ।

शासक दलले राजनीतिलाई सेवा कर्मको रूपमा नभई कमाइ खाने भाँडोको रूपमा विकास गरेकै कारण नयाँ पुस्ताको राजनीतिप्रति आकर्षण कम हुँदै गइरहेको उहाँले बताउनुभयो ।

नेपालमा दैनिक ७ जनाको हाराहारीमा सडक दुर्घटनाबाट ज्यान गुमाइरहेको तथ्याङ्क रहेको उल्लेख गर्दै उहाँले कमजोर इन्जिनियरिङ अध्ययनकै कारण नागरिकहरूले अकालमा सडक दुर्घटनाबाट ज्यान गुमाइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, सभ्य र सुसंस्कृत नगरको रूपमा विकास गर्ने उद्देश्यअनुसार काम गर्दै आइरहेको बताउनुभयो । नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूबाट योग्य र दक्ष जनशक्ति उत्पादन भई देशकै सबै क्षेत्रहरूमा उल्लेखनीय योगदान पुऱ्याइरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले नवआगन्तुक विद्यार्थीहरूलाई ख्वप परिवारमा स्वागत गर्दै अध्ययन सफलताको शुभकामनाका साथ मार्गनिर्देश गर्नुभयो ।



**नेक्रामसङ्घको...**

कार्यक्रममा नेमकिपा काभ्रेका अध्यक्ष तथा नेमकिपाका केन्द्रीय सदस्य कृष्णकुमार वैद्यले नेपाल क्रान्तिकारी महिला सङ्घले जघन्य महिला हिंसा गर्ने अपराधीहरूलाई मृत्युदण्ड दिनुपर्ने माग गरिरहेको उल्लेख गर्दै 'केटीहरू' महिला र पुरुषको सांस्कृतिक स्तर उकास्ने पत्रिका हो भन्नुभयो ।

पनौती नगरपालिकाका प्रमुख रामशरण भण्डारीले राजनीतिक दलहरूले नेपाली युवालाई देशमा राख्न सक्ने वातावरण नबनाएको चर्चा गर्दै खर्चिला र भड्किला संस्कारहरूबारे हामीले पुन:विचार गर्नुपर्ने जिकिर गर्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका उपाध्यक्ष सुरेश परियारले प्यालेस्टिनमाथिको इजरायली युद्धको विषयमा बुलेटिनमा समावेश लेखहरूबारे चर्चा गर्नुभयो ।

इजरायल आतङ्कवादको जगमा खडा भएको देश हुनाले प्यालेस्टिनी जनताले सय वर्षदेखि दु:ख पाइरहेको तर पनि प्यालेस्टिनी जनताले निरन्तर सङ्घर्ष चलाइरहेको उहाँले बताउनुभयो ।

बुलेटिनबारे लेखक तथा बुद्धिजीवी सूर्यप्रसाद लाकोजुले बुलेटिनमा विश्वका समसामयिक घटनालाई स्पष्ट दृष्टिकोणसाथ प्रस्तुत गरिएको बताउनुभयो । उहाँले निर्वाचनमा भ्रष्ट नेताहरू सत्तामा पुग्नुमा मतदाताको पनि दोष भएको विचार राख्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका अध्यक्ष अनुराधा थापामगरले वर्तमान कानुनबाट हुनेखाने वर्गका महिलाहरूले केही लाभ लिए पनि कामदारवर्गका महिलाहरूको निम्ति कानुन नआएको बताउनुभयो ।

पुँजीवादी व्यवस्थालाई ध्वस्त पारेर समाजवादी व्यवस्था स्थापना नगर्दासम्म हाम्रो समस्याग्रस्त दैनिकीमा परिवर्तन नआउने हुनाले महिला कार्यकर्ताहरूले बुलेटिनको वितरण, अध्ययन तथा सङ्गठन निर्माणमा जोड दिनुपर्ने बताउनुभयो । कार्यक्रममा नेक्रामहिलासङ्घ केन्द्रीय सचिव सुलोचना छ्वाजुले पनि बोल्नुभएको थियो ।

# पार्टी स्थापना दिवसमा सुर्खेतमा प्रशिक्षण

सुर्खेत । नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा सोमबार सुर्खेतमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

नेमकिपा सुर्खेत जिल्ला समितिको आयोजनामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटा विचारहरूको खण्डन गर्दै नेमकिपाको स्थापना भएको प्रस्ट पार्नुभयो ।

उहाँले नेमकिपाका अध्यक्ष रोहितले नेकपाको तत्कालीन नेतृत्वले मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारामाथि धोका दिएपछि नेमकिपाको स्थापना भएको भन्दै नेमकिपाका संस्थापकहरूले निर्वाचनबाट समाजवाद स्थापना नहुने बरू सङ्घर्षलाई गाउँगाउँमा पुऱ्याउनुपर्ने विचार अघि सारेको बताउनुभयो ।

उहाँले मार्क्सको भनाइ उद्धृत गर्दै सशस्त्र क्रान्तिबाट राज्यसत्ता कब्जा गरेर सर्वहारा वर्गको अधिनायकत्व स्थापना हुने विचारमा नेमकिपा अडिग रहेको बताउनुभयो ।

नेमकिपाका कार्यकर्ताहरूले कम्युनिस्ट नामधारी विभिन्न पार्टीहरूविरूद्ध सैद्धान्तिक सङ्घर्ष गरेको तथ्य राख्दै केन्द्रीय सदस्य गोसाईले सिद्धान्तको कारण नेमकिपाका कार्यकर्ताहरूले कहिल्यै झुक्नु नपरेको तर्क गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले नेमकिपाको स्थापनाको आधारको रूपमा रहेको रूसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन नामको पुस्तकबारे चर्चा गर्दै नेकपाको तत्कालीन नेतृत्व मार्क्सवादी सिद्धान्तबाट विचलन भएपछि नेमकिपाको स्थापना भएको धारणा राख्नुभयो ।

उहाँले किसान सङ्घर्ष एवम् वर्ग सङ्घर्ष नगर्ने नेतृत्वविरूद्ध नेमकिपाका अग्रजहरूले पार्टीभित्र लामो समयसम्म सङ्घर्ष गरेको भन्दै सिद्धान्तहीन एकता गलत भएको भनाइ राख्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय सचिव दिनेश खड्गीले नेमकिपाका अध्यक्ष रोहितले विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू नामको पुस्तक प्रकाशित गरेको भन्दै मजदुर आन्दोलनको विकास हुँदै समाजवादी क्रान्ति भएको चर्चा गर्नुभयो ।

कार्यक्रममा नेमकिपा, सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले कार्यकर्ताको राजनीतिक तथा वर्गीय चेतना स्तर उठाउन कार्यक्रमकृ आयोजना गरेको बताउनुभयो ।

**पार्टीको...**

पारित गर्नुपर्ने, विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क हुनुपर्ने, युवालाई स्वदेशमा रोजगारी दिनुपर्ने, वैदेशिक रोजगारको नाममा ठगी गर्ने म्यानपावर कम्पनीहरूलाई कारबाही गर्नुपर्ने, सहकारीको नाममा जनताको अरबौं रुपैयाँ बचत ठगी गर्नेलाई कारबाही गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका एनबीले जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पबाट पीडित जनताको पुनर्स्थापना तत्काल गर्नुपर्नेमा जोड दिँदै सरकारले समयमै चासो नराख्दा चिसो, भोक र रोगले थप जनताको ज्यान गइरहेको छ भन्नुभयो । सरकार नेपाली जनतालाई भन्दा विदेशी मालिकहरूलाई रिझाउनमा लागेको पनि उहाँले बताउनुभयो ।

कार्यक्रममा अनिता श्रेष्ठले पनि बोल्नुभएको थियो ।

**२६ औं..**

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले देशले ४०–५० वर्षको अन्तरालमा महाभूकम्प व्यहोर्दै आइरहेको यथार्थबारे प्रस्ट पार्दै १९९० सालको भूकम्पपश्चात् पनि धेरै ठुल्ठुला भूकम्पबाट सिक्दै सुरक्षित समाज र बस्ती निर्माणमा अगाडि बढ्ने कोसिस हुँदै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "बलियो र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जनताको चेतनास्तर जति आवश्यक हुन्छ, देश सम्हाल्ने सरकारको जिम्मेवारी, दूरदर्शिता र संवेदनशीलता पनि त्यति नै महत्त्वपूर्ण हुन्छ ।"

हाम्रो पुर्खाले पनौती, चित्तपोल, कटुन्जे, कीर्तिपुरलगायतका ठाउँहरूमा बस्ती विकास गर्नु आफैंमा भौगर्भिक ज्ञानपश्चात्को निर्माण हुनुपर्छ भन्दै उहाँले पुर्खाले मठ मन्दिर, पाटी पौवाहरू देवता राख्नको लागि मात्र बनाएको नभई यहाँको जनजीवन र भौगर्भिक स्थितिलाई मध्यनजर गर्दै बनाइएका संसारकै उत्कृष्ट र नमुना निर्माणको रूपमा रहेको बताउनुभयो ।

केन्द्रीकृत बस्तीको निर्माणले पनि उपत्यकालाई भूकम्पीय जोखिमलाई झन् बढाएको उल्लेख गर्दै उहाँले विगतका विपद् र क्षतिबाट सिकेर अगाडि बढ्नु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले पूर्वजले सिकाएको प्रविधि, स्थानीय स्रोत र साधनको प्रयोगबाट बनेका सम्पदाहरू २१ औं शताब्दीमा पनि अत्यन्त महत्त्वपूर्ण संरचनाको रूपमा रहेको चर्चा गर्दै भक्तपुर नपाले सम्पदा पुन:निर्माणमा स्थानीयको सहभागिता, स्थानीय प्रविधिमै जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ रोशनीकुमारी श्रेष्ठले विभिन्न आयातीत वस्तुमा आधारित भएर निर्माण गरिएका संरचना मात्रै भूकम्प प्रतिरोधी हुने मानसिकता गलत भएको बताउँदै स्थानीय स्रोत र साधनलाई प्रयोग गरी भूकम्प थेग्ने संरचना गर्न सक्छौं भन्ने सन्देश दिन यो दिवस सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य रत्नशोभा प्रजापतिले पनि बोल्नुभएको थियो । कार्यक्रमको उद्घाटनपश्चात् प्रमुख अतिथि तथा अतिथिहरूले प्रदर्शनीस्थल अवलोकन गर्नुभएको थियो ।

उक्त प्रदर्शनीमा ३१ वटा मोडल, ४३ वटा चित्रकला, २६ वटा पेपर ब्रिज, ६ वटा पोस्टर र सुरक्षा निकायबाट सुरक्षा तथा उद्धार सामग्रीहरू तथा जिल्ला विपद् व्यवस्थापन समिति भक्तपुरको तर्फबाट राखिएको खोज तथा उदार सामग्रीको स्टलहरू राखिएका थिए ।

**पुँजीवादी...**

● **पार्टी सङ्गठन अगाडि बढाउन प्रारम्भमा केकस्ता कदम चाल्नुभयो ? केकस्ता गतिविधि थाल्नुभयो ?**

'खण्डन' र 'सामाजिक साम्राज्यवाद' बारे साथीहरूले अध्ययन थालिसकेका थिए । वाग्मती, नारायणी र जनकपुर अञ्चलका साथीहरूको फरक-फरक भेला गर्दै स्थिति अवगत गराइयो । त्यसपछि तीनवटै अञ्चलका प्रतिनिधिहरूको बैठकले एक नयाँ सङ्गठन गर्ने कुरा निधो गर्ने तयारी गर्यो ।

● **देश, जनता, पार्टी सङ्गठन र क्रान्तिको पक्षमा झण्डै सात दशक लामो सङ्घर्ष गरिसक्नुभयो; अझै युवा जोशका साथ समर्पित भएर लागिराख्नुभएको छ । यहाँको ऊर्जाको स्रोतबारे नयाँ पुस्तालाई बताउनुहुन्छ कि ? युवा पिँढी कसरी अगाडि बढोस् भन्ने चाहनुहुन्छ ?**

बारा, पर्सा, रौतहट, सर्लाही, सप्तरी आदि जिल्लाका पुराना किसान साथीहरूसँग छलफल र भेटघाटबाट साथीहरूले थाहा पाइसक्नुभयो कि सङ्गठन तल्लो तहबाटै गर्नु आवश्यक छ । त्यसरी तराईको किसान आन्दोलनको पुस्तक तयार भएको हो ।

नयाँ पुस्तालाई पनि सैद्धान्तिक जगको तालिम दिँदै र व्यावहारिक गतिविधिमार्फत मात्रै कार्यकर्ता तयार हुनेछन् भन्नेबारे साथीहरू सचेत थिए । त्यसको निम्ति बेलायत र फ्रान्सको सामन्तवादविरोधी सङ्घर्ष र अमेरिकी स्वतन्त्रता आन्दोलनबारे तथा त्यसबेलाका नेता र कार्यकर्ताहरूबारे अध्ययन गराइएको थियो । त्यसपछि अक्टोबर क्रान्ति र पछिल्ला समाजवादी आन्दोलनबारे पनि नयाँ साथीहरू अवगत हुँदै गए ।

● **तुलनात्मकरूपमा नेपालमा क्रान्ति ढिलो भइसकेको चर्चा बरोबर चल्छ । यहाँ कतिको आशावादी हुनुहुन्छ ? प्रतिक्रियावादी शक्ति बलियो हुँदै जानुको कारण के हो ?**

मनोगतवादी इच्छाले तत्काल समाज परिवर्तन हुने गर्दैन । कुनै देशको परिवर्तनको निम्ति घरेलु एवं अन्तर्राष्ट्रिय परिस्थिति र छिमेकीहरूको परिस्थिति महत्त्वपूर्ण हुन्छ । अरू देशको तुलनामा नेपालको कम्युनिस्ट आन्दोलन भौतिक र मनोगत दुवै रूपले कमजोर छ ।

● **नेपाली कम्युनिस्ट आन्दोलन माथि उठाउने उपाय तथा नयाँ पुस्ताको अभिभाराबारे स्पष्ट पार्नु हुन्छ कि !**

विदेशमा श्रमिकको नाममा युवाहरू पठाउनु नै कम्युनिस्ट आन्दोलन कमजोर पार्नु हो । तर, विदेशमा युवाहरू पठाउनेहरूमध्ये कम्युनिस्ट पार्टी भन्नेहरू पनि कम छैनन् । देशको नयाँ पुस्ता कहाँ खोज्न जाने हो ! देश विदेशमा गएकाहरूले पनि विदेशबाट सिक्ने अवसर गुमाउन नदिने हो भने त्यसमा सकारात्मक सम्भावना देख्न सकिन्छ ।

● **देशको राजनीतिक सङ्कट दिनप्रतिदिन गम्भीर बन्दै छ । देशलाई जोगाउने उपायबारे यहाँको विचार बताइदिनुहुन्छ कि !**

जनताको विभिन्न पक्षसँग छलफल र गतिविधि नै एक महत्त्वपूर्ण कार्य हो ।

● **अन्तमा, नेमकिपाको ५० औं स्थापना दिवसको उपलक्ष्यमा देश विदेशका कामदार जनता तथा साम्राज्यवादविरोधी जनतालाई थप सन्देश दिनुहुन्छ कि ?**

एक वर्षभित्र आ-आफूले समाजमा परिवर्तन गर्न के के काम गऱ्यौं, कतिजना नयाँ साथी र नयाँ सङ्गठन बनायौं तथा कुन-कुन नयाँ जिल्लामा सङ्गठन विस्तार गर्यौं भनी समीक्षा गर्नु आवश्यक छ ।

भित्री मनैदेखि देश र जनताको सेवा गर्ने भावनाबाट कार्यकर्तालाई प्रेरित गराउनैपर्छ । त्यसको निम्ति विभिन्न देशका क्रान्ति र क्रान्तिकारी नेता, कार्यकर्ता र सहिदहरूबाट सिक्नु जरुरी छ ।

**एकक्षण** | **बिजुक्छें**

# शोभासँगै साहित्य अध्ययन गर्दा

विवाहको दुई चार वर्षसम्म सुकुलढोकाको पुरानो घर र डेरामा रहँदासम्म शोभाको अध्ययनबारे मैले खास ध्यान दिन पाइनँ । जिल्ला भ्रमणहरूमा जाँदा र उपत्यकामै रहँदा पनि आजको जस्तो बत्ती र टीभीको प्रचार नभएको हुँदा किसानहरूको रात्रि बैठकहरू नियमित चलिरहेका थिए । दुई तीन वटा रात्रि बैठकहरू टुङ्ग्याएर घर वा डेरामा पुग्दा सबै सुतिसकेका हुन्थे । भाइहरूले टेप गरेका बीबीसी र अन्य महत्त्वपूर्ण अन्तर्राष्ट्रिय समाचार र विषयवस्तुहरूको टेप गरिएका समाचारहरू सानो स्वरमा रात्रिको खाना खाई थर्मस पखाल्दा र जुठो थाल, कचौरा र रिकापी धोइवरी ठाउँमा राख्दा कुखुरा बासेको सुनिन्थ्यो र कुकुरहरूको भुकाइ बिस्तारै कम हुँदै गएको र कतैकतै लाटो कोसेरोको कर्कस स्वर सुनिन्थ्यो ।

शोभाको माइती ठोसेमा पछि मात्र बिजुली पुगेको हुँदा पहिले पहिले सम्भवत: ६-७ बजे नै रातिको खाना खाएर सबै सुत्थे । बिहान सबेरै उठे पनि राति पढ्ने बानी कम थियो होला ! यसकारण, शोभालाई १२-१ बजे रातिसम्म मलाई पर्खी बस्ने सम्भावना थिएन । तर, कमलविनायकमा बसाइँ सरेपछि जिल्ला-जिल्ला र काठमाडौं उपत्यकामै पार्टीका गतिविधिमा नयाँ पुस्ता तयार हुँदै थियो । रात्रि कक्षामा मेरो आवतजावत पातलिँदै गयो ।

कमलविनायकको सुनसान बस्तीमा ८-९ बजे नै रातिको खानापछि टीभी र रेडियोका मुख्य मुख्य समाचारपछि साहित्य अध्ययनको समयमा ध्यान दियौं । गीत र साहित्य पढ्न रुचाउने हुँदा उनी पढ्थिन् र म सुन्थें । बिचबिचमा कतै कतै विदेशी लेखकहरूका विषय र कविहरूको कविताबारे कुराकानी हुन्थ्यो । झन्डै १० देखि १२ बजे दुई घण्टा नेपाली र विभिन्न देशका कथाहरू उनी वाचन गर्थिन् र म सुन्थें । यो क्रम झन्डै ५-१० वर्ष निरन्तर चल्यो । त्यसबेला चिनियाँ रेडियोबाट 'सोताल' भन्ने उपन्यास र अन्य साहित्यहरू नियमित सुन्थ्यौं । विदेशी रेडियोले वाचन गरेका कथा र उपन्यासहरू अनि हृदयचन्द्र सिंहप्रधानका नेपाली साहित्यका प्रतिनिधि कवि र कविता, बालकृष्ण समका 'केटी नाटकको आलोचना' जस्ता साहित्य अध्ययन गर्ने अवसरले उनलाई जीवनको महत्त्वबारे थप ऊर्जा प्राप्त भएको मैले अनुभव गरें । पुराना साहित्यकारहरूका नाटक, कथा र सिद्धिचरण श्रेष्ठका कविताहरूमा उनी बढी आकर्षित भइन् ।

रमेश विकलका 'आकाशमा ताराहरू छटपटाइरहेका थिए' र 'पहाडको झरना र समुद्रको लहर' जस्ता कथाहरूले उनी कहिलेकाहीं विस्मित हुन्थिन् । विदेशमा शान्ति सेनाबाट अनुभव प्राप्त डीआइजी नवराज सिलवालजी भक्तपुरमा डीएसपी भएर सेवामा खटिँदा ढिलो गरी उहाँका दुई कथासङ्ग्रह अध्ययन गर्ने अवसर प्राप्त भयो । आफूले शान्ति सेनामा सेवा गरेका देशहरूको पृष्ठभूमिमा लेखिएका कथाहरू, नेपालकै विभिन्न जिल्ला, हिमाल र अन्य क्षेत्रको संस्कृति, जीवनसँग सम्बन्धित कथाहरू सुन्दै जाँदा मेरो मनमा दबाउन नसक्ने भावना सदा उठिरहन्थ्यो । एकेडेमीमा पुग्नुपर्ने व्यक्तित्व कसरी प्रहरी सेवामा पुगे होलान्, कस्तो परिस्थिति हो नेपालको भन्ने लाग्थ्यो ।

तर, नेपालमा गृहमन्त्री र सरकारमा पुगेका महत्त्वपूर्ण पदका व्यक्तिहरूको रुखो र असंवेदनशील व्यवहार सुनेर वा जानेर कहिलेकाहीं सत्ता र सिंहदरबारका पदाधिकारीहरूलाई हरेक वर्षको दुई/चार महिना देशका विभिन्न जिल्ला जिल्लामा जनतासँग काम गराउन पठाउने आवश्यकता अनुभव हुन्थ्यो । हिजोका सरल मानिस पनि केही वर्षमा सिंहदरबारको घुम्ने मेचमा बस्दा साँच्चै तिनीहरूले आफूलाई नै राजा र तानाशाह सम्झन्थे । त्यस्ता क्षणहरू सम्झँदा नेपालमा कुन कुन समय परिस्थितिमा परिवर्तन आउने होला भनी मन कल्पन्थ्यो भने काठमाडौंका सिंहदरबार र अन्य महत्त्वपूर्ण ठाउँमै रगताम्य सङ्घर्षहरू भएर नयाँ र राम्रो परिस्थिति आउने कल्पना गर्ने मानिसहरूको कमी नदेख्नेहरू सम्झन्थें ।

देश र विदेशका यस्तै यस्तै साहित्यकारहरूको अध्ययनले शोभालाई राति अबेला भएको अनुभव हुन छोड्यो र बिहान रेडियोबाट अनेक नेपाली गीत, भजन र प्राकृतिक सौन्दर्यका बयान र समाचारहरू पछि चिया खाँदै नयाँ बिहानीलाई स्वागत गर्थ्यौं ।

## सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालबिवाह, मानव वेचविखन र छुवाछुतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउने अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,
- निजी प्रकृतिका फोटो भिडियो अनुमति वेगर छायांकन, प्रकाशन तथा प्रसारण नगरौं,
- अश्लिल शव्द तस्विर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रसारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापारलगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विभत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं।

नेपाल सरकार

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३